महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ प्रदेश नं. ५



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७
प्रदेश नं. ५



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

प्रदेश नं. ५


रुकुम पुर्व
बर्दिया
रोल्पा
बाँके
दाङ
प्यूठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रूपन्देही
नवलपरासी
पश्चिम

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौँ
नेपाल

पत्र संख्या : २०७६।७७
च.नं.: ६५

मिति : २०७७।०३।३१

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. ५, बुटवल, रुपन्देही ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. ५ को आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
प्रदेश सञ्चित कोष		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २:	**लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति**	४
परिच्छेद ३:	**मन्त्रालय र निकायगत व्यहोरा**	९
	१. प्रदेश सभा सचिवालय	९
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	११
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	१३
	४. आन्तरिक मामिला तथा कानून मन्त्रालय	२१
	५. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	२५
	६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२९
	७. भौतिक पूर्वाधार विकासमन्त्रालय	३४
	८. सामाजिक विकास मन्त्रालय	३९
	९. मुख्य न्यायाधिवक्ताको कार्यालय	४३
परिच्छेद ४:	**प्रतिवेदन कार्यान्वयनको स्थिति**	४४
परिच्छेद ५:	**सुधारका क्षेत्रहरु**	४५
	अनुसूचीहरु	४८
	तस्बिरहरु	६७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानूनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु तथा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षहरुसँग आवश्यक छलफल गरेको छु । छलफलबाट प्राप्त राय सुझाव एवं सूचना बमोजिम लेखापरीक्षणको गुणस्तरीयताको अभिवृद्धि गरी परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु ।

यस वर्ष प्रदेश अन्तरगतका निकायबाट कानूनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्वजनिक सम्पत्ति र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १५३ निकायको रु ३० अर्ब २८ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. ९४ करोड ६८ लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको ३.१३ प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानून निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम

गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद ऐनको पूर्णपालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ । प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ । सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. : ७२

मिति:२०७७।०३।३०

श्री, सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटबल, रुपन्देही ।

विषय : प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले प्रदेश ५ को सञ्चित कोषको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु (**अनुसूची-१३**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससंग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छ :-

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयहरुको लेखापरीक्षणबाट रु. ९४ करोड ६८ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रु. ३ करोड ६० लाख ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४८ करोड ३३ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. १० करोड ५० लाख २३ हजार र पेश्की बाँकी रु. ३२ करोड २३ लाख ५२ हजार हजार रहेको छ ।

३. प्रदेश सरकारको स्थिर सम्पत्ति मूल्याङ्कन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन ।

४. प्रदेश सरकारको लागि रु.६ अर्ब ८६ करोड ९७ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये खर्च भई बाँकी रहेको रकमको अध्यावधिक हिसाब नराखेकोले खर्चको यथार्थता एकिन भएको छैन ।

५. प्रदेश सरकारको लागि रु. ९ अर्ब ६९ करोड ३५ लाख सर्शत अनुदान, रु.६९ करोड समपूरक अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म सर्शत र समूपरक तर्फ रु.६ अर्ब ६६ करोड ५० लाख मात्र खर्च भएको छ । अर्थात अनुदान रकमको ६४.१८ प्रतिशत मात्र रकम खर्च भएको छ भने समपूरक अनुदान तर्फको रकम खर्च नभई संघीय सञ्चितकोषमा फिर्ता भएको छ ।

६. राजस्व बाँडफाँड अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्य अभिबृद्धि कर वापत रु. ५ अर्ब ४१ करोड ७२ लाख र अन्तशुल्क रु. १ अर्ब ६० करोड १२ लाख प्राप्त भएको देखिएको छ । प्राप्त हुनुपर्ने रकमको हिसाब राखेको छैन । त्यस्तै प्रदेश विभाज्य कोषमा प्राप्त भएको वन रोयल्टी र सवारी साधनको रु. ५८ करोड ४२ लाख बाँडफाँड गरे तापनि प्रदेशले प्राप्त गर्ने अन्य प्रकारको राजस्वको हिसाब राखेको छैन ।

७. प्रदेश र स्थानीय तह बीच बाँडफाँड हुने राजस्व जम्मा हुने गरी खडा गरिएको प्रदेश विभाज्य कोषको बेग्लै देखिने गरी हिसाब तयार गरेको देखिएन ।

८. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको सशर्त, समपूरक र बिशेष अनुदान मध्ये आषाढ मसान्त सम्म सम्बन्धीत स्थानीय तहमा खर्च नभै रु. ३ अर्ब ७१ करोड ८५ लाख फिर्ता गर्न बाँकी रहेको छ । उक्त रकम यथार्थमा खर्च नभै प्रदेश सरकारबाट स्थानान्तरण भै स्थानीय तहको खातामा मौज्दात रहेको तर प्रदेश सञ्चितकोषमा खर्च देखाएको छ ।

९. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमीकमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगर्त्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(राममाया कुँवर)
उप-महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालय समेत १३९ निकायको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालनमा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायि अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरीक समाज सम्बद्ध संस्था बीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १३ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

परिच्छेद – १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु. हजारमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम
१. प्रदेश कार्यालय	१३९	**२८८७८५६३**
२. अन्य संस्था तथा समिति	१४	१४०५१९०
जम्मा	**१५३**	**३०२८३७५३**

यो वर्ष प्रदेश मातहत १३९ सरकारी निकायको रु.२८ अर्ब ८७ करोड ८५ लाख ६३ हजार र समिति तथा अन्य संस्था १४ को रु. १ अर्ब ४० करोड ५१ लाख ९० हजार समेत रु. ३० अर्ब २८ करोड ३७ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरुको विवरण अनुसूची-१(क), २ र ४ मा उल्लेख छ ।

१. **सरकारी निकाय** – यो वर्ष १३९ प्रदेश कार्यालयको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ:

(रु. हजारमा)

क्र.सं.	कारोवार	जम्मा
१.	विनियोजन	१७०३४१२३
२.	राजस्व	१०१८६७९५
३.	धरौटी	१३५१८२४
४.	अन्य कारोवार	३०५८२१
जम्मा		**२८८७८५६३**

२. **समिति र अन्य संस्था** - यो वर्ष १४ समिति र अन्य संस्थाको रु. १ अर्ब ४० करोड ५१ लाख ९० हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची-४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद -३ को मन्त्रालय खण्डमा समावेश छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण विवरण अनुसूची - १ (क) र ३ मा उल्लेख छ ।

३. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषण सहितको विस्तृत लेखापरीक्षण र संक्षिप्त कार्यविधि अवलम्वन गरी सम्पन्न गरिएको छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. हजारमा)

शीर्षक/क्षेत्र	२०७५।७६ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु	९८१७६९७	६८६१२९६	६९.८९
पुँजीगत	१५५५३४८६	१०१७२८२७	६५.४१
जम्मा	**२५३७११८३**	**१७०३४१२३**	**६७.१४**

५. **खर्चको स्थिति** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पूँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको विवरण निम्नानुसार छ :

(रु. हजारमा)

सि. नं.	निकाय	वजेट रकम		यथार्थ खर्च रकम	
		चालु	पूँजिगत खर्च	चालु	पूँजिगत
१.	प्रदेश सभा सचिवालय	१९४१७६	१२२४०५	१४६४११	१०९१९४
२.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१०४९२	१००००	७०८८	८६००
३.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय	२५६०१२	१२९३००	२०२६४८	१०८१५८
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	२०३९३४७	५२५६४	१९२२५४२	३११४४
५.	आन्तरिक मामिला तथा कानून मन्त्रालय	२३०३३५	११४२२५	१५३७७४	९५५६७
६.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१९६४२३३	१४०८०२७	९५८०८९	७६५४४७
७.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२२१०४१३	१४४६८२७	१२५८३९२	७८१५८०
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	४९९१८९	११२४२३२६	३६९२८३	७४६९९९६
९.	सामाजिक विकास मन्त्रालय	२४१३४९९	१०२७८१२	१८४३०६९	८०३१४१
जम्मा		**९८१७६९६**	**१५५५३४८६**	**६८६१२९६**	**१०१७२८२७**

६. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ :

(रु. हजारमा)

स्रोत	२०७५।७६ को रकम		अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	यथार्थ खर्च	
संघीय सरकार अनुदान	**१७२५३२००**	**११४५७१९३**	**६६.४१**
समानीकरण अनुदान	६८६९७००	४७९२१७०	६९.७६
शसर्त अनुदान	९६९३५००	६६१३२५७	६८.२२
बिशेष अनुदान	०	०	०.००
समपुरक अनुदान	६९००००	५१७६६	७.५०
प्रदेश सरकार	**९३९९९७७**	**५५७६९३०**	**५९.३३**
राजस्व बाडफाड	८१३९५२९	**५५७६९३०**	५९.३३
आन्तरिक स्रोत	१२०८५७४	०	०.००
आन्तरिक ऋण	०	०	०.००
गत बर्षको नगद	**५१८७४**	०	०.००
जम्मा	**२६६५३१७७**	**१७०३४१२३**	**६३.९१**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु. १७ अर्ब ३ करोड ४१ लाख २३ हजार मध्ये संघीय सरकारको अनुदानबाट ६६.४१ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५९.३३ प्रतिशत व्यहोरेको छ । उपलब्ध स्रोत बाट विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्यसम्पादन नतिजामा प्रभावकारिता आएको छैन ।

६.१. **राजस्व असुली –** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ । आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छ :

(रु. हजारमा)

शीर्षक	राजस्व संकेत	राजश्व असुली	असुली प्रतिशत
कर राजश्व	११०००	७०१८५१५	६८.९०
अन्य राजश्व	१४०००	१६५६८४९	१६.२६
बेरुजू	१५१००	५१८७४	०.५१
बाँडफाड हुने राजश्व	३३१००	१४५९५५७	१४.३३
जम्मा		**१०१८६७९५**	१००

आर्थिक बर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको रु. १० अर्ब १८ करोड ६७ लाख ९५ हजार मध्ये बाडँफाड गर्नुपर्ने प्रकृतिको रु.१ अर्ब ४५ करोड ९५ लाख ५७ हजार रहेको छ । प्रदेश सरकारले उक्त

बाडँफाड राजश्व मध्ये सवारी साधन कर वापत रु. ९९ करोड ८१ लाख ३३ हजार संकलन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरण अनुसार प्रदेश बिभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत रकम मात्र प्रदेश संचित कोषमा आम्दानी देखाएको छ ।

६.२. प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शूल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई तोक्ने व्यवस्था छ । प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा उल्लेख छ ।

७. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरण अनुसार स्थानीय तह बित्तीय हस्तान्तरण चालु तर्फ समानिकरण, सशर्त र समपुरकमा रु. १ अर्व ९५ करोड बजेट अनुमान गरेकोमा यथार्थ खर्च रु. १ अर्व ८७ करोड ९३ लाख ३७ हजार भएको एकमुष्ट विवरण पेश गरेको छ ।

८. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षण कार्यको सिलसिलामा २०७६।९।१० र ११ गते प्रदेश नं ५ का प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको बार्षिक लक्ष्य अनुसार आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने तर्फ भएको प्रयासका सन्दर्भमा छलफल भएको थियो । सोही अवसरमा प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन मार्फत सार्वजनिक सेवा प्रवाहको सुधार सम्बन्धमा महालेखापरीक्षकले सुझाव प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही सिलसिलामा जिल्ला समन्वय समितिका प्रमुख तथा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा रुपन्देही जिल्ला स्थित सबै स्थानीय तह, सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तन पश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादन स्थिति र बेरुजू फछ्यौंट सम्बन्धमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा ध्यानाकर्षण गराइएको थियो ।

परिच्छेद – २
लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय अन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजू फछ्यौंट गर्नुपर्ने रकम देहायअनुसार रु.९४ करोड ७३ लाख ७२ हजार रहेको छ:

(रु. हजारमा)

क्र.सं.	विवरण	गत वर्ष	यस वर्ष	जम्मा रकम
१	प्रदेश कार्यालयको बेरुजू	५०८	८५४३६९	८५४८७७
२	अन्य संस्था तथा समिति	०	९२४६५	९२४६५
	जम्मा	**५०८**	**९४६८३४**	**९४७३४२**

२. **बेरुजू वर्गीकरण** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू अङ्क निम्नानुसार छ:

(रु. हजारमा)

बर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा बेरुजू	कूल वेरुजूको प्रतिशत
जम्मा बेरुजू	**८५४३६९**	**९२४६५**	**९४६८३४**	**१००**
१. असूल गर्नुपर्ने	२६४८४	९५९४	३६०७८	३.८१
२. नियमित गर्नुपर्ने	**५४४४१२**	**४३९९२**	**५८८४०४**	**६२.१४**
अनियमित भएको	६८४८९	३६५३४	१०५०२३	११.०९
प्रमाण कागजात पेस नभएको	४७५९२३	७४५८	४८३३८१	५१.०५
३. पेस्की	**२८३४७३**	**३८८७९**	**३२२३५२**	**३४.०४**
कर्मचारी पेस्की	१८७४	१०४५	२९१९	०.३१
मोबिलाइजेसन पेस्की	२८१५९९	३७८३४	३१९४३३	३३.७३

बेरुजू बर्गीकरणको विवरण **अनुसूची –९ र १०** मा छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्यौंट गर्ने र फछ्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७५।७६ को बेरुजू फछ्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची १२** मा समावेश गरिएको छ ।

२.२ प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समित समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू रकम				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	११२२९७३०	१६६२५	२०६६२१	२१९९०२	४४३१४८	४६.८०	३.९५
२.	सामाजिक विकास मन्त्रालय	४०९६७८८	११४२५	३३३८२७	८४५२९	४२९७८१	४५.३९	१०४९
३	उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय	२७०५८८१	५६३२	२७३२२	१७९२१	५०८७५	५.४	१.८८
४	अन्य मन्त्रालय/निकाय	१२२५१३५४	२३९६	२०६३४	०	२३०३०	२.४१	०.१९
जम्मा		**३०२८३७५३**	**३६०७८**	**५८८४०४**	**३२२३५२**	**९४६८३४**	**१००**	**३.१३**

२.३ यो वर्ष १३९ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ४० कार्यालय (२८.७७ प्रतिशत) मा लगती बेरुजू देखिएको छैन । त्यसैगरी समिति तथा अन्य संस्था १४ मध्ये ३ (२१.४२ प्रतिशत) कार्यालयमा लगती बेरुजू देखिएको छैन् ।

२.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितिको १ हजार ८१४ बेरुजु दफा मध्ये प्रतिक्रियाबाट ४७ दफा फछ्यौंट भई १ हजार ७६७ दफा बेरुजू देखिएकोमा १ हजार ३५२ दफा सैद्धान्तिक र ४१५ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ सरकारी कार्यालय तर्फ यो वर्ष रु.२८ करोड ३४ लाख ७३ हजार पेश्की बाँकी रहेको छ । उक्त पेश्की मध्ये कर्मचारी तर्फ रु. १८ लाख ७४ हजार, मोविलाईजेशन र संस्थागत तर्फ रु.२८ करोड १५ लाख ९९ हजार छ । त्यस्तै, संस्था र समिति तर्फ यो वर्ष रु. ३ करोड ८८ लाख ७९ हजार पेश्की बांकी रहेको छ । उक्त पेश्की मध्ये कर्मचारी तर्फ रु. १० लाख ४५ हजार, मोविलाईजेशन र संस्थागत तर्फ रु. ३ करोड ७८ लाख ३४ हजार छ । यस सम्बन्धि विवरण **अनुसूची-५** मा उल्लेख छ ।

२.६ सरकारी कार्यालय र समिति तथा अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.१२ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २ लाख ४२ हजार समेत रु. १४ लाख ४२ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-६** मा उल्लेख छ ।

२.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ६ निकायको अग्रिम कर कट्टी गरी असुल गर्नुपर्ने रु.१ लाख २० हजार रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

२.८ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	पेस्कीबाहेकको बेरुजू	पेस्की बाहेकको बेरुजू प्रतिशत
पहिलो, २०७५	२०३५४०	५०८	०.२५	५६	०.०३
दोस्रो, २०७७	३०२८३७५३	९४६८३४	३.१३	६२४४८२	२.०६

लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

३. **आर्थिक कार्यविधि नियमावली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अन्तर्गत भएतापनि आर्थिक कार्यविधि नियमावली तयार भएको छैन । प्रदेश आर्थिक कार्यविधि ऐनको ६४ दफा मध्ये विभिन्न ३४ दफामा तोकिए वमोजिम हुने उल्लेख छ । नियमावली तयार नभएकोले आर्थिक कार्यविधि ऐनको उद्देश्य हासिल गर्न कठिनाई देखिएकोले प्रदेश आर्थिक कार्यविधि नियमावली तर्जुमा गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

५. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारवाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत बिवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

६. **संघीय र प्रदेश कानून -** मन्त्रालयहरुले संघीय कानूनसंग नवाझिने गरी ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गर्नुपर्दछ । तर संघीय आर्थिक कार्यविधि ऐन, २०५५ तथा प्रदेशले बनाएको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को राजश्व आम्दानी दाखिला ढिला गरेमा लाग्ने जरिवानाको व्यवस्था बाझिएको देखियो । त्यस्तै संघीय सरकारको अर्थ मन्त्रालयले बनाएको कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ र प्रदेश सरकारले बनाएको खर्च मितव्ययिता कार्यविधि, २०७५ को भत्ता सुविधा सम्बन्धि व्यवस्था समेत बाझिएको देखियो । यसबाट प्रदेशस्तरका कार्यालयहरु तथा स्थानीय तहमा उल्लिखित कानून कार्यान्वयनमा द्विविधा उत्पन्न भएकोले यसमा सुधार गर्नुपर्दछ ।

७. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा रु. १० लाख भन्दा बढीको खरिद कार्य गर्नुपरेमा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका ४ मन्त्रालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय र प्रदेश सभा सचिवालयले बार्षिक खरिद योजना बेगर रु. २० करोड ७६ लाख ९९ हजारका फर्निचर, मेशिनरी, औजार र सवारी साधन खरिद गरेको छ । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

८. **सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु. २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । प्रदेश अन्तर्गतका ३ मन्त्रालय र १ सचिवालयले पटक पटक गरी रु. २ करोड ३ लाख ७७ हजारका फर्निचर, कम्प्यूटर लगायतका सामान सोझै खरिद गरेको देखिएकोले खरिद कार्यलाई मितव्ययी र पारदर्शी बनाउन ऐन तथा नियमको व्यवस्था बमोजिम प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ ।

९. **मार्गदर्शन कार्यान्वयन –** मन्त्रिपरिषद्वाट २०७५/१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्ष फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सवारी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाउनु पर्ने उल्लेख छ । प्रदेश सरकारले सरकारी खर्चमा मितव्ययिता ल्याउन मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **आन्तरिक लेखापरीक्षण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गरिने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यकता अनुसार नियमित गराई , प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल गरी बेरुजू सम्परीक्षण गराई

राख्नुपर्ने कानूनी व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी औँल्याइएका बेरुजूहरुमा कानुनमा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण अगावै बेरुजू सम्परीक्षण गराएको अवस्था छैन । आन्तरिक लेखापरीक्षणमा उल्लेख गरिएको बेरुजूहरु अन्तिम लेखापरीक्षणमा समेत उल्लेख गर्नुपर्ने अवस्था छ । कानूनमा भएको व्यवस्था बमोजिम प्रदेश अन्तर्गतका सबै कार्यालयहरुले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु फछ्यौंट गरी कानूनको अनुसरण गर्नुपर्दछ ।

११. **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि ४८ कानुन पारित भएको, प्रदेश अन्तर्गतका निकायमा स्वीकृत दरबन्दी मध्ये विभिन्न पदहरु रिक्त रहको, मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेकोलगायतको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमतावृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

१२. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समितिबाट गराउने साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका २ कार्यालयहरुले ३ उपभोक्ता समितिबाट गराएको नदी नियन्त्रण तथा मेन क्यानल रिसेपिङ कार्यमा रु. २ करोड ५४ लाख ५७ हजारको लागत अनुमान तयार गर्दा इकाइगत रुपमा लागतमा उपभोक्ता समितिको योगदान खुलाएको छैन । नियमले गरेको व्यवस्था बमोजिम प्रत्येक ईकाईमा उपभोक्ताको अंश खुल्ने गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

१३. **प्रगति समीक्षा-** चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयहरुले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजिगत तर्फका कार्यक्रममा खर्च गरेको अवस्था छ । गहन महत्वका वार्षिक कार्यक्रम सम्पादन हुन नसकेको अवस्था पनि विद्यमान छ । वार्षिक कार्यक्रमको आधारमा प्रगति प्रतिवेदन नवनाएको कारण सोको समीक्षा गरेको पाईएन । परिमाण र लागतको आधारमा प्रगतिको समीक्षा गर्ने व्यवस्था हुनुपर्दछ ।

१४. **बजेट तथा कार्यक्रमको मूल्यांकन -** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्था मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयले अर्धवार्षिक वा वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन गरी यथार्थ नतिजाको विवरण तयार गर्नुपर्नेमा गरेको देखिएन । बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गर्ने व्यवस्था तोकिएको समयमा गर्नुपर्दछ ।

१५. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्ने व्यवस्था रहेकोमा सो अवलम्बन गरी कार्यान्वयनमा ल्याएको देखिएन । वित्तीय प्रतिवेदनहरु सार्वजनिकीकरण गर्नुपर्दछ ।

१६. **बजेट सीमा र मार्गदर्शन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेट अनुकूलन हुने गरी तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याईपरक हुनुपर्ने देखिन्छ । साथै बजेट तर्जुमा गर्दा नै दीगो विकास लक्ष्यसँग समन्वय समेत गर्नुपर्दछ ।

१७. **केन्द्रीय आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश मन्त्रालयले विनियोजन, राजश्व, धरौटी, सम्पत्ति र दायित्वको मातहत कार्यालयबाट विवरण लिई एकीकृत केन्द्रीय आर्थिक विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाएका छैनन् । कार्यालयहरुबाट प्राप्त गरेका प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खातावाट प्राप्त गरेको तथ्यांकको आधारमा आर्थिक विवरण तयार गरेकोले मन्त्रालयगत दायित्व र सम्पत्ति भिडान नभएको अवस्था छ । मन्त्रालयले वार्षिक रुपमा तयार गरी पेश गर्ने वित्तीय विवरण तयार नगर्ने स्थितिले प्रतिवेदन प्रणालीमा जवाफदेहिता लिएको पाईएन । स्थानीय तह अन्य सरकारी एवं गैर सरकारी निकायहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेबाट पेश गरेको आर्थिक विवरणले यथार्थ खर्च खुलासा गरेको छैन । ऐनको पालना गर्नुपर्दछ ।

परिच्छेद-३
मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि प्रदेश सभाको गठन भएको देखिन्छ । प्रदेश संसदको काम कारवाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ ।

यो वर्ष विनियोजन तर्फ रु. २५ करोड ५६ लाख ५ हजार, राजश्व तर्फ रु. १ लाख १४ हजार र धरौटी तर्फ रु. १३ लाख ८१ हजार समेत रु. २५ करोड ७१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । सचिवालयको पूँजीगत बजेट उपशीर्षकमा रु. १० करोड ९१ लाख ९४ हजार खर्च भएकोमा वार्षिक खरिद योजना तयार गरेको देखिएन । वार्षिक खरिद योजना तयार गरी खर्च गर्नुपर्दछ ।

२. **रकमान्तर-** प्रदेश विनियोजन ऐन, २०७५ को दफा ३ मा निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सो शीर्षकको १० प्रतिशत सम्म रकमान्तर गर्न सक्ने उल्लेख छ । सचिवालयले पूंजिगत शीर्षकमा शुरु विनियोजन रु. ५ करोड रहेकोमा रु. ७ करोड २४ लाख ५ हजार अर्थात् १४४.८१ प्रतिशत थप गरेको छ । त्यसै गरी सवारी साधन बजेट रकममा शुरु विनियोजन रु. २ करोड ९० लाख रहेकोमा रु. ६ करोड ६६ लाख अर्थात् २२९.६५ प्रतिशत थप गरेको छ । प्रदेश विनियोजन ऐनको सीमा भित्र रही रकमान्तर गर्नुपर्दछ ।

३. **सोझै खरिद -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) तथा नियमावली, २०६४ को नियम ३१(१) विपरित प्रदेश सभा सचिवालयले रु. ६२ लाख १६ हजारका फर्निचर्स तथा फिक्चर्स प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ । ऐन तथा नियमावलीको व्यवस्था अनुसार सार्वजनिक बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

४. **जिन्सी सामानको मूल्य -** आर्थिक कार्यविधि नियमावली, २०७४ को दफा ४८ मा कार्यालयमा रहेको वा खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । सचिवालयलाई विभिन्न कार्यालयबाट पाँच सवारी साधन हस्तान्तरण भई प्राप्त भएकोमा जिन्सी खातामा आम्दानी बाँध्दा मूल्य खुलाएको छैन । नियमानुसार जिन्सी सामानको मूल्य खुलाई जिन्सी आम्दानी बाँध्नु पर्दछ ।

५. **सवारी साधन खरिद -** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ को बुँदा ९ मा सभामुख, उपसभामुख, मन्त्री र मन्त्री स्तर तथा प्रमुख सचिवले रु.७५ लाखसम्म र सचिवले रु.६० लाखसम्मको जीप प्रयोग गर्न पाउने व्यवस्था छ । सचिवालयले यो वर्ष ११ टाटा स्ट्रोम जीप प्रति इकाइ रु. ६८ लाख ५५ हजारका दरले रु. ७ करोड ५४ लाख ५ हजार, महिन्द्रा स्कारपियो पिक अप थान १ को रु ३५ लाख ८५ हजार र निशान टेरानो एक्स भी थान १ को रु. ५३ लाख ९५ हजार समेत १३ सवारी साधन खरिद गरी रु. ८ करोड ४३ लाख ८५ हजार खर्च लेखेको छ । खर्चको मापदण्ड र कार्यविधिको पालना हुनुपर्दछ ।

६. **समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन

मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि देहायवमोजिमको कार्यक्षेत्र रहने गरी समिति गठनको व्यवस्था रहेको छ :

क्र.स.	विषयगत समितिको नाम	कार्यक्षेत्र	आ.व. २०७५/७६ मा बैठक संख्या
१	सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा सम्बन्धी विषय र प्रदेशिक संवैधानिक निकाय तथा आयोगका प्रतिवेदन	३६
२.	अर्थ, उद्योग तथा पर्यटन समिति	आवधिक तथा क्षेत्रगत योजना, कर, बीमा, वित्तीय संस्था, खानी तथा खनिज, उद्योग, पर्यटन एवं आर्थिक मामिला तथा योजना मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धी ।	१८
३.	भौतिक पूर्वाधार तथा विकास समिति	उर्जा, विद्युत, सिंचाई, खानेपानी, यातायात एवं भौतिक पूर्वाधार विकास मन्त्रालय सम्बन्धी ।	१२
४.	प्रदेश मामिला तथा कानून समिति	शासन व्यवस्था, मानव अधिकार, सुशासन, कानून, न्याय, प्रत्यायोजित अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था, प्रदेश प्रहरी, विपद व्यवस्थापन एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धी ।	२९
५.	सामाजिक विकास समिति	शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, श्रम, रोजगार, समाज कल्याण एवं सामाजिक विकास मन्त्रालय सम्बन्धी ।	१८
६.	कृषि, वन तथा वातावरण समिति	कृषि, पशुपालन, खाद्य सुरक्षा, सहकारी एवं भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धी ।	२६
७.	विशेषाधिकार समिति	प्रदेश सभा र प्रदेश सभा सदस्यको विशेषाधिकार हनन भएको अवस्थामा जाँचबुझ गरी प्रतिवेदन दिने सम्बन्धी	३
जम्मा			**१४२**

प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि यो बर्ष १४२ बैठक बसी विभिन्न निर्णय गरेको भएतापनि निर्देशन वा राय सल्लाहको कार्यान्वयनको अभिलेख राखी अनुगमन नगरेकोले सोमा सुधार हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष फछ्यौंट गर्नुपर्ने रु. ५ हजार लगती बेरुजु रहेको छ । यस सम्बन्धि विवरण **अनुसूची-९** मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३१ करोड ८ लाख ६ हजार, राजस्व रु. १ लाख ९३ हजार र धरौटी रु. ९ लाख समेत रु.३१ करोड १८ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आयोग स्थापना र संचालन -** आर्थिक बर्ष २०७४/०७५ मा प्रदेश योजना आयोग र कानून मस्यौदा तथा सुझाव आयोगको स्थापना भएकोमा २०७६/७७ देखि प्रदेश योजना आयोगको छुट्टै निकायको रुपमा आर्थिक कारोवार तथा बजेट संचालन भएको छ । साथै कानून मस्यौदा तथा सुझाव आयोग बोझिलो भएकोले २०७६ आषाढ मसान्त सम्म सुचारु रहेकोमा तत्पश्चात खारेज गरेको जनाएको छ । त्यस्तै २०७६/७७ मा प्रदेश लोकसेवा आयोगको स्थापना भएतापनि कानूनी व्यवस्था भई नसकेकोले कर्मचारी भर्ना सिफारिस सम्बन्धी कार्य सुचारु भएको छैन । कानूनी व्यवस्था मिलाई कर्मचारी भर्ना तथा सिफारिश सम्बन्धी कार्य सुचारु गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरुबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियनत्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने तथा दफा ३१ अनुसार आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन २०७४।१२।१९ मा प्रमाणीकरण भएकोले २०७५।१२।१९ सम्म बनाउनु पर्ने आन्तरिक नियन्त्रण प्रणाली हालसम्म बनाएको देखिएन भने आन्तरिक नियन्त्रण समिति पनि गठन भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याई कार्यसन्चालन प्रभावकारी बनाउनुपर्दछ ।

३. **व्यवस्थापन परीक्षण:-** प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरिएको हुनुपर्दछ । तर कार्यालयले व्यवस्थापन परीक्षणको प्रकृया अवलम्बन गरेको देखिएन । अत: कार्यालयले प्रदेश स्तरका सरकारी निकाय तथा स्थानीयतहहरु समेतको व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकारबाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

५. **आर्थिक सहायता -** प्रदेश मन्त्रिपरिषद्को २०७५।१२।२१ को निर्णय अनुसार प्रदेश सभाका एक सदस्यलाई रु ५ लाखसम्म उपचारार्थ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको देखियो । त्यसैगरी २०७५।१०।२९ को निर्णयले एक प्रदेश सभा सदस्यलाई विपद् व्यवस्थापन कोषबाट मेडिसिटी अस्पतालमा उपचारार्थ अग्रिम धरौटी राख्न रु १० लाख खर्च लेख्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई स्वीकृति दिएको देखियो । आर्थिक सहायता वितरण सम्बन्धमा कार्यविधि तथा मापदण्ड स्वीकृत गरेको छैन । आर्थिक सहायतालाई व्यबस्थित र पारदर्शी बनाउन कार्यविधि बनाई लागु गर्नुपर्दछ ।

६. **संघीय र प्रदेश कानून -** मन्त्रालयहरुले संघीय कानून संग नवाझिने गरी ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गर्नुपर्दछ । तर संघीय आर्थिक कार्यविधि ऐन, २०५५ ले प्रदेशले बनाएको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को राजश्व आम्दानी दाखिला ढिला गरे जरिवानाको व्यवस्था बाझिएको देखियो । त्यस्तै संघीय सरकारको अर्थ मन्त्रालयले बनाएको कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ र प्रदेश सरकारले बनाएको

खर्च मितव्ययिता कार्यविधि, २०७५ को भत्ता सुविधा सम्बन्धि व्यवस्था समेत बाझिएको देखियो । यसबाट प्रदेशस्तरका कार्यालयहरु तथा स्थानीय तहमा उल्लिखित कानून कार्यान्वयनमा द्विविधा उत्पन्न भएकोले यसमा सुधार गर्नुपर्दछ ।

७. **सुविधा तथा मापदण्ड -** सरकारले स्थानीय तहका पदाधिकारीको भत्ता तथा सुविधा सम्बन्धी कानून तर्जुमा गरेको भएतापनि कार्यालय व्यवस्थापन र कर्मचारीको सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण गरेको छैन । कर्मचारीहरुको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले संघीय कानूनसंग बाझिने गरी कर्मचारीहरुलाई १५ देखि १०० प्रतिशतसम्म प्रोत्साहन भत्ता, इन्धन भत्ता, संचार भत्ता, फिल्ड भत्ता, परिषद भत्ता, खाना भत्ता, अतिरिक्त समय भत्ता यातायात भत्तासमेत विभिन्न किसिमका भत्ता दिने तथा पदाधिकारीहरु स्वयंमले निर्णय गरी पोशाक भत्ता, संचार भत्ता, इन्धन भत्ता आदि लिने गरेकोले स्थानीय तहको सेवा सुविधामा विविधता देखिएको छ । अतः कार्यालयले गाउँपालिका तथा नगरपालिकाका कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गरी स्थानीय तहको कर्मचारी तथा कार्यालय व्यवस्थापन र आर्थिक प्रशासनलाई पारदर्शी, व्यवस्थित, मितव्ययी र विधिसम्मत बनाउनु पर्दछ ।

८. **नीति कार्यान्वयन - प्र**देश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(४) अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांङ्कन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई तोकेको छ । २०७५।७६ को नीति तथा कार्यक्रममा प्रदेश निजामती सेवा ऐन नियम तथा पाठ्यक्रम निर्माण, सुशासन कायम गर्न आवश्यक आचारसंहिता तथा मापदण्ड निर्माण, प्रदेश सरकारका लागि आवश्यक प्रशासनिक संरचना निर्माण, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, प्रदेश स्तरमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिकालागि प्रदेश स्तरीय तालीम केन्द्र स्थापना र संचालन, नीति निर्माण र योजना तर्जुमा, प्रदेशको सामाजिक क्षेत्रमा अनुसन्धान तथा कार्य संचालन तथा प्रदेश स्तरको समग्र प्रोफाईल निर्माण गर्ने उल्लेख छ । यो वर्ष संघीय निजामती सेवा ऐन तर्जुमा चरणमा रहेकोले प्रदेशको ऐन बनाउन बाँकी रहेको, सुशासन (संचालन तथा व्यवस्थापन) ऐन तर्जुमा गर्ने क्रममा विधेयकको मस्यौदा मात्र तयार भएको, प्रदेश सरकारबाट मन्त्रालयस्तरको एक चरण संगठन तथा व्यवस्थापन सर्भेक्षण गरिएको, समायोजन पश्चात समग्र प्रदेश संरचनाहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मन्त्रालय सहित १५३ कार्यालयहरु स्थापना भएका, कार्यक्रम संचालन कार्यविधि पारित भएको र १२ जिल्लाका लागि सहजकर्ता नियुक्ति गरेको, संचालनमा रहेका ३५ गाउँपालिकामा कार्यक्रम छनौट तथा स्वीकृत भई कार्यान्वयन प्रक्रियामा रहेको, ग्रामीण विकास प्रशिक्षण केन्द्र बांकेलाई प्रदेश स्तरीय तालीम केन्द्रमा रुपान्तरण गर्न सो को मर्मत संभार भई रहेको, आवधिक योजनाको आधारपत्र तयार भई प्रदेश सरकारबाट स्वीकृत भएको, प्रदेशमा प्राविधिक शिक्षाको वर्तमान अवस्था र भावी संम्भाव्यताका बारेमा एक सरकारी क्याम्पस संग परामर्श सम्झौता गरी अध्ययन भई रहेको, प्रदेश प्रोफाईलको प्रकाशन भएको उल्लेख छ । नीति तथा कार्यक्रममा उल्लेखित कार्य सम्पादन गरी नियमित अनुगमन तथा मूल्यांकन गर्नुपर्दछ ।

९. **सेवाग्राही सन्तुष्टी -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(२२) अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख छ । कार्यालयले यो बर्ष लुम्बिनी प्रादेशिक अस्पताल र यातायात व्यवस्था कार्यालय चालक अनुमतिपत्र कार्यालयको सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुको सन्तुष्टीको अध्ययन गरेको र अध्ययन प्रतिवेदनमा सेवाग्राहीको सेवा प्रवाह प्रभावकारी हुन नसकेको उल्लेख भएतापनि पृष्ठपोषणको व्यवस्था गरी सुधार भएको सुनिश्चितता गर्ने संयन्त्र बनाएको देखिएन । सुधारको सुनिश्चितता गर्नुपर्दछ ।

१०. **बेरुजू स्थिति –** कार्यालयको लेखापरीक्षणबाट फछ्यौंट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची -९** मा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, सार्वजनिक खर्चको प्राथमिकीकरण, आर्थिक विकासमा सार्वजनिक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धि नीति, मापदण्ड बनाउने, न्यायमा आधारित योजना कार्यान्वयनमा जोड दिने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष मन्त्रालय र अन्तर्गत १ निकायको लागि विनियोजन रु. १ अर्ब ९५ करोड ३६ लाख ८६ हजार र राजस्व रु.७ अर्ब ३९ करोड ७८ लाख १२ हजार समेत रु. ९ अर्ब ३५ करोड १४ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ;

१. **राजस्व अनुमान र असूली -** प्रदेश सरकारले यो वर्ष रु. १० अर्ब ९५ करोड ३ लाख राजस्व असूली गर्ने लक्ष्य निर्धारण गरेकोमा संघीय सरकारबाट वाँडफाँड भई प्राप्त भएको रु. ७ अर्ब १ करोड ८५ लाख १५ हजार, कर राजस्वबाट रु. १ अर्ब ६५ करोड ६८ लाख ५० हजार, गैरकर राजस्वबाट रु. १ अर्ब ४५ करोड ९५ लाख ५७ हजार र वेरुजू दाखिलाबाट रु. ५ करोड १८ लाख ७३ हजार समेत रु. १० अर्ब १८ करोड ६७ लाख ९५ हजार राजस्व असूल भएको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको छ । राजस्व असूली अनुमानको ९३.०२ प्रतिशत रहेको छ ।

२. **प्रदेश विभाज्य कोष -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश विभाज्य कोषमा रु. १ अर्ब ६६ करोड ३५ लाख ५५ हजार आम्दानी भएको मध्ये प्रदेश संचित कोषमा रु. ९० करोड २३ लाख ९१ हजार र स्थानीय संचित कोषमा रु. ६० करोड १५ लाख ९४ हजार समेत रु. १ अर्ब ५० करोड ३९ लाख ८५ हजार दाखिला भई रु. १५ करोड ९५ लाख ७० हजार दाखिला हुन वाँकी देखिन्छ । सो दाखिला गर्न वाँकी रकम २०७६।७७ मा वाँडफाँड स्वीकृत गरी प्रदेश संचित कोष र स्थानीय संचित कोषमा ट्रान्सफर गरेको विवरण प्राप्त भएकोछ ।

३. **संघीय अनुदान -** मुख्यमन्त्री तथा अर्थमन्त्रीबाट प्रस्तुत बजेट वक्तव्यमा संघीय सरकारबाट प्राप्त हुने अनुदान मध्ये वित्तीय समानीकरण अनुदान रु. ६ अर्ब ८६ करोड ९७ लाख, सर्शत अनुदान रु. ९ अर्ब ६७ करोड ३ लाख, समपूरक अनुदान रु ६९ करोड समेत अन्य अनुदान रु. १७ अर्ब २३ करोड अनुमान गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार वित्तीय समानीकरण अनुदान रु. ६ अर्ब ८६ करोड ९७ लाख, सशर्त अनुदान रु. ९ अर्ब ६९ करोड ३५ लाख, समपूरक अनुदान रु. ६९ करोड समेत जम्मा रु. १७ अर्ब २५ करोड ३२ लाख (१००.१३ प्रतिशत) प्राप्त भएको देखिन्छ । सर्शत अनुदानमा रु. २ करोड ३२ लाख वढी प्राप्त भएको छ ।

४. **सवारी साधन खरिद -** वजेट वक्यव्यको अनुसूची-४ मा आन्तरिक नगदवाट रु. २२ करोड ७४ लाख ५० हजार र अन्तर सरकारी अनुदानवाट रु. १४ करोड ९२ लाख २५ हजार समेत जम्मा रु. ३७ करोड ६६ लाख ७५ हजार मूल्यका सवारी साधन खरिद गर्ने गरी व्यय अनुमान गरेको देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयवाट प्राप्त पूँजीगत खर्चको खर्च शीर्षकगत विवरण अनुसार रु. ३५ करोड ६६ लाख ३५ हजार मूल्यका सवारी साधनहरु खरिद भएको देखियो । त्यस्तै सवारी साधन मर्मतमा रु. ३ करोड ४३ लाख २ हजार र इन्धनमा रु. ३ करोड ७२ लाख २७ हजार खर्च गरेको विवरण प्राप्त भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि मात्र रु. १ करोड ३२ लाख १६ हजार मूल्यका ३ चारपाङग्रे सवारी साधन खरिद गरेको छ ।

५. **कार्यविधि विपरित अनुदान** - समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५(प्रथम संशोधन सहितको दफा ५ मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्रमहरुमा समपूरक अनुदान उपलब्ध नगराइने उल्लेख छ । मन्त्रालयवाट प्राप्त समपूरक आयोजनाको विवरण अनुसार मन्त्रालयले कार्यविधिको सीमा विपरित कञ्चन गाउँपालिकाको गरगरे चोकदेखि भौसाही सडक स्तरोन्नति, भूमिकास्थान नगरपालिकाको बाझाखर्क जोगिटारी सडक ग्राभेल, सन्धिखर्क नगरपालिकाको पल्लावारी दुवारा फुदवाङ मोटरबाटो, सन्धिखर्क नगरपालिकाको भरुङ्गखोला (सन्धिखर्क) वाङला खानेपानी स्तरोन्नति, तिलोत्तमा नगरपालिकाको लौसीखोला कानपारा सडक स्तरोन्नति, देवदह नगरपालिकाको यशोधरा वाल उद्यान, बंगलाचुली गाउँपालिकाको ठूलो कमिरेचौर दाङवाङ खानेपानी सप्लाई प्रोजेक्ट वंगलाचुली गाउँपालिका ३ र ४ खानेपानी आयोजना, खजुरा

गाउँपालिकाको खजुरा गा.पा वडा नं. २ बाबास्थान चोकदेखि वडा कार्यालय जाने सडक कालोपत्रे, ठाकुरबाबा नगरपालिकाको विपत आवास निर्माण (वन्यजन्तु पिडित तथा अति विपन्न दलित सिमान्तकृत), सुनवल नगरपालिकाको खरको छाना मुक्त अभियान, सुनवल नगरपालिकाको अटोभिलेज निर्माण तथा व्यवस्थापन (सडक तथा नाली निर्माण), स्वर्गद्वारी नगरपालिकाको सूचना प्रविधियुक्त पार्कको सभाहल निर्माण, रैनादेवी छहरा गाउँपालिकाको सडक सौर्यबत्ती कार्यक्रम, रैनादेवी छहरा गाउँपालिकाको खरको छाना विस्थापन कार्यक्रम लगायत रु. ५० लाखको सीमा भन्दा घटीका १०३ आयोजनामा रु. २४ करोड ३० लाख ९० हजार समपूरक अनुदान स्वीकृत गरेको देखियो । कार्यविधिको पालना गरी आयोजना स्वीकृत गरी खर्चको उपलब्धि हासिल गर्नुपर्दछ ।

६. **अनुदानको प्रगति विवरण** - समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानको एक चौथाईले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको भदौ १०, कार्तिक १०, माघ १० र वैशाख १० गते भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत चार किस्तामा उपलब्ध गराइने उल्लेख छ । त्यस्तै स्थानीय तहले असोज, पौष र चैत्र मसान्त भित्र अघिल्लो किस्ता वापत रकमको भौतिक र वित्तीय प्रगति सोही कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्ने र प्रगति उपलब्ध नगराएका स्थानीय तहलाई वाँकी किस्ताको रकम हस्तान्तरण नगरिने उल्लेख छ । तर स्थानीय तहले मन्त्रालयमा त्यस्तो प्रगति विवरण पठाएको पाइएन । कार्यविधिको पालना गरी स्थानीय तहवाट भौतिक र वित्तीय प्रगतिको आधारमा अनुदान उपलव्ध गराउनुपर्दछ ।

७. **वित्तीय तथा भौतिक प्रगति -** यो बर्ष मन्त्रालयको लागि रु.१० करोड १५ लाख ५० हजार बजेट विनियोजन भएकोमा रु.४ करोड ४८ लाख ४५ हजार (४४.१६ प्रतिशत) खर्च भएकोले वित्तीय प्रगति न्यून रहेको देखियो । निर्मित भवनको संरचनात्मक सुधारको लागि रु.५० लाख विनियोजन गरेकोमा सो कार्यक्रम सञ्चालन भएको देखिएन । कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी समिक्षा गर्नु पर्नेमा प्रगति विवरण तयार गरेको देखिएन । मन्त्रालयले वार्षिक प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ ।

८. **प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रवितेदनहरु सार्वजनिक गरेको पाईएन । प्रचलित कानुनको परिपालना गर्नुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभऐकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

१०. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली २०६४ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष रु. १ करोड ९२ लाख ६० हजारका फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार र सवारी साधन खरिद गरेकोमा खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी योजना अनुसार खरिद गर्नुपर्दछ ।

११. **सोझै खरिद -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) तथा नियमावली, २०६४ को नियम ३१(१) विपरित आर्थिक मामिला तथा योजना मन्त्रालयले रु. ४० लाख ७४ हजारका फर्निचर्स तथा फिक्चर्स प्रतिस्पर्धा बेगर खरिद गरेको छ । ऐन तथा नियमावलीको व्यवस्था अनुसार सार्वजनिक बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

१२. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकारवाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको

एकीकृत विवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

१३. **वार्षिक कार्य सम्पादन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९१ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार गरेको नदेखिएकोले सो प्रतिवेदन तयार गर्नुपर्दछ ।

१४. **एकीकृत सम्पत्ति विवरण -** प्रदेश सरकार (कार्य विभाजन नियमावली),२०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने रहेको छ । एकीकृत सम्पत्ति विवरण तयार गर्ने प्रयोजनको लागि सफ्टवेयर निर्माण गर्ने लक्ष्य भएता पनि सफ्टवेयर निर्माण नभएकोले प्रदेश स्थित सरकारी जग्गा, भवन, सवारी साधान, ल्यापटप तथा डेक्सटप कम्प्यूटर, फर्निचर लगायतका सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन । सरकारी सम्पत्ति संरक्षण, संभार तथा अनुगमनको लागि सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्दछ ।

१५. **आर्थिक विश्लेषण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, प्रदेश स्तरको आर्थिक नीतिको स्थायित्व र मूल्य स्थिरता सम्वन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखांकन र प्रतिवेदन, संघीय नीति अनुरुप सहवित्तीयकरण लगायतका कार्य जिम्मेवारी तोकिएको देखिन्छ । उल्लेखित कार्य गर्नको लागि विभिन्न प्रकारका तथ्यांक आवश्यक हुने र तथ्यांकीय कार्य गर्न प्रदेश स्तरमा तथ्यांक कार्यालय स्थापना भई नसकेको र संघीय सरकारको अधिकांश अनुदानमा प्रदेश सरकार निर्भर रहनु परेकोले मन्त्रालयले कार्य विभाजन नियमावलीमा उल्लेख भएका उल्लेखित जिम्मेवारी पूरा गरेको देखिएन । मन्त्रालयले कार्य विभाजन नियमावलीले सुम्पिएका जिम्मेवारी पूरा गर्नुपर्दछ ।

१६. **आर्थिक कार्यविधि नियमावली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ भएतापनि आर्थिक कार्यविधि नियमावली तयार भएको छैन । प्रदेश आर्थिक कार्यविधि ऐनको ६४ दफा मध्ये विभिन्न ३४ दफामा तोकिए वमोजिम हुने उल्लेख छ । नियमावली तयार नभएकोले आर्थिक कार्यविधि ऐनको उद्देश्य हासिल गर्न कठिनाई देखिएकोले प्रदेश आर्थिक कार्यविधि नियमावली तर्जुमा गर्नुपर्दछ ।

१७. **समपूरक अनुदान -** प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ मा प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । मन्त्रालयवाट प्राप्त विवरण अनुसार २०७५।७६ मा ११८ योजनाको लागि रु.३८ करोड ५२ लाख १४ हजार समपूरक अनुदान दिएको देखिन्छ । सो अनुदान सम्वन्धी देखिएका व्यहोरा निम्न छन :

१७.१. मन्त्रालयवाट प्राप्त विवरणमा समपूरक अनुदान प्रदान गरिने योजनाहरुमा प्रथम किस्तामा रु.५ करोड १२ लाख १० हजार, दोश्रो किस्तामा रु.१ करोड ९८ हजार र अन्तिम किस्तामा रु.३२ करोड ३९ लाख ६ हजार समेत जम्मा रु.३८ करोड ५२ लाख १४ हजार अनुदान प्रदान गरेको देखिन्छ । प्रदेश कोष नियन्त्रक कार्यालय बुटवलवाट प्राप्त विवरण अनुसार समपूरक अनुदानमा रु.५ करोड १७ लाख ६६ हजार निकासा/ खर्च लेखेकोले फरक परेको रु.३३ करोड ३४ लाख ४८ हजारको सम्वन्धमा स्पष्ट गर्नुपर्दछ ।

१७.२. पहिलो किस्तामा प्रदान गरेको अनुदानको भौतिक तथा वित्तीय प्रगतिको आधारमा दोश्रो किस्तामा र दोश्रो किस्तामा गएको अनुदानको भौतिक तथा वित्तीय प्रगतिको आधारमा तेश्रो किस्ता प्रदान गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले सम्वन्धित योजनाको भौतिक तथा वित्तीय प्रगति देखिने अभिलेख तयार गरेको देखिएन । भौतिक तथा वित्तीय प्रगति देखिने अभिलेख राख्नुपर्दछ ।

१७.३. मन्त्रालयले समपूरक अनुदान पाउने योजनाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा त्यस्तो प्रतिवेदन तयार गरेको छैन ।

१७.४. मन्त्रालयले समपूरक अनुदान प्रदान गर्ने ११८ योजना मध्ये ९० प्रतिशत भन्दा बढी योजनालाई अनुदान दिने निर्णय २०७६।३।२५ देखि २०७६।३।३१ सम्म गरेको देखियो । आर्थिक वर्षको अन्ततिर अनुदान दिने निर्णय गर्दा योजना कार्यान्वयन गर्न समय नपुग्ने भई अनुदान खर्च नहुँदा प्रदेश सरकारलाई नै फिर्ता गर्नुपर्ने र हतार हतारमा कार्य गर्नुपर्दा गुणस्तर नियन्त्रण गर्न कठिनाई हुने भएकोले समयमै अनुदान दिने निर्णय गर्नुपर्दछ ।

१८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अर्न्तगतको वजेट उप-शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा सो भन्दा वढी अनुदान संकेत अर्न्तगतको उप-शीर्षकमा वचत हुने रकम मध्येवाट ऐनमा तोकिएको सीमा भित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष रकमान्तर रकमको अभिलेख राखेको छैन ।

१९. **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन -** मन्त्रालयमा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । प्राप्त दरवन्दी विवरण अनुसार कार्यालयमा विभिन्न तह गरी कुल ४५ पदको दरवन्दी रहेकोमा असार मसान्तसम्म करार ४ समेत २७ पदपूर्ति भई १८ पद रिक्त भएको देखिन्छ ।

२०. **बजेट सीमा र मार्गदर्शन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेट अनुकूलन हुने गरी तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याईपरक हुनुपर्ने देखिन्छ । साथै बजेट तर्जुमा गर्दा नै दीगो विकास लक्ष्यसँग समन्वयन समेत गर्नुपर्दछ ।

२१. **बजेट तथा कार्यक्रमको मूल्यांकन -** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्था मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयले अर्धवार्षिक वा वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त **भएको** समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन गरी यथार्थ नतिजाको विवरण तयार गर्नुपर्नेमा गरेको देखएन । बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गर्ने व्यवस्था तोकिएको समयमा गर्नुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश लेखा नियन्त्रक कार्यालयले विभिन्न निकायहरुसँग समन्वय गरी प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा सोको एकीकृत बार्षिक वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु गर्दछ । प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, आय-व्ययको अभिलेख राख्ने, प्रदेश सरकारका मन्त्रालय र सो अन्तर्गतका निकायहरुको आर्थिक प्रशासनको संचालन सम्वन्धमा निर्देशन दिने, आन्तरिक लेखापरीक्षण गर्ने गराउने कार्यहरु समेत सम्पादन गर्दछ ।

२२. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रकको कार्यालयले रु. १ करोड १४ लाख ३६ हजारका फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार लगायतका मालसमान खरिद गरेकोमा खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी योजना अनुसार खरिद गर्नुपर्दछ ।

२३. **प्रदेश संचित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको संचित कोषको एकीकृत लेखा तयार गरी राख्नुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण तयार गरी पेश गरेको छ । सो संचित कोषको सारांश देहाय अनुसार रहेको छ ।

(रु. हजारमा)

(क) प्राप्ती	**रकम**
१.गत वर्षको मौज्दात जिम्मेवारी	८२९८४२
२.राजस्व तथा अनुदान	
२.१. कर राजस्व	७०१८५१५
२.२. अन्य राजस्व	३११६४०७
२.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू	५१८७४
२.४.समानीकरण अनुदान	६८६९७००
२.५. समपूरक अनुदान	६९००००
२.६. सशर्त अनुदान	९६९३५००
२.७. विशेष अनुदान	०
३. वित्तीय व्यवस्था	
३.१. सोधभर्ना हुने गरी भएको खर्च	०
३.२. ऋण लगानी फिर्ता	०
३.३. शेयर विक्री	०
३.४.वैदेशिक ऋण प्राप्ति	०
४.अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	-३७१८४७७
५.चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात	-७५१७२३५
६.विगत आर्थिक वर्षको खुद मौज्दात	०
७.बैंकबाट भुक्तानी नभएको खर्च समायोजन	०
जम्मा प्राप्ति	**१७०३४१२६**
(ख) भुक्तानी	
१.चालु वर्षको भुक्तानी	
१.१.संचित कोष माथि व्ययभार हुने रकममा खर्च	०
१.२.विनियोजन ऐनद्वारा भएको खर्च (चालु)	६८६१२९७
१.३.विनियोजन ऐनद्वारा भएको खर्च (पूँजिगत)	१०१७२८२९
१.४ बैंक समायोजन	०
२. वित्तीय व्यवस्था भुक्तानी	
२.१.आन्तरिक ऋणको साँवा भुक्तानी	०
२.२.बाह्य ऋणको साँवा भुक्तानी	०
२.३. ऋण लगानी तथा शेयर लगानी	०
जम्मा भुक्तानी	**१७०३४१२६**

द्रष्टव्य - *खर्च रकम मध्ये रु. ७४ लाख ३५ हजारको चेक म्याद भित्र साटिएको छैन । मौज्दातमा संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु.३ अर्ब ७१ करोड ८४ लाख ७७ हजार समेत समावेश छ ।*

संचित कोषको लेखा परीक्षणवाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

२३.१. कार्यालयवाट पेश भएको आर्थिक विवरण अनुसार संघीय सरकारवाट प्राप्त अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रु.३ अर्व ७१ करोड ८४ लाख ७७ हजार देखिएकोमा संघीय संचित कोषवाट प्रदेश संचित कोषमा पठाउन वाँकी रु.५ लाख ८० हजार घटाई रु.३ अर्व ७१ करोड ७८ लाख ९७ हजार २०७६।१०।२२ संघीय राजश्व खातामा दाखिला भएको छ । फिर्ता गर्नुपर्ने रकम समयमै संघीय संचित कोष दाखिला गर्नुपर्दछ ।

२३.२. प्रदेश विनियोजन ऐन,२०७५ को दफा ३(१) अनुसार संचित कोषवाट अनुसूची- २ मा उल्लेख भएका निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने उल्लेख छ । त्यस्तो निकायगत विनियोजन जम्मा रु.२८ अर्व ८ करोड ५५ लाख रहेको व्यहोरा सो अनुसूची- २ वाट देखिन्छ । सो अंकलाई शुरु विनियोजन कायम गरी त्यसमा रकमान्तरवाट वढेको र घटेको समेत देखाई खुद वजेट देखाउनु पर्नेमा शुरु वजेटलाई नै संशोधन गरी एकीकृत आर्थिक विवरणमा शुरु वजेट कायम गरेको देखियो । विनियोजन ऐन अनुसार निकायगत शुरु विनियोजन र एकीकृत आर्थिक विवरणमा देखाएको शुरु विनियोजनको स्थिति देहाय अनुसार रहेको छ ।

चालु खर्च

सि. नं.	शीर्षकको नाम	विनियोजन ऐन वमोजिम शुरु वजेट	एकीकृत आर्थिक विवरणले देखाएको शुरु वजेट	फरक	फरक प्रतिशत
१.	प्रदेश व्यवस्थापिका	१५६२००	१९४१७६	३७९७६	२४.३१
२.	मुख्य न्यायाधिवक्ता	१००००	१०४९२	४९२	४.९२
३.	मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	३९३८५३	२५६०१२	(१३७८४१)	(३४.९९)
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय (स्थानीय तह वित्त हस्तान्तरण समेत)	१५८०५५०	२०३९३४७	४५८७९७	२९.०३
५.	आन्तरिक मामिला तथा कानून मन्त्रालय	२५१५००	२३०३३५	(२११६५)	(८.४२)
६.	उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय	९६५९२१	१९६४२३३	९९८३१२	१०३.३५
७.	भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय	१८५००००	२२१०४१३	३६०४१३	१९.४८
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	४५००००	४९९१८९	४९१८९	१०.९३
९.	सामाजिक विकास मन्त्रालय	१५५४९००	२४१३४९९	८५८५९९	५५.२१
	जम्मा :	**५,७१२,९२४**	**९८१७६९६**	**४१०४७७२**	**७१.८५**

पूँजीगत खर्च

सि. नं.	शीर्षकको नाम	विनियोजन ऐन वमोजिम शुरु वजेट	एकीकृत आर्थिक विवरणले देखाएको शुरु वजेट	फरक	फरक प्रतिशत
१.	प्रदेश व्यवस्थापिका	५००००	१२२४०५	७२४०५	१४४.८१
२.	मुख्य न्यायधिवक्ता	१००००	१००००	०	०
३.	मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय	१५५२००	१२९३००	(२५९००)	(१६.६८)
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	५१०००	५२५६४	१५६४	३.०६
५.	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३१००००	११४२२५	(१९५७७५)	(६३.१५)
६.	उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय	१०९७२६०	१४०८०२७	३१०७६७	२८.३२
७.	भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय	१३५००००	१४४६८२७	९६८२७	७.१७
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	६०४००००	११२४२३२६	५२०२३२६	८६.१३
९.	सामाजिक विकास मन्त्रालय	५१४६००	१०२७८१२	५१३२१२	९९.७३
	जम्मा :	९,५७८,०६०	१५,५५३,४८६	५९७५४२६	६२.३८

२३.३. आर्थिक मामिला तथा योजना मन्त्रालयको शुरु विनियोजित रकममा चालु खर्च तर्फ २९.०३ प्रतिशत बढेको देखिन्छ । त्यस्तै चालु तर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको शुरु विनियोजित बजेटमा ३४.९९ प्रतिशत घटेको छ ।

२३.४. प्रदेश सभाले पारित गरेको मन्त्रालयगत विनियोजन रकम भन्दा एकीकृत आर्थिक विवरणमा शुरु विनियोजित रकम बढाई वा घटाई आर्थिक विवरणमा देखाउने आधार स्पष्ट भएन ।

पूँजिगत खर्च तर्फ विनियोजन ऐन अनुसार प्रदेश व्यवस्थापिकाको रकममा १४४.८१ प्रतिशत बढेको देखिन्छ भने आन्तरिक मामिला तथा कानून मन्त्रालयको ६३.१५ प्रतिशत घटेको छ । यस सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

२४. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १७(१) मा रकमान्तर सम्बन्धि व्यवस्था छ । त्यस्तै प्रदेश विनियोजन ऐन,२०७५ को दफा ३(३) मा रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी सार्न सकिने उल्लेख छ । कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरणको रकमान्तर महलमा कुनै रकम देखाएको छैन । विनियोजन ऐनवाट खर्च गर्न स्वीकृत भएको मन्त्रालयगत रकम र एकीकृत आर्थिक विवरण अनुसार प्रत्येक मन्त्रालयले गरेको खर्च देहाय अनुसार छ :

(रु. हजारमा)

शीर्षकको नाम	विनियोजन ऐन अनुसार विनियोजित रकम	एकीकृत आर्थिक विवरण अनुसार यर्थात खर्च	विनियोजन ऐन भन्दा वढी खर्च	प्रतिशत
सामाजिक विकास मन्त्रालय(चालु खर्च)	१५५४९००	१८४३०६९	२८८१६९	८.५३
आर्थिक तथा योजना मन्त्रालय (चालु खर्च) (स्थानीय तह वित्त हस्तान्तरण समेत)	१५८०५५०	१९२२५४२	३४१९९२	२१.६४
प्रदेश व्यवस्थापिका(पूँजिगत खर्च)	५००००	१०९१९३	५९१९३	११८.३८
भौतिक पूर्वाधार विकास मन्त्रालय (पूँजिगत)	६०४००००	७४६९९९६	१४२९९९६	२३.६७

प्रदेश विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ ।

२५. **नदीजन्य पदार्थको राजश्व** - नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ दफा १२(२) मा नदीजन्य पदार्थको विक्रीवाट प्राप्त हुने शूल्कको दुई प्रतिशतले हुने रकम सम्वन्धित स्थानीय तहले अनुगमन र व्यवस्थापकीय कार्यका लागि जिल्ला समन्वय समितिलाई उपलव्ध गराउनु पर्ने र वाँकी रकम प्रदेश वित्त व्यवस्थापन ऐन वमोजिम सम्वन्धित स्थानीय तहले साठी प्रतिशत दाखिला गरी वाँकी चालीस प्रतिशत प्रदेश सरकार संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यस प्रदेशका १२ जिल्ला र १०९ स्थानीय तहमध्ये कुन कुन स्थानीय तहले नदीजन्य पदार्थको विक्रीवाट शुल्क प्राप्त गरेका छन एकिन गरको छैन । १०९ स्थानीय तहमध्ये १४ स्थानीय तहले रु.१६ करोड ५८ लाख ३५ हजार शुल्क प्रदेश संचित कोषमा दाखिला गरेका छन भने वाँकी ९५ स्थानीय तहले नदीजन्य पदार्थको राजस्व प्रदेश संचित कोषमा दाखिला गरेका छैनन । कार्यविधि वमोजिम दाखिला गर्न वाँकी स्थानीय तह र रकम एकिन गरी प्रदेश संचित कोषमा दाखिला हुनुपर्दछ ।

२६. **आन्तरिक लेखापरीक्षण कार्यान्वयन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गरिने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यकता अनुसार नियमित गराई, प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल गरी बेरुजू सम्परीक्षण गराई राख्नुपर्ने कानूनी व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी औँल्याइएका बेरुजूहरुमा कानुनमा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण अगावै बेरुजू सम्परीक्षण गराएको अवस्था छैन । आन्तरिक लेखापरीक्षणमा उल्लेख भएको बेरुजूहरु अन्तिम लेखापरीक्षणमा समेत उल्लेख गर्नुपर्ने अवस्था छ । कानूनमा भएको व्यवस्था बमोजिम प्रदेश अन्तर्गतका सबै कार्यालयहरुले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु फछ्यौंट गरी कानूनको अनुसरण गर्नुपर्दछ ।

२७. **केन्द्रीय आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश मन्त्रालयले विनियोजन, राजश्व, धरौटी, सम्पत्ति र दायित्वको मातहत कार्यालयबाट विवरण लिई एकीकृत केन्द्रीय आर्थिक विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाएका छैनन् । कार्यालयहरुबाट प्राप्त गरेका प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खातावाट प्राप्त गरेको तथ्यांकको आधारमा आर्थिक विवरण तयार गरेकोले मन्त्रालयगत दायित्व र सम्पत्ति भिडान नभएको अवस्था छ । मन्त्रालयले वार्षिक रुपमा तयार गरी पेश गर्ने वित्तीय विवरण तयार नगर्ने स्थितिले प्रतिवेदन प्रणालीमा जवाफदेहिता लिएको पाईएन । स्थानीय तह, अन्य सरकारी एवं गैर सरकारी निकायहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेबाट पेश गरेको आर्थिक विवरणले यथार्थ खर्च खुलासा गरेको छैन । ऐनको पालना गर्नुपर्दछ ।

२८. **लेखाङ्कन तथा प्रतिवेदन** - कारोवारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, नेप्सासको ढाँचा २०७५ मार्गमा नै स्वीकृत भइ सकेकोछ । प्रदेश मंत्रालय तथा

२९. केन्द्रीय निकायहरुले स्वीकृत भए वमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – मन्त्रालयको लेखापरीक्षणबाट फछ्यौंट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशको शान्ति सुव्यवस्था सम्वन्धी नीति, कानून मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन गर्ने, कानून न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी कार्य गर्ने, आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रर्वद्धन गर्ने गराउने, स्थानीय प्रशासनको सञ्चालन व्यवस्थापन र समन्वय गर्ने गराउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष मन्त्रालय र अन्तर्गत निकायहरुको लागि विनियोजन तर्फ रु. २४ करोड ९३ लाख ४१ हजार, राजश्व रु. २ लाख ४६ हजार, धरौटी रु. १३ लाख ५० हजार समेत रु. २५ करोड ९ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । विनियोजन खर्च तर्फ विपद् व्यवस्थापन कोषबाट भएको खर्च समेत संलग्न छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रतिवेदन –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(६) अनुसार प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारवाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था अनुरुप आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्ने र र दफा ४४ मा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस बर्ष मन्त्रालयको लागि रु. २६ करोड २ लाख ९७ हजार बजेट विनियोजन भएकोमा रु. १७ करोड ५७ लाख ३ हजार (६७.५० प्रतिशत) मात्र खर्च भएकोमा प्रतिवेदन तयार गरी सार्वजनिक गरेको पाइएन । मन्त्रालयले वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी मूल्याङकन गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

३. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली २०६४ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले रु. ३ करोड ९ लाख ९२ हजारका फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार लगायत मालसमान खरिद गरेकोमा खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी योजना अनुसार खरिद गर्नु पर्दछ

४. **सोझै खरिद -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) तथा नियमावली, २०६४ को नियम ३१(१) विपरीत आन्तरिक मामिला तथा कानून मन्त्रालयले रु. ७१ लाख ३७ हजारका फर्निचर्स तथा फिक्चर्स खरिद गरेको छ । ऐन तथा नियमावलीको व्यवस्था अनुसार सार्वजनिक बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

५. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारवाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

६. **कानून निर्माण** - प्रदेशको नीति कार्यक्रममा यसै आर्थिक वर्ष भित्र ऐन, नियम, कार्यविधि,मापदण्ड,निर्देशिका निर्माणसँगै नीति कार्यक्रम कार्यान्वयनलाई व्यवहारिक रुपमा रुपान्तरण गरिने उल्लेख छ । सो नीति कार्यक्रम कार्यान्वयनको सिलसिलामा आर्थिक कार्यविधि सम्बन्धी ऐन, २०७४, पदाधिकारी सुविधा सम्बन्धी ऐन, २०७५, सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ लगायतका ४८ ऐन नियम निर्माण गरी प्रदेश राजपत्रमा प्रकाशित गरेको विवरण मन्त्रालयवाट प्राप्त भएको छ । प्रदेश सरकारको शासकीय प्रवन्धका सवै कार्य सम्पादन गर्नको लागि वाँकी कानून निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनु पर्दछ ।

७. **बजेट खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ को दफा १६(७) मा कार्यालयको नाममा विनियोजन वा बाँडफाँड भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने गराउने उत्तरदायित्व

कार्यालय प्रमुखको हुने उल्लेख छ । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित बजेट पुस्तिका (रातो पुस्तिका) मा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट ३२ कार्यक्रम संचालन गर्न रु.३६ करोड ७१ लाख ४३ हजार को बजेट स्वीकृत भएको तथा आर्थिक मामिला तथा योजना मन्त्रालयले सो मन्त्रालयको मिति २०७५।१०।६ को पत्रबाट सोही रकमको वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनको लागि यस मन्त्रालयमा पठाएकोमा पूँजिगत तर्फ रु. ९ लाख ५३ हजार (०.५९ प्रतिशत) र चालु तर्फ रु. १० करोड ३९ लाख ८० हजार (५०.०७ प्रतिशत) मात्र खर्च भएको छ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

८. **कार्य संचालन कोष** - कोषमा गत वर्षको जिम्मेवारी रु.९१ करोड १८ लाख यो वर्षको आम्दानी रु.७ करोड समेत जम्मा रु.७ करोड ९१ लाख १८ हजार भएको र सो मध्ये रु.२ करोड ८ लाख ३० हजार खर्च भई रु.५ करोड ८२ लाख ८८ हजार बाँकी रहेको आर्थिक विवरण पेश भएको छ । गत वर्षको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा कार्य संचालन कोष नभएको उल्लेख भएकोले गत वर्ष कार्य संचालन कोषको आर्थिक विवरण नबनेको देखिन्छ । यो वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवलले मिति २०७५।०९।०३ मा राष्ट्रिय वाणिज्य बैंक, बुटवललाई लेखेको पत्रमा खाता नं. ३१२०००३८०९०१ बन्द गरी खातामा रहेको रु.९१ लाख १८ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खाता नं. ३१२०५०२०००००० मा ट्रान्स्फर गरी जम्मा गरिदिन अनुरोध गरेको देखिन्छ । उल्लेखित पत्र र गत वर्षको लेखापरीक्षणमा प्रतिवेदन अनुसार यो वर्षको आम्दानीमा देखाउनु पर्नेमा सो रकम गत वर्षको जिम्मेवारी सरी आएको देखाएको पाइयो । यसरी गत वर्षको जिम्मेवारी नभिडेकोले यथार्थ आर्थिक विवरण बनाउनुपर्दछ ।

९. **तलबी प्रतिवेदन -** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा १७(ख) मा तलब भत्ता भुक्तानी गर्दा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई खर्च लेख्न नपाइने उल्लेख छ । मन्त्रालयले योवर्ष तलवी प्रतिवेदन पारित नगरी रु.९३ लाख १० हजार खर्च लेखेको छ । नियमानुसार तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ ।

१०. **स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम प्रशासनिक कर्मचारीवाट स्वीकृत हुनुपर्ने रु. २ करोड १२ लाख लागत अनुमान तथा ४ सवारी साधनको स्पेशिफिकेशन तथा वोलपत्र आन्तरीक मामिला तथा कानुन मन्त्रीवाट स्वीकृत भएको नियम सम्मत देखिएन । प्रचलित कानूनको पालना हुनुपर्दछ ।

१०.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ (१) (ख) मा सम्बन्धित सार्वजनिक निकायको आर्थिक प्रशासन शाखा प्रमुख मूल्याङ्कन समितिको सदस्य रहने व्यवस्था छ । मन्त्रालय सचिवस्तरको २०७५।५।१७ को निर्णयले मन्त्रालयका आर्थिक प्रशासन शाखाका प्रमुखलाई सदस्यको रुपमा नराखी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तोकिएको कर्मचारी सदस्य रहने गरी मूल्याङ्कन समिति गठन गरेकोले नियमसम्मत देखिएन ।

१०.२. सवारी साधन खरिद गरी एक प्रा.लि. को चारथान वील बमोजिम रु. २ करोड ५ लाख ४० हजार भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर रु. २३ लाख ३६ हजार समेतको मूल्य आम्दानी बाँध्नु पर्नेमा मूल्य अभिवृद्धि कर बाहेकको मूल्यमा आम्दानी बाँधेकोले जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

१०.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सीमा भन्दा बढीको सोझै खरिद गर्न नसकिने उल्लेख छ । मन्त्रालयले ३ फर्मवाट फर्निचर लगायतका सामान सोझै खरिद गरी रु. २० लाख ६९ हजार भुक्तानी दिएको छ । प्रचलित ऐन, नियमको पालना हुनुपर्दछ ।

११. **सि.सि.टि.भी. जडान** - स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०७६।१।२६ को सचिवस्तरको निर्णयले जिल्ला प्रहरी कार्यालय, रुपन्देही लगायत संघीय सरकार अन्तर्गतका १३ कार्यालयलाई सि.सि.टि.भी. जडान गर्न रु.३ करोड बजेट खर्च गर्ने अख्तियारी दिएकोमा रु. २ करोड ५९ लाख ९३ हजार खर्च भएको फाँटवारी सम्बन्धित कार्यालयले मन्त्रालयमा पठाएको देखिन्छ । उल्लेखित खर्चबाट सि.सि.टि.भी. जडान भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा त्यस्तो प्रतिवेदन तयार भएको देखिएन । मन्त्रालयले अनुगमनको व्यवस्था मिलाउनु पर्दछ ।

१२. **संघीय कार्यक्रम संचालन** - मन्त्रालयले स्वीकृत बार्षिक कार्यक्रममा संघीय सरकार मातहत रहेको प्रदेश प्रहरी कार्यालय मार्फत प्रहरी तालीम केन्द्र, बुटवलमा रु. ५० लाखको अतिथि गृह निर्माण, प्रदेश स्तरीय प्रहरी अस्पताल संचालनको लागि रु. १ करोडको मेडिकल उपकरण खरिद, जिल्ला प्रशासन कार्यालय मार्फत ११ जिल्लाका १२ कारागार सुधारको लागि रु. ९९ लाख, सबै जिल्ला प्रशासन कार्यालय र प्रदेश प्रहरी कार्यालय

मार्फत पूर्व सूचना प्रणाली स्थापना गर्नको लागि मेशिनरी औजार खरिद गर्न रु.१ करोड समेत रु. ३ करोड ४९ लाख संघीय कार्यालयलाई अख्तियारी प्रदान गरी खर्च गरेको छ । संघीय सरकारका कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहका लागि स्थापना गरिएका कार्यालयबाट प्रदेश सरकारको कार्यक्रम संचालन गर्दा अनुगमन गर्न, निर्देशन दिन, समन्वय गर्न, कार्यक्रम संचालन गर्न तथा अभिलेख राख्न व्यवहारिक कठिनाई पर्ने भएकोले कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्ने संयन्त्र बनाउनु पर्दछ ।

१३. **प्रदेश प्रहरी संचालन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन गर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयबाट प्रदेश प्रहरी संचालन सम्बन्धी ऐनको मस्यौदा तयार गरेपनि प्रदेश मन्त्रिपरिषद्मा पेश गरेको छैन । संघीय प्रहरी सेवाबाट प्रदेश प्रहरी सेवामा समायोजनको कार्य समेत बाँकी रहेको र ऐन बनी नसकेकोले प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन गर्ने कार्य मन्त्रालयबाट सम्पादन हुन सकेको छैन ।

१४. **प्रदेश शान्ति सुरक्षा** - प्रदेश सरकार कार्य विभाजन नियमावलीमा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य गर्ने उल्लेख छ । प्रत्येक जिल्लामा रहेका जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय संघीय सरकार मातहतका कार्यालय भएकोले प्रदेश मन्त्रालयसंग समन्वय गर्ने संयन्त्र बनाएको छैन । प्रदेश शान्ति सुरक्षा व्यवस्थापनका लागि आवश्यक कानून पनि नबनेको र मातहत निकायसमेत नभएकोले कार्य प्रभावकारी हुने देखिएन ।

१५. **यातायात क्षेत्रको सिन्डिकेट** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ मा प्रदेश भित्रको सडक सुरक्षाको जिम्मेवारी यस मन्त्रालयको रहेको देखिन्छ । प्रदेश भित्रको सडक सुरक्षा, यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण गर्न आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेको समिति गठन भएतापनि यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन नियम तथा कार्यविधि तर्जुमा नभएकोले यातायात क्षेत्रको व्यवस्थापन तथा नियन्त्रण कार्य प्रभावकारी हुन सकेको छैन ।

१६. **गैर सरकारी संघ संस्था** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरुको अभिलेख र समन्वय गर्ने रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले ऐन तथा नियमावली तर्जुमा गरेको देखिन्छ । संघीय सरकार मातहत रहेको सो कार्य प्रदेश सरकार अन्तर्गत आएपनि संघमा दर्ता र संचालन भएका गैरसरकारी संघ संस्थाको अभिलेख (इन्भेन्ट्री) प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा अभिलेख अधावधिक हुन नसकेको र नयाँ गैर सरकारी संघसंस्था दर्ता हुने कार्य पनि भएको देखिएन । कार्य विभाजन नियमावलीले तोकेको जिम्मेवारी पूरा हुनुपर्दछ ।

१७. **हातहतियार खरखजाना** - मन्त्रालयको कार्य जिम्मेवारीमा संघीय मापदण्ड बमोजिम हात हतियार खरखजाना तथा विष्फोटक पदार्थको नियमन गर्ने कार्य समेत रहेको देखिन्छ । यस सम्बन्धमा मन्त्रालयबाट संघीय सरकार मातहत रहेको जिल्ला प्रशासन कार्यालयसँग समन्वय भई कार्य भइरहेको जानकारी प्राप्त भएतापनि मन्त्रालयवाट भए गरेका कार्यको अभिलेख राखेको छैन ।

१८. **विद्युतीय संचार** - प्रदेशस्तरको कार्य जिम्मेवारीमा विद्युतीय संचार माध्यम (रेडियो, एफ.एम.तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण गर्ने समेत रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले प्रदेश प्रसारण ऐन, २०७५ जारी गरेको छ । प्रदेश प्रसारण नियमावली, २०७६ प्रदेश राजपत्रमा प्रकाशित भएको देखिएन । नयाँ विद्युतीय संचार माध्यम दर्ता कार्य शुरु नभएको, संघमा दर्ता भई संचालन रहेका विद्युतीय संचार माध्यमको अभिलेख प्राप्त भई नसकेकोले नियमन तथा अनुगमनको कार्य भएको देखिएन ।

१९. **ईन्टरनेट सेवाको अनुगमन** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेशस्तरका ईन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उल्लेख छ । यस सम्बन्धी ऐन नियम तर्जुमा नभएकोले ईन्टरनेट तथा अनलाइन सेवाको अनुगमन हुन सकेको छैन ।

२०. **विपद् व्यवस्थापन कोष –** कार्य संचालन कोषमा गत वर्षको जिम्मेवारी रु.९१ लाख १८ हजार र यो वर्षको आम्दानी रु.७ करोड समेत रु. ७ करोड ९१ लाख १८ हजार सो मध्ये रु.२ करोड ८ लाख ३० हजार खर्च भई रु.५ करोड ८२ लाख ८८ हजार बाँकी रहेको आर्थिक विवरण पेश भएको छ ।

२०.१. विपद व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५ को दफा ५(१) को खण्ड (ङ) मा प्रकोपमा परी घाइते हुनेहरुको लागि एक लाख रुपैयाँ सम्मको उपचार खर्च र यातायात खर्च उपलब्ध गराउन सकिने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले भविष्यमा प्रदेशसभाका सदस्य तथा पदाधिकारीको उपचारको लागि मापदण्ड बनाई भुक्तानी गर्ने गरी एक माननीय सदस्य गम्भीर दुर्घटनामा परी तत्काल हेलिकप्टरबाट काठमाडौं लैजानु परेकोले हेलिकप्टर खर्च रु.५ लाख ७० हजार र अग्रिम उपचार खर्च रु.१० लाख समेत रु. १५ लाख ७० हजार भुक्तानीको लागि प्रदेश सरकारले सहमति प्रदान गरेको देखिन्छ । प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार माननीयको उपचारमा लागेको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय भएको देखिन्छ । विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५ संशोधन नभएको अवस्थामा सो निर्देशिका विपरित कोषबाट रु. १५ लाख ७० हजार खर्च लेख्न मिल्ने देखिएन । निर्देशिकामा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२०.२. मन्त्रालयवाट द्वन्द प्रभावित व्यक्ति र आश्रित परिवारलाई स्वरोजगारका लागि मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्ने निर्देशिका, २०७६ वमोजिम विभिन्न जिल्लाका स्थानीय तहमा रहेका व्यवसाय गर्न चाहने तालिम प्राप्त द्वन्द प्रभावित व्यक्ति तथा आश्रित परिवारलाई सहायता दिन सक्ने व्यवस्था छ । मन्त्रालयले ५१ किसिमका व्यवसाय सञ्चालन गर्न प्रति व्यक्ति रु.१५ हजारका दरले ११ जिल्लाका ४१ स्थानीय तहका ७४१ व्यक्तिलाई स्थानीय तहको सिफारिसको आधारमा रु.१ करोड ११ लाख १५ हजार निकासा दिएको छ । लेखापरीक्षणको क्रममा द्धन्द प्रभावित व्यक्ति तथा आश्रित व्यक्ति नयाँ हुन वा पहिलेनै जिल्ला प्रशासनवाट प्रमाणित भैसकेका हुन प्रष्ट हुने प्रमाण पेश भएन । पहिलेनै जिल्ला प्रशासनवाट प्रमाणित भएको प्रमाणको आधारमा खर्च लेख्ने व्यवस्था हुनुपर्दछ ।

२०.३. शसस्त्र द्वन्दका घाइते, अपांग, अशक्तहरुको औषधी उपचार कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ अर्न्तगत यस आर्थिक वर्षमा लुम्विनी क्षेत्रीय अस्पातलसंग संझौता गरी रु.५० लाख निकासा दिएकोमा संझौता वमोजिम रु.२ लाख प्रशासनिक खर्च र रु.८ लाख विरामी उपचार खर्च समेत रु.१० लाख खर्च गरी रु.४० लाख फिर्ता पठाएको देखियो । कार्यविधिको दफा १० (क) वमोजिम औषधी उपचारको क्रममा गर्नुपर्ने परीक्षण र अन्य औषधी उपचारको सम्पूर्ण विवरण अस्पतालले राखी सोही वमोजिम मन्त्रालयवाट प्राप्त रकम खर्च लेखी फरफारक गर्नुपर्ने उल्लेख भएकोमा अस्पतालले मन्त्रालयवाट सिफारिस भएका व्यक्तिहरुको विवरण र खर्चको प्रमाण पेश गरेको छैन ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालयको रु. ५६ लाख ४१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रिया पठाएकोमा बेरुजु फछ्यौंट भएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानून, कार्यक्रम तथा योजनाहरु तयार गर्ने, औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, पर्यटन विकासको लागि योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष मन्त्रालय र अन्तर्गतका ३२ निकायहरुको लागि विनियोजन तर्फ रु. १ अर्ब ७२ करोड ३५ लाख ३६ हजार, राजश्व रु. ४१ करोड २७ लाख ३ हजार, धरौटी रु. ३० करोड ४६ लाख ९३ हजार र कार्य सञ्चालन कोष तर्फ २६ करोड ४९ लाख ४९ हजार समेत जम्मा रु. २ अर्ब ७० करोड ५८ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ;

१. **वित्तीय प्रतिवेदन –** मन्त्रालयको कार्य सञ्चालनको लागि रु.९० करोड ८८ लाख ७७ हजार बजेट विनियोजन भएकोमा रु.८ करोड ८९ लाख ७३ हजार (९.७९ प्रतिशत) मात्र खर्च भएको छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ अनुसार वित्तिय प्रतिवेदनहरु बिद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गरेको पाइएन । कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्नेमा प्रगति विवरण नै तयार गरेको देखिएन । मन्त्रालयले बार्षिक प्रगति विवरण तयार गरी मूल्याङकन गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** आर्थिक वर्ष २०७५/७६ को उल्लेखित नीति तथा कार्यक्रमको बुदा नं.७५ देखि ११३ सम्मका नीति तथा कार्यक्रम मध्ये के कति सम्पन्न भए, नीति कार्यान्वयनमा देखिएका चुनौति कमी कमजोरी र आगामी बर्ष गर्नुपर्ने सुधार सहितको प्रगति बिवरण मन्त्रालयले तयार गरेको देखिएन । बजेट भाषणमा उल्लेखित नीति तथा कार्यक्रम मध्ये यसबर्ष सञ्चालन गर्ने उल्लेख भएका अधिकांश कार्यक्रम सञ्चालन भएको देखिएन ।

२.१. बजेट वक्तव्यमा पर्यटकीय बस सञ्चालन गर्न रु. ५ करोड, विनियोजन भएकोमा कार्यक्रम संचालन भएको छैन । तिलौराकोट देखि लुम्बिनी एयरपोर्ट हुँदै रामग्रामसम्म मोनोरेलको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा बजेट विनियोजन भएको छैन । नेपालगञ्जको नौवस्तामा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणमा रु. ५ करोड, खाद्य गुणस्तर प्रयोगशाला स्थापनाको लागि रु.२ करोड ५० लाख, एकगाउँ एक पोखरी निर्माण गर्न रु. ४ करोड ३६ लाख, बुटवल र नेपालगञ्जमा वनस्पती उद्यान निर्माण गर्न रु. ३ करोड विनियोजन गरेपनि कार्यक्रम सञ्चालन गरेको देखिएन ।

२.२. मन्त्रालयले पर्यटक वस सञ्चालनको रु. ५ करोड, दाङको धरापानी पाण्डेश्वर धाममा भौतिक पूर्वाधारको रु. १ करोड २८ लाख, गजेडी दानापुर तालको पूर्वाधार विकासको रु. ६० लाख, बुटवल वनस्पती उद्यान निर्माणको रु. १ करोड ३० लाख, नेपालगञ्ज वनस्पति उद्यानको रु. १ करोड ५० लाख बाँकेमा मानसरोवरको प्रतिकात्मक स्वरुप सहित उद्यान स्थापनाको रु. २ करोड, जितगढि किल्ला संरक्षण तथा पूर्वाधार विकासको रु. १ करोड ५० लाख समेत रु.१३ करोड १८ लाख बजेट समर्पण गरेको देखियो । बजेटमा कार्यक्रम प्रस्तुत गर्दा कार्यान्वयन गर्न सकिने कार्यक्रम मात्र प्रस्तुत गर्नुपर्नेमा सो नगरेको कारणले उल्लेखित कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । कार्यान्वयन योग्य कार्यक्रम मात्र प्रस्तुत हुनुपर्दछ ।

२.३. बजेट वक्तव्यमा पाल्पा दरवारमा प्रादेशिक संग्रालय निर्माणको लागि रु.५० लाख विनियोजन भएकोमा संघ तहमा रहेको पुरातत्व विभागसंग समन्वय हुन नसक्दा सो कार्य संचालननै हुन सकेको देखिएन । त्यस्तै बजेट बक्तव्यमा वर्दियाको ठाकुरद्वारमा सांस्कृतिक डवली निर्माण गर्न रु.२ करोड विनियोजन गरेकोमा सो स्थान संघ तर्फको वर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्र भित्र परेको भनी कार्यक्रम संचालन हुन सकेको देखिएन । संघ र प्रदेश सरकार बीच समन्वय गरी कार्यक्रम गर्नुपर्दछ ।

२.४. मन्त्रालयको संगठन संरचनामा डिभिजन वन कार्यालय १४ सहित २७ कार्यालय स्वीकृत भएकोमा पर्यटन कार्यालय रहेको देखिएन । पर्यटन कार्यालय स्थापना नभएको कारणबाट पर्यटन सम्बन्धि कार्यहरु स्वंय मन्त्रालय तहबाट गर्नुपर्ने स्थिति रहेको छ । बजेट वक्तव्यमा पर्यटन सम्बन्धी विभिन्न कार्यक्रम प्रस्ताव गरिएको र ती

कार्यक्रम संचालन गर्न बजेट विनियोजन भएको देखिन्छ । तर पर्यटन कार्यालय स्थापना नभएकोले विनियोजन भएका ती कार्यक्रम संचालन कार्य प्रभावित भएको छ ।

२.५. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १ को खण्ड (ख) अनुसार संभाव्यता अध्ययन बेगर प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठानमा रु. १ करोड, विद्युतीय वस सेवा सञ्चालनमा रु. ५ करोड ५० लाख, बजेट विनियोजन भएकोले कार्यक्रम संचालन भएको देखिएन । प्रदेश स्तरीय प्लानेटोरियम स्थापनाका लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न रु. २० लाख वजेट विनियोजन भएकोमा कार्यक्रम संचालन भएको देखिएन । मन्त्रालयले विभिन्न कार्य गर्नको लागि कार्यक्रम स्वीकृत गर्ने तर कार्यक्रम संचालन नगर्ने प्रवृत्ति देखिएकोले मन्त्रालयको विनियोजन दक्षता देखिएन । यसमा सुधार हुनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायि अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणिकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभऐकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

४. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली २०६४ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले रु. ३ करोड ६ लाख १३ हजारका फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार लगायतका मालसमान खरिद गरेकोमा खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी योजना अनुसार खरिद गर्नुपर्दछ ।

५. **सोझै खरिद -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) तथा नियमावली, २०६४ को नियम ३१(१) विपरित उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालयले रु. २९ लाख ५० हजारका फर्निचर्स तथा फिक्चर्स खरिद गरेको छ । ऐन तथा नियमावलीको व्यवस्था अनुसार सार्वजनिक बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

६. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य बिभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकिकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारवाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकिकृत बिवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

७. **नीति तथा कार्यक्रम कार्यान्वयन -** आर्थिक वर्ष २०७५/७६ को उल्लेखित नीति तथा कार्यक्रममा उद्योग क्षेत्रको प्रोत्साहन तथा प्रवर्द्धनको लागि प्रदेशमा रहेका औद्योगिक क्षेत्रको विकास गरि थप उद्योग संचालनको लागि आवश्यक भौतिक पूर्वाधार विस्तार गर्ने, घरेलु तथा लघु उद्यमको विकास, पर्यटन, वन तथा वातावरणसंग सम्बन्धी २२ कार्यक्रम कार्यन्वयन गरी सोको प्रगति समिक्षा गरेको देखिएन । नीति कार्यान्वयनमा देखिएका चुनौति कमी कमजोरी र आगामी बर्ष गर्नुपर्ने सुधार सहितको प्रगति बिवरण मन्त्रालयले तयार गरेको देखिएन । कार्यक्रम अनुसारको प्रगति विवरण तयार हुनुपर्दछ ।

८. **सिन्डिकेट तथा कार्टेलिङ –** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारीमा व्यापार वाणिज्य क्षेत्रमा सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण गर्ने जिम्मेवारी समेत रहेको देखिन्छ । सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्वन्धि ऐन तथा नियमावली तर्जुमा भई नसकेकोले तत्सम्वन्धि कार्य हुन सकेको देखिएन । सिन्डिकेट तथा कार्टेलिङ सम्वन्धि ऐन तथा नियमावली तयार गरी व्यापार तथा वाणिज्य क्षेत्रमा हुनसक्ने सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण हुनुपर्दछ ।

९. **उपभोक्ता हक अधिकार -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको कार्य जिम्मेवारीमा उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वय तथा अनुगमन गर्ने कार्य समेत समावेश भएको छ । उपभोक्ताहरुको हक अधिकार सम्वन्धि प्रादेशिक ऐन कानुन निर्माण हुन नसकेकोले तत्सम्वन्धि ऐन कानून तर्जुमा गरी उपभोक्ताको हक अधिकार संरक्षण गर्नु पर्दछ ।

१०. **वन अतिक्रमण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयले वन अतिक्रमण, नियन्त्रण र रोकथाम सम्वन्धि नीति, समन्वय र सहयोग गर्ने कार्य समावेश भएको छ । प्रादेशिक ऐन तथा

नियमावलीवाट व्यवस्थित हुनुपर्ने सो विषयको लागि ऐन तथा नियमावली तर्जुमा भएको छैन । मन्त्रालयवाट प्राप्त विवरण अनुसार मातहतका ६ डिभिजन वन कार्यालय अन्तर्गत १३ हजार ९५८ हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ । सो अतिक्रमित वनक्षेत्रमा १७ हजार २६२ घरधुरी समेत रहेको विवरणवाट देखियो । डिभिजन वन कार्यालय रुपन्देहीको कार्यक्षेत्रमा मात्र ७ हजार ६२३ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । वन सम्वन्धी प्रादेशिक ऐन नियम तर्जुमा गरी अतिक्रमित वनलाई वनक्षेत्रमै फर्काउने तथा थप अतिक्रमण हुनवाट जोगाउनु पर्दछ ।

११. **वन डढेलो नियन्त्रण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको जिम्मेवारीमध्ये वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धि नीति, समन्वय र सहयोग गर्ने कार्य समेत समावेश छ । वन डढेलो नियन्त्रण सम्वन्धी संघीय रणनीति चालु अवस्थामा रहेकोमा प्रादेशिक रणनीति तयार भएको देखिएन । चुरे पर्वतमाला क्षेत्र भित्र वर्दिया देखि पश्चिम नवलपरासी सम्म रहेको वनक्षेत्र वन डढेलो वढी हुन सक्ने सम्भावित क्षेत्र भएकोले मन्त्रालयले वन डढेलो सम्वन्धी रणनीति तयार गर्नुपर्दछ ।

१२. **वैज्ञानिक वन व्यवस्थापन** - प्रदेशस्तरमा वैज्ञानिक वन व्यवस्थापन सम्वन्धि कार्य गर्न, वन क्षेत्रको पहिचान, वर्गिकरण, संरक्षण र व्यवस्थापन सम्वन्धि कार्य गर्न, जलाधार संरक्षण गर्न भू–स्खलन नियन्त्रण लगायतका विभिन्न कार्य गर्न प्रादेशिक वन ऐन तथा नियमावली तर्जुमा भई नसकेकोले ती कार्यहरु वाञ्छित मात्रामा हुन सकेको देखिएन । ऐन, नियम तर्जुमा गरी वैज्ञानिक बन व्यवस्थापन गर्नुपर्दछ ।

१३. **काठ, दाउरा व्यवस्थापन -** काठ, दाउरा उत्पादन, विक्रि तथा मौज्दात व्यवस्थापन गरी राजश्व आर्जनमा थप योगदान हुनुपर्दछ । मन्त्रालयको वार्षिक प्रगति विवरण पुस्तिकामा २५,५६,२३६ क्यू.फिट काठ र ५,८४० चट्टा दाउरा उत्पादन भै १५,६६,२२६ क्यूफिट काठ र २,७८२ चट्टा दाउरा विक्री भएको उल्लेख छ । मन्त्रालयवाट प्राप्त राजश्वको केन्द्रिय आर्थिक विवरणमा वन रोयल्टीवाट रु. १५ करोड ६ लाख २१ हजार राजश्व प्राप्त भएको देखिन्छ । काठ तथा दाउराको योवर्ष हुने उत्पादन तथा विक्रीको लक्ष्य तोकेको नदेखिदा उत्पादित काठ दाउरा र विक्रि गरेको परिमाण लक्ष्य मुताविक भए नभएको एकीन गर्न सकिएन । काठ दाउराको बार्षिक उत्पादन र विक्री लक्ष्य तोक्नुपर्दछ ।

१४. **विरुवा उत्पादन -** मन्त्रालयको वार्षिक प्रगति विवरणमा काठ जन्य २४ लाख ६० हजार र जडीवुटी तथा गैर काठजन्य ६ लाख ७० हजार गरी जम्मा ३१ लाख ३० हजार विरुवा उत्पादन भई वितरण तथा रोपण गरिएको उल्लेख छ । मन्त्रालयले विरुवा उत्पादन, वितरण तथा रोपण गर्ने जिल्लागत लक्ष्य र परिमाण तथा प्रगति स्थितिको अभिलेख नराखेकोले विरुवा उत्पादन तथा वितरण एवं रोपणको अवस्था एकीन गर्ने आधार भएन । विरुवा उत्पादन, वितरण तथा रोपण गर्ने जिल्लागत लक्ष्य र परिमाण तथा प्रगति तयार हुनुपर्दछ ।

१५. **सम्पत्ति हस्तान्तरण -** संगठन संरचनामा मन्त्रालय मातहत पर्यटन कार्यालय नरहेतापनि साविक संघीय पर्यटन तथा संस्कृती मन्त्रालय मातहत रहेको पर्यटन कार्यालय वाँके र भैरहवामा रहेका सम्पत्ति यस मन्त्रालयमा हस्तान्तरण गर्ने उल्लेख भएकोमा हालसम्म सम्पत्ति हस्तान्तरण भएको देखिएन । उल्लेखित कार्यालयहरुको सम्पत्ति एकीन गरी मन्त्रालयको नाममा हस्तान्तरण हुनुपर्दछ ।

१६. **कर्मचारी व्यवस्थापन -** प्राप्त दरवन्दी विवरण अनुसार कार्यालयमा कुल ४५ दरवन्दी रहेकोमा २३ स्थायी तथा ९ करार समेत ३२ पदपूर्ति भई १३ पद रिक्त भएको देखिन्छ । मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन अनुसार मातहतका १४ डिभिजन वन कार्यालयहरुमा १०८ कर्मचारी फाजिल रहेको देखिन्छ । संघ अन्तर्गत रहेको साविक डिभिजन कार्यालयको दरवन्दीमा रहेका फरेष्टरहरु डिभिजन वन कार्यालयहरु प्रदेश सरकार अर्न्तगत रुपान्तरित हुँदा फरेष्टरहरुको दरवन्दी संरचनामा कायम नरहंदा फाजिलमा रहेको देखिन्छ । फाजिल कर्मचारीको उचित व्यवस्थापन हुनुपर्दछ ।

डिभिजन वन कार्यालय

१७. **लिलाम बिकी** - आयकर ऐन, २०५८ को दफा ७ अनुसार करदाताले आय विवरण पेश गर्दा वास्तविक आम्दानी र खर्च लेखांकन गर्नुपर्दछ । डिभिजन बन कार्यालय बर्दिया अन्तर्गतका २ बन उपभोक्ता समितिले संकलित काठ दाउरा बिक्रीको लागि बोलपत्र माग गरी बढी बोलकबोल गर्ने २ बोलपत्रदाताको रु. ८६ लाख १९ हजार कवोल अंक स्विकृत गरेकोमा सो बोलपत्रदाताले कर विजक जारीनै नगरी अर्को काठ व्यवसायीलाई मु.अ.कर लगायतको सर्म्पुण राजश्व खरिदकर्ताले बुझाउने शर्त राखी सोही मुल्यमा आफुले प्राप्त गरेको ठेक्का

बिक्रीको सम्झौता गरेको कागजातको आधारमा कार्यालयले बन पैदावर उठाउने र स्थानान्तरण इजाजत दिएको देखियो । ठेक्का बिक्रीकर्ताले ठेक्का बिक्री वापत संकलित मु.अ.करको कर विजक जारी नगरेकाले बास्तविक आम्दानी र खर्च लेखांकन गरेको देखिएन । यसरी फरक परेको रु. ८६ लाख १९ हजार लाई निसर्ग भएको मानी मू.अ.कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने मू.अ.कर रु. ११ लाख २० हजार र सोमा शुल्क, व्याज तथा जरिवाना समेत छानविन गरी असूल गर्नुपर्दछ । स्विकृत बोलपत्रदाताबाहेक अन्यलाई प्रचलित कानुन विपरित बन पैदावर उठाउने र स्थानान्तरण इजाजत दिएको मनासिब देखिएन ।

१८. **राजश्व जिम्मेवारी** - अर्थ मन्त्रालयबाट स्वीकृत राजश्वको वर्गीकरण व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी दोहोरो श्रेस्ता प्रणाली अनुसार राजश्व लेखा राख्नुपर्ने व्यवस्था छ । डिभिजन बन कार्यालय बाँकेले २०७४।७५ को आर्थिक विवरणमा रु.१ करोड ७६ लाख ९३ हजार लगती राजश्व देखाएकोमा यो वर्ष जिम्मेवारी नसारेको र लगत असुली समेत नगरेकोले यकिन गरी असूल गर्नुपर्दछ ।

१९. **लगत कायम नगरेको -** गत विगत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार जिल्ला वन कार्यालय बर्दियाको आर्थिक विववरणमा उल्लेख भएको राजश्व लगत रु.९७ लाख ४ हजार जिम्मेवारी नसारी बक्यौता रहेकोमा असुल फछ्यौंट गरी आर्थिक विवरण तयार भएको छैन ।

२०. **हेभी मेशिन प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालित हुने निर्माण कार्यमा हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ । डिभिजन बन कार्यालय दाङले थर्कोट भ्यु टावर निर्माण गर्न थर्कोट भ्यु टावर निर्माण उपभोक्ता समितिसंग संझौता गरेकोमा उपभोक्ता समितिले रु.२१ लाख १५ हजारको कार्यसम्पन्न गरेकोमा एक निर्माण व्यवसायीवाट रु.१३ लाख वरावरको मेशिन प्रयोग गरी खर्च गरेको छ ।

२१. **सम्झौताको पालना** - वन विभाग र एक उद्योग वीच भएको संझौता अनुसार दाङ्ग जिल्लाको पुरन्धारा स्थित ५८.३७५ हेक्टर र सल्यानको ४१ हेक्टर समेत ९९.३७५ हेक्टर वनक्षेत्र चुनढुंगा उत्खननका लागि दिने, ३ वर्ष भित्र उत्खनन सम्वन्धी कार्य शुरु गरि सक्नु पर्ने र सो अवधि भित्र कार्यारम्भ नगरेमा जग्गा प्रयोग गर्न नपाउने गरी अनुमति स्वत: रद्ध हुने र पुरक संझौता अनुसार २०७० भाद्र मसान्त सम्ममा कार्यारम्भ नगरेमा जग्गा प्रयोग गर्न पाउने अनुमति स्वत: रद्ध हुने उल्लेख छ । उद्योगले २०७६ माघ सम्ममा उत्खनन लगायतका कुनै कार्य गरेको छैन । चुनढुंगा उत्खननमा हटाईएका रुखहरुको १:२५ को अनुपातमा डिभिजन वन कार्यालय, दाङ्गले तोकिदिएको स्थानमा बृक्षारोपण गरी ५ वर्ष सम्म संरक्षण गरी डिभिजन वन कार्यालय, दाङलाई हस्तान्तरण गर्ने व्यवस्था रहेतापनि कार्यान्वयन गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका ३२ निकायको लेखापरीक्षणबाट रु.५ करोड १० लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १ लाख ७६ हजार फछ्यौंट गरेकोले रु. ५ करोड ८ लाख ७५ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१ करोड ७९ लाख २१ हजार पेस्की बेरुजू रहेको छ । यससम्वन्धी विवरण **अनुसूची-९** मा छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश भित्रको भूमिव्यवस्था, कृषि, कृषि उत्पादन, पशु विकास, तथा खाद्य पोषण, सहकारी सम्बन्धी प्रादेशिक नीति कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका २७ निकायहरुको लागि विनियोजन रु. २ अर्व ३ करोड ९९ लाख, ७२ हजार, राजश्व रु. १ करोड १५ लाख ९४ हजार, धरौटी रु. १ करोड २४ लाख ३३ हजार र अन्य कारोवार रु. २ लाख ३० हजार समेत जम्मा रु. २ अर्व ६ करोड ४२ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्;

१. **वित्तीय प्रतिवेदन –** यो वर्ष मन्त्रालयको कार्यसञ्चालन स्तरको लागि रु. १ अर्व ९६ करोड ५३ लाख १६ हजार विनियोजन भएकोमा रु. ८१ करोड ९० लाख ५६ हजार (४१.६७ प्रतिशत) खर्च भएकोले वित्तीय प्रगति न्यून रहेको पाइयो ।

२. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायि अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणिकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

३. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य बिभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकिकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारबाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकिकृत बिवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

४. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली २०६४ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले रु. ६२ लाख ४ हजारका फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार लगायतका मालसमान खरिद गरेकोमा खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम बार्षिक खरिद योजना तयार गरी योजना अनुसार खरिद गर्नु पर्दछ ।

५. **कार्यक्रम कार्यान्वयन -** स्वीकृत बार्षिक कार्यक्रममध्ये वधशाला तथा कोल्ड स्टोर निर्माण लगायतका रु. १ अर्व ३६ करोड ४२ लाखका ४८ कार्यक्रम सञ्चालन भएको देखिएन । बार्षिक कार्यक्रममा समावेश गर्ने तर कार्यक्रम सञ्चालन नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ अनुसार कार्यालयले वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था भएतापनि मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानूनको परिपालना गर्नुपर्दछ ।

६. **बजेट अंकमा फरक -** प्रदेश राजपत्रमा २०७५।३।२६ मा प्रकाशित प्रदेश विनियोजन ऐन, २०७५ मा प्रदेश संचित कोषबाट व्यय हुने रकम अन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि रु.३ अर्व २० करोड रहेको देखिन्छ तर बजेट अनुसूचीमा रु.३ अर्व ९६ करोड ७१ लाख ५३ हजार देखाएको छ । केन्द्रीय आर्थिक विवरणमा मन्त्रालय र मातहत कार्यालय समेतको खूद वार्षिक वजेट रु.३ अर्व ६४ करोड २२ लाख ४० हजार कायम गरेको छ । विनियोजन ऐनले तोकेको सीमा भन्दा रु.४४ करोड २२ लाख ४० हजार बढी वजेट कायम गरी केन्द्रीय आर्थिक विवरण तयार गरेको छ यसबाट आर्थिक विवरणको शुद्धता एकिन हुन सकेन ।

७. **विनियोजन दक्षता -** आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विनियोजन दक्षता सम्वन्धी व्यवस्था छ । सो व्यवस्था अनुसार वजेट प्रस्ताव गर्दा नयाँ आयोजनाको हकमा संभाव्यता अध्ययन गर्न आवश्यक हुने तथा संभाव्यता अध्ययन पश्चात अध्ययन भई स्वीकृत भईसकेको तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना संझौता अनुरुप आगामी वर्ष आवश्यक रकम मात्र प्रस्ताव गर्नुपर्ने उल्लेख छ ।

७.१. पूँजिगत बजेट उपशीर्षकमा मन्त्रालय र मातहतका २१ कार्यालयको कुल बजेट रु. १ अर्ब १८ करोड ६० लाख मध्ये मन्त्रालयको लागि रु. १ अर्ब ४ करोड ६४ लाख (८८.२३ प्रतिशत) विनियोजन भएको देखिन्छ । मातहत कार्यालयवाट कार्यक्रम संचालन गराई सञ्चालित कार्यक्रमको अनुगमन मूल्यांकन गर्नुपर्नेमा मन्त्रालय आफैंले कार्यक्रम संचालन गर्ने गरी सो उप शीर्षकमा ८८.२३ प्रतिशत वजेट राखेको देखियो । मन्त्रालयको वजेट रु.१ अर्ब ४ करोड ६४ लाख मध्ये रु.४८ करोड ३६ लाख ५३ हजार (४६.२२) मात्र खर्च भएको देखियो ।

७.२. चालू वजेट उप-शीर्षकतर्फ मन्त्रालय र मातहतका २१ कार्यालयको कुल विनियोजन रु.६२ करोड ३९ लाख ४० हजार मध्ये रु.२४ करोड ९९ लाख ४५ हजार (४०.०५ प्रतिशत) मात्र खर्च गरेको छ ।

प्रदेश कार्यविधि ऐनमा उल्लेख भए अनुसार आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र वजेट व्यवस्था गरी विनियोजन दक्षता देखाउनुपर्दछ ।

८. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १७(१) र १७(२)मा रकमान्तर सम्बन्धी व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।९।२ को पत्रानुसार सो मन्त्रालयले यस मन्त्रालयको वजेट उप-शीर्षक अर्न्तगतका ३ खर्च शीर्षकवाट रु.१४ करोड १४ लाख ७१ हजार घटाई चालू खर्च शीर्षकका अन्य ३ खर्च शीर्षकमा रकमान्तर गरेको देखिन्छ । रकमान्तर सम्बन्धी सो कारोवारलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक विवरणमा र केद्रीय आर्थिक विवरणमा देखाएको छैन । यसरी रकमान्तर सम्बन्धी कारोवारलाई नदेखाउँदा वित्तीय विवरणले कारोवारको यथार्थता चित्रण नगर्ने हुँदा रकमान्तरको कारोवार वित्तीय विवरणमा देखाउनुपर्दछ ।

९. **भूमि व्यवस्था कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रशासन सम्बन्धी, जग्गाको प्रादेशिक अभिलेख सम्बन्धी, गुठी जग्गा सम्बन्धी नापी सम्बन्धी, सरकारी जग्गा भाडामा दिने सम्बन्धी लगायतका १० कार्य समेत समावेश छ । भूमि व्यवस्था सम्बन्धी कार्य गर्न वार्षिक कार्यक्रममा प्रदेश भुमि आयोगको स्थापना, बाँझो जग्गा चक्लाबन्धि भुमि बैङ्क कबुलियती तथा करार खेती भुमिसुधार सम्बन्धि अध्ययन विश्लेषण, भु-सुचना केन्द्र स्थापना, भुमिहिन किसानको लागि करार खेतीमा अनुदान, भुमिहिन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम, पुनः नापि डिजिटल नक्सा कायम गर्ने, गुठि सम्बन्धि नीति तथा कार्यक्रम निर्माण लगायतका विभिन्न १३ क्रियाकलाप स्वीकृत गरी १८ करोड २९ लाख विनियोजन गरेकोमा वजेट खर्च भएको देखिएन । वार्षिक कार्यक्रम तयार हुनु भन्दा २ महिना अगाडि मालापोत तथा जग्गा पूर्जा सम्बन्धी कार्य संघीय सरकारवाट हुने पत्र प्राप्त भएतापनि कार्यक्रममा वजेट विनियोजन गर्नु उपयुक्त होइन ।

१०. **प्रतिवेदन कार्यान्वयन -** प्रदेश सभाको कृषि, वन तथा वातावरण समितिका सभापति समेतको टोलीद्वारा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट २०७५।७६ मा संचालन भएका विभिन्न कार्यक्रमहरुको स्थलगत अनुगमन गरी माननीय सभापति समेत १२ जना माननीयहरुले समितिमा २०७६।७।२४ मा प्रतिवेदन पेश गरेको देखिन्छ । सो प्रतिवेदनमा कृषि यान्त्रिकरण अर्न्तगत वितरण गरेका ट्रयाक्टर, थ्रेसर लगायतका यन्त्र उपकरणहरु सन्तोषजनक अवस्थामा नरहेको, कतिपय डेरी उद्योगहरुले धेरै पुराना सामान ल्याई नयाँ भएको भनी दावी गरेको, पशुपालन गर्न अनुदान लिने पशुपालकले तोकिएको संख्यामा भन्दा घटी संख्यामा पशुपालन गरेको, कृषकलाई दिनुपर्ने अनुदान व्यापारीलाई दिएको, तरकारी तथा फलफूल लगाउन अनुदान लिनेले प्राप्त अनुदान भन्दा न्यून रकमको तरकारी तथा फलफूल लगाउने गरेको, अनुदानवाट प्राप्त यान्त्रिक उपकरण अनुदानग्राहीले अन्य व्यक्तिलाई वितरण गर्ने गरेको, कृषि उपज ढुवानी गर्न अनुदानमा वितरण गरेका सवारी साधन पिकअपवाट व्यापारिक प्रयोजनका माल सामान ढुवानी गर्ने गरेको, अनुदानका ट्यांक्टरमा वालुवा, गिटी, ढुंगा, मिस्कट ढुवानी गर्ने गरेको, व्यक्तिको नाममा अनुदान गएका सामाग्री सहकारीको नाममा स्वामित्व कायम गर्नुपर्ने लगायतका व्यहोरा उल्लेख गरी ४१ पृष्ठ लामो प्रतिवेदन पेश गरेको देखिन्छ । सो स्थलगत प्रतिवेदनमा उल्लेख गरिएका व्यहोराहरुलाई मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ ।

११. **सवारी साधन दाखिला -** आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४८(१) मा जिन्सी लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको प्रयोजनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले २०७४।१२।९ को पत्रानुसार एक सवारी साधन पठाएकोमा दुई वर्ष हुँदा पनि प्राप्त सवारी साधन जिन्सी आम्दानी वाँधेको छैन । जिन्सी दाखिला नभएको सो सवारी साधनको लागि मर्मत रु.४ लाख ५१ हजार खर्च गरेको देखियो । मन्त्रालयले सो सवारी साधन जिन्सी आम्दानी वाँधी संरक्षणको प्रवन्ध गर्नुपर्दछ ।

१२. **नीति कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएका विषय वार्षिक विनियोजन र कार्यक्रममा समावेश हुनुपर्दछ । प्रदेश सभाको वैठकमा प्रदेश प्रमुखवाट २०७५ जेठ २५ गते प्रस्तुत २०७५।७६

को प्रदेश सरकारको नीति कार्यक्रममा प्रदेश स्तरमा कृषि सम्वन्धी ज्ञान सीप तथा सूचना प्रवर्द्धन गर्न प्रदेश स्तरीय कृषि सूचना अनुसन्धान केन्द्र स्थापना गरिने उल्लेख छ । मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा सो वूँदाको विषयलाई समावेश गरेको देखिएन । प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको विषयलाई वार्षिक कार्यक्रम समावेश हुनुपर्दछ ।

१३. **अवण्डा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५।७६ को वजेट निकासा तथा कार्यान्वयन सम्वन्धी मार्ग दर्शनको वूँदा नं.११ मा खर्च शीर्षक भैपरी आउने चालू खर्चमा विनियोजित वजेट वाँडफाँड स्वीकृत गराई मात्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५।७६ को खर्चगत विवरणमा यस मन्त्रालयको चालु वजेट उप- शीर्षक भित्र भैपरी आउने खर्च शीर्षकमा रु.९ करोड २ लाख ९६ हजार विनियोजन भएको देखिन्छ । मन्त्रालयले सो उप–शीर्षकको आर्थिक विवरण वनाउँदा सो खर्च शीर्षकको कारोवार देखाएको छैन । अतः आर्थिक विवरण यथार्थपरक नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

१४. **भूमि व्यवस्था कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रशासन सम्वन्धी, जग्गाको प्रादेशिक अभिलेख सम्वन्धी, गुठी जग्गा सम्वन्धी, नापी सम्वन्धी, सरकारी जग्गा भाडामा दिने सम्वन्धी लगायतका १० कार्य समेत समावेश छ । भूमि व्यवस्था सम्वन्धी कार्य गर्न वार्षिक कार्यक्रममा विभिन्न १३ क्रियाकलाप स्वीकृत गरी १८ करोड २९ लाख विनियोजन गरेकोमा वजेट खर्चनै भएको देखिएन । यस सम्वन्धमा संघीय कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको २०७५।१।२७ को पत्रवाट सात वटै प्रदेश मन्त्रालयलाई स्थानीय स्तरका आवश्यक पूर्वाधार तयार नहुँदा सम्म जग्गा प्रशासन सम्वन्धी सेवा संघीय कार्यालयवाट नै संचालन हुने पत्र प्राप्त भएकोले विनियोजित वजेट खर्च हुन नसकेको प्रादेशिक मन्त्रालयले जनाएको छ । वार्षिक कार्यक्रम तयार हुनु भन्दा २ महिना अगाडि पत्र प्राप्त भएपछि वजेट विनियोजन गर्नु मनासिव देखिएन ।

१५. **सहकारी संस्था नियमन -** मन्त्रालयलाई सुम्पिएको कार्य जिम्मेवारी अनुसार प्रदेश भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको नियमन गर्नुपर्दछ । मन्त्रालयले सहकारी ऐन, २०७६ तर्जुमा गरी २०७६।२।१४ को प्रदेश राजपत्रमा प्रकाशित गरेको छ । ऐन अनुसार नियमावली तर्जुमा नभएको र सहकारीको प्रादेशिक कार्यालय पनि स्थापना नभएकोले मन्त्रालय आफैंले प्रदेश भित्र ६८६ सहकारी संस्था रहेको विवरण तयार गरेको छ । मातहत कार्यालय स्थापना गरी सोही कार्यालय मार्फत सहकारी संस्थाहरुको दर्ता, नवीकरण, अनुगमन र नियन्त्रण गर्नुपर्नेमा नियमावली तथा कार्यविधि तयार नगरेकोले नियमन गर्ने कार्य प्रभावकारी हुन सकेको छैन ।

१६. **नियमावली नवनेको** - प्रदेश सभाले यस मन्त्रालयसँग सम्वन्धित ३ वटा ऐन (सहकारी, दाना पदार्थ र विउ विजन) वनाए पनि अन्य विषयमा प्रादेशिक ऐन बन्न बाँकी रहेको र कुनै पनि विषयमा नियमावली वनेको छैन । ऐन वमोजिम नियमावली तर्जुमा गरी तत्पश्चात कार्यविधि तथा निर्देशिका हुनुपर्नेमा नियमावली नै नवनाई प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा २ प्रयोग गरेर मन्त्रालयले ६३ वटा कार्यविधि र ७ वटा निर्देशिका जारी गरी कार्य गरेको छ । नियम वनाएर मात्र कार्यविधि र निर्देशिका जारी गर्नुपर्दछ ।

१७. **कर्मचारी व्यवस्थापन -** मन्त्रालयमा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा विभिन्न तहमा ७४ पदको दरवन्दी रहेकोमा ४६ पदपूर्ति भई २८ पद रिक्त भएको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी र दिगो वनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

१८. **आषाढ महिनाको खर्च -** मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमको चौमासिक विभाजन अनुसार खर्च गर्नुपर्दछ । पूँजीगत वजेट उप-शीर्षकमा २०७५ मार्गमा वार्षिक कार्यक्रम स्वीकृत गर्दा प्रथम चौमासिक अवधिमा रु.२४ करोड ६३ लाख, दोश्रो चौमासिक अवधिमा रु.४९ करोड ८८ लाख ५० हजार र तेश्रो चौमासिक अवधिमा रु.३५ करोड २७ लाख ५० हजार समेत जम्मा रु. १ अर्व ९ करोड ७९ लाख खर्च गर्ने भएता पनि कुल खर्च अर्थात रु.४८ करोड ३६ लाख ५३ हजार आषाढ महिनामा मात्र गरेको देखियो । मिति २०७६।३।२३ देखि २०७६।३।३१ सम्मको ९ दिनको अवधिमा रु.४८ करोड १४ लाख ६३ हजार (९९.५४ प्रतिशत) खर्च गरेको छ । यसरी आषाढ महिनाको ९ दिनमा रु.४८ करोड भन्दा वढी खर्च लेखेकोले खर्चको गुणस्तर, अनुगमन र प्रभावकारिता सम्वन्धमा एकिन गर्न सकिएन ।

१९. **कार्यविधिको पालना –** शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५ अनुसारको प्रक्रिया पूरा गरेर मात्र शीत भण्डार निर्माण गर्नुपर्दछ । तिलोत्तमा नगरपालिका वडा नं.१७ स्थित एक प्रा.लि.लाई शीत भण्डार निर्माणको प्रथम रनिङ्ग वीलको रु.३ करोड ९१ लाख ३० हजार भुक्तानी दिएकोमा निम्नानुसार देखिएको छः

१९.१. कार्यविधिको दफा १२(ग) मा भुक्तानी गर्दा २.५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरिने उल्लेख भएकोमा त्यस्तो कन्टिन्जेन्सी कट्टा नगरी भुक्तानी भएको छ । मूल्य अभिवृद्धि कर वाहेक खर्च लेखेको रु.३ करोड ४६ लाख २८ हजारको २.५ प्रतिशतले हुने रु.८ लाख ६६ हजार असुल हुनु पर्दछ ।

१९.२. माननीय मुख्यमन्त्री एंव आर्थिक मामिला तथा योजना मन्त्री स्तरको २०७५।१०।२१ को निर्णय अनुसार शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५ स्वीकृत भएको देखिन्छ । सो कार्यविधि कुन ऐन नियमले दिएको अधिकार अर्न्तगत तर्जुमा भएको हो कार्यविधिमा खुलाएको छैन । कार्यविधि निर्माणको कानूनी आधार स्पष्ट हुनुपर्दछ ।

१९.३. आर्थिक वर्ष २०७५।७६ को वजेट वक्तव्यको वूँदा ६२ मा कृषि उपजलाई सुरक्षित भण्डारणको व्यवस्था गरिनेछ साथै यसका लागि एक पालिका एक शीत भण्डार वनाउने नीति अनुरुप आगामी आर्थिक वर्ष स्थानीय तहसँगको सहकार्यमा १० शीत भण्डार निर्माणको लागि रु.५० करोड विनियोजन गरेको उल्लेख छ । भुक्तानी लिने निज प्रा.लि.ले स्थानीय तहसंग सहकार्य गरी शीत भण्डार निर्माण गरेको कागजात फाइल साथ संलग्न देखिएन । वजेट बक्तव्य अनुसार स्थानीय तहको सहकार्यमा शीत भण्डार निर्माण हुनुपर्दछ ।

१९.४. शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५ को दफा १३(क) मा शीत भण्डारको नक्सा पास गर्नुपर्ने उल्लेख छ । सो शीत भण्डारको नक्सा पास भएको कागजात फाइल साथ संलग्न नरहेकोले नक्सा पास भएको प्रमाण पेश हुनुपर्दछ ।

१९.५. कार्यविधिको दफा १३(ङ) मा संस्थाले आफ्नो वार्षिक लेखापरीक्षण, कारोवारको स्थिति प्रतिवेदन वार्षिक रुपमा मन्त्रालय वा मातहतका कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । सो प्रा.लि.ले २०७५।०७६ को वार्षिक लेखापरीक्षण प्रतिवेदन र कारोवारको स्थिति प्रतिवेदन २०७६।१०।१५ सम्म मन्त्रालयलाई उपलव्ध नगराएकोले सो लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

१९.६. प्रा.लि.सँग मन्त्रालयले २०७६।१।१९ मा गरेको संझौताको शर्त नं. १५ मा शीत भण्डारणमा प्रयोग गर्ने कृषि वस्तुहरुको लागि आधार तयार गर्न उत्पादनशील कृषक समूह तथा सहकारी र कृषि उद्यमीसँग आवश्यक योजना वनाई संचालनको नमूना पेश गर्नुपर्नेमा प्रा.लि.ले यस्तो योजना पेश गरेको देखिएन । सरकारको लगानी भएको शीत भण्डारवाट किसानले पाउने लाभको विश्लेषण गरेको पाईएन । शत प्रतिशत घाटामा रहेको, निजी स्वामित्व भएको र २०७४।७५ को कर चुक्ता प्रमाण पत्र अनुसार कर योग्य आय रु.१७ करोड ६० लाख ८३ हजार ऋणात्मक भएको प्रा.लि.लाई ५० प्रतिशत अनुदान दिएकोले कृषकले पाउने सुविधा र छुटको समेत विश्लेषण हुनुपर्दछ ।

१९.७. शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५ को दफा ११(१) को खण्ड (घ) मा उपभोक्ता, मेशिनरी औजार आपूर्तिकर्ता र मन्त्रालय वीच त्रिपक्षीय सम्झौता हुने उल्लेख छ । त्यस्तो किसिमको त्रिपक्षीय संझौता भएको देखिएन ।

१९.८. शीत भण्डार निर्माण गर्ने कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को कार्यविधि र प्रक्रिया अवलम्वन गरेको देखिएन । प्रा.लि.ले विना प्रतिस्पर्धा एक निर्माण सेवालाई रु.२ करोड १२ लाख ८५ हजार सोझै भुक्तानी दिएको छ ।

२०. **एक पालिका एक शीत भण्डार -** वजेट वक्तव्यमा कृषि उपजलाई सुरक्षित भण्डारणको लागि एक पालिका एक शीत भण्डार वनाउने नीति अनुरुप १० वटा शीत भण्डार निर्माणको लागि रु.५० करोड विनियोजन गरिने उल्लेख छ । वजेट वक्तव्य अनुसार एक पालिका एक शीत भण्डार निर्माणको लागि अनुदान दिनु पर्नेमा मन्त्रालयले सो विपरित रुपन्देही जिल्लाको तिलोत्तमा नगपालिका वडा नं.१७ मा शीत भण्डार निर्माण गर्न एक प्रा.लि.लाई २०७६।३।३० मा रु.३ करोड ९१ लाख ३० हजार र सोही नगरपालिकाको वडा नं.७ मा एक कृषक समूहलाई २०७६।३।२४ मा रु. २१ लाख ९० हजार र सोही समूहलाई २०७६।३।२४ मा रु.८१ लाख ९२ हजार समेत जम्मा रु.४ करोड ९५ लाख १२ हजार अनुदान प्रदान गरेको देखियो । वजेट वक्तव्यको व्यवस्था विपरित अनुदान दिएकोले वजेट वक्तव्यको नीति अनुरुप अनुदान दिनुपर्दछ ।

२१. **सहकारिता कार्यक्रम –** मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहकार्यमा १२ मिल्क ट्यांकर वितरण कार्यको लागि १२ संस्थालाई रु.२ करोड ३४ लाख ९१ हजार अनुदान भुक्तानी दिएको छ ।

२१.१. मन्त्रालयवाट स्वीकृत पशुपन्छी अनुदान तथा वजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ अनुसार अनुदान दिएको छ । सो निर्देशिका कुन ऐन वा कानूनले दिएको अधिकार अर्न्तगत वनेको हो सो खुलाएको देखिएन । निर्देशिकाको कानूनी आधार स्पष्ट हुनुपर्दछ ।

२१.२. दूध ढुवानी गर्नको लागि पशुपालक कृषकहरुको वढी सहभागिता र स्वामित्व रहने सहकारी संस्था कृषक समूह, पशुपालक समूहलाई अनुदान वितरण गर्ने सहकारी र सहकारी सिद्धान्त विपरित निजी क्षेत्रको स्वामित्व र निजी क्षेत्र एकलौटी (व्यवसाय/उद्योग) एक्लै नाफा सुरक्षित गर्ने प्राइभेट कम्पनी समेतलाई रु.९१ लाख २७ हजार अनुदान दिएको देखियो । मन्त्रालयले सहकारी क्षेत्रलाई नै प्राथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्दछ ।

२२. **कृषि यन्त्रीकरण अनुदान -** स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण कार्यक्रमको लागि रु.३० करोड विनियोजन गरेकोमध्ये रु.२७ करोड ९० लाख ३४ हजार खर्च भएको छ । सो खर्च सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :

२२.१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति २०७५।१०।२४ मा स्वीकृत कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वय कार्यविधि २०७५ अनुसार अनुदान प्रदान गरेको छ । सो निर्देशिका कुन ऐन वा कानूनले दिएको अधिकार अर्न्तगत वनेको हो सो खुलाएको देखिएन । निर्देशिकाको कानूनी आधार स्पष्ट हुनुपर्दछ ।

२२.२. मन्त्रालयले कृषि यन्त्र उपकरण अनुदान वितरण गर्दा वहु क्षेत्रमा उपयोग हुन सक्ने यन्त्र उपकरण जस्तै ट्रयाक्टर पनि अनुदान वितरण गरेको छ । एक प्रा.लि.बाट प्रति एकको रु.१६ लाख २६ हजार मूल्यको ७१ वटा ट्रयाक्टरको जम्मा मूल्य रु.११ करोड ५४ लाख ४६ हजारको ५० प्रतिशत अनुदानमा मन्त्रालयले रु. ५ करोड ७७ लाख २३ हजार खर्च लेखेको छ । यस्ता वहुउपयोगी यन्त्र उपकरण कृषि कार्यमा मात्र उपयोग हुने भनी मन्त्रालयले सम्झौतामा शर्त तोकी सुनिश्चितता गरको छैन ।

२२.३. वितरण भएका ट्रयाक्टर मध्ये निजी फर्मलाई समेत वितरण गरेको देखिन्छ । व्यक्तिको स्वामित्वमा रहने फर्मलाई, फर्म कै स्वामित्वमा ट्रयाक्टर उपलव्ध गराउँदा सो ट्रयाक्टरवाट वहुसंख्यक कृषकले सेवा सुविधा पाएको निश्चत हुने आधार भएन । सामूहिक हितमा संलग्न सहकारी संस्था कृषक समूहलाई वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२३. **मालसामानको गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । बाली संरक्षण प्रयोगशाला बाँकेले रेफ्रिजेशन प्रणालीको आपूर्ति तथा जडान कार्यका लागि एक ईन्टरप्राइजेजसँग २०७६।३।१३ मा सम्झौता गरी २०७६।३।२५ मा आपूर्ति तथा जडान वापत रु. १४ लाख ९६ हजार भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको पाइएन । खरिद गरेको मालसामान गुणस्तरीय रहेको कुरामा विश्वस्त हुने आधार प्रमाण पेश हुनुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरु

२४. **कार्यविधिको पालना** - स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. ४ मा तोकिएको सम्भाग तथा उपक्षेत्रहरु किटान गरी तोकिए बमोजिमको क्षेत्रमा तोकिएको प्रतिशतमा लगानी गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र बाँकेले यसवर्ष १० स्मार्ट कृषि गाउँ कार्यान्वयन समितिलाई रु. ४ करोड ३ लाख २१ हजार अनुदान उपलव्ध गराएकोमा स्मार्ट कृषि गाउँ कार्यान्वयन समितिले कार्यविधि बमोजिम सम्भाग तथा उपक्षेत्रमा खर्च गरेको देखिएन । कार्यविधिको पूर्णपालना र प्रक्रिया पूरा गरी अनुदान वितरण गर्नुपर्दछ ।

२५. **सम्झौताको पालना** - कृषि ज्ञान केन्द्र कपिलवस्तुले लागत अनुमान रु. ६१ लाख ३ हजार रहेको विराट स्मार्ट कृषि गाउँ कार्यक्रममा लागत साझेदारीको आधारमा ८० प्रतिशत अर्थात रु. ५० लाख अनुदान सम्झौता भई रु. ३७ लाख ९० हजार भुक्तानी गर्दा सामाजिक परीक्षण, कार्यसम्पन्न प्रतिवेदन, गाउंपालिका/नगरपालिकाको सिफारिश बेगर भुक्तानी दिएको उचित देखिएन । सम्झौताको पालाना हुनुपर्दछ ।

२६. **अनुदानको उपयोग** - कार्यालयवाट प्राप्त अनुदान रकमको उचित प्रयोग हुनुपर्दछ । कृषि ज्ञान केन्द्र कपिलवस्तु अन्तर्गत चतुर्भुजी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिलाई रु.४५लाख २० हजार भुक्तानी गरेको मध्ये चिलिङ भ्याट, जेनेरेटर, मिल्क एनालाईजर तथा पिकअप भ्यान खरिद कार्यको लागि रु. १९ लाख ९१ हजार अनुदान भुक्तानी गरेको देखिन्छ । स्थलगत निरीक्षण गर्दा उल्लेखित सामग्री बिद्युत आपूर्ति पूर्ण क्षमतामा नहुँदा प्रयोगमा नल्याएकोले प्रतिफल प्राप्त गरेको देखिएन । तसर्थ कार्यक्रमको उद्देश्य अनुरुप प्रयोगमा ल्याउनु पर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतका २७ निकायको लेखापरीक्षणबाट रु.१ करोड ८९ लाख ३६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १५ लाख ५२ हजार फछ्यौंट गरेकोले रु.१ करोड ७३ लाख ८४ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची - ९ मा छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र अर्न्तगतका ४३ निकायहरुको लागि विनियोजन रु. ७ अर्व ८३ करोड ९२ लाख ७९ हजार, राजश्व रु. २ अर्व ३६ करोड ११ लाख ९८ हजार, धरौटी रु. १ अर्व ६१ लाख ८९ हजार र अन्य कारोवार रु. २ करोड ३० लाख ६४ हजार समेत रु. ११ अर्व २२ करोड ९७ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय अन्तर्गत विकास समितिको राजश्व र धरौटी तर्फको एकीकृत आर्थिक विवरण तयार गरेको छैन । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रतिवेदन -** मन्त्रालयको विनियोजनतर्फ कूल बजेट रु २६ करोड २३ हजार मध्ये कुल खर्च रु. १४ करोड ६ लाख ९४ हजार भई वित्तीय प्रगति ५४.१ प्रतिशत रहेको छ ।

१.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, को दफा ४६ बमोजिम वित्तीय प्रतिवेदनहरु विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक भएको पाइएन ।

१.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४को दफा २० बमोजिम वजेट तथा कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक रुपमा समीक्षा तथा मूल्याङ्कन हुने गरेको देखिएन ।

२. **नीति कार्यान्वयन -** मन्त्रालयले प्रादेशिक यातायात व्यवस्था, विपद व्यवस्थापन, सडक सुरक्षा, प्रादेशिक जलस्रोत, प्रादेशिक विद्युत, प्रादेशिक सहरी विकास तथा आवास प्रादेशिक पूनर्वास तथा पुनस्थापना नीति तर्जुमा गर्ने तथा सो को कार्यान्वयन गर्न आवश्यक प्रादेशिक सडक ऐन, प्रादेशिक विद्युत ऐन, सडक सुरक्षा ऐन, प्रादेशिक जलस्रोत ऐन लगायतका कानुन तथा कार्यविधि तर्जुमा लगायतका कार्यहरु हुन सकेको देखिएन । मन्त्रालयको कार्यक्षेत्र भित्रका नीति तर्जुमा तथा सोको कार्यान्वयन हुनुपर्दछ ।

३. **कार्यसम्पादन स्थिति -** प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नुपर्ने कार्यहरुमध्ये प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन, प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण संचालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन समेतका कार्यक्रमहरुको नीति, कानून तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको देखिएन । त्यस्तै मन्त्रालयले प्रदेश स्तरीय पूर्वाधार व्यवस्थापन कानुन तथा गुरुयोजना सम्बन्धि मापदण्ड, प्रदेश स्तर पूर्वाधार सेवाको गुणस्तर तथा शुल्कको आधार निर्धारण, पूर्वाधार क्षेत्रमा हुने लगानी सहभागिताको मापदण्ड तयार, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन प्रविधि विकास र व्यवस्थापनका लागि संरक्षण र उपयोग नीति तर्जुमा, प्रदेशस्तरमा जल गुण, बायु गुण व्यवस्थापनका लागि प्रदेश स्तरमा प्रयोगशाला स्थापना, प्रदेश स्तरका सरकारी कार्यालयको व्यवस्थापन र निर्णय सम्बन्धि नीति, कानुन, मापदण्ड र योजना, सहरी विकास र आवास सम्बन्धि शहरको विकास योजना तर्जुमा, कार्यान्वयन, पदाधिकारी आवास व्यवस्थापनको गुरुयोजना तयार गर्ने, नागरिकको शुरक्षित बसोबास र जग्गा एकिकरण सम्बन्धि नीति तर्जुमा र मापदण्ड तयार गरेको छैन । मन्त्रालयबाट तोकिए बमोजिम कार्य सम्पादन हुनुपर्दछ ।

४. **दरबन्दी र पदपूर्ति -** निजामती सेवा ऐन, २०४९ अनुसार मन्त्रालय र अन्तरगत निकायको स्वीकृत दरबन्दीको पदपूर्ति गरी सेवा प्रवाह गरेको हुनु पर्दछ । मन्त्रालयको २०७५।७६ को बार्षिक प्रगति प्रतिवेदन अनुसार २०७६ वैशाख सम्ममा मन्त्रालय र अर्न्तगत निकायहरु समेतमा प्रशासन, कानुन, विविध तथा इन्जिनियरीङ सेवा समेतका ७४४ स्वीकृत दरबन्दी रहेकोमा ५१९ दरबन्दी पदपुर्ती भई २२५ दरबन्दी रिक्त रहेको देखियो । रिक्त दरबन्दी मध्ये, उपसचिव प्रशासन र सिडिई समेतका दरबन्दी रिक्त रहकोले ऐन अनुसार पदपूर्ति गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति

अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । तर यो ऐन, २०७५।१।५ गते जारी भएकोमा लेखापरीक्षण अवधि २०७६।८।२० सम्म लागु नभएको र दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समिति गठन भएको छैन ।

६. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य बिभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारबाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत बिवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

७. **बढी भुक्तानी -** घरेलु सौर्य उर्जा प्रणाली अनुदान कार्यविधि २०७५ दफा ७(५) मा १०० वाट (८० देखि १०० एम्पेयर व्याट्रि) पिक क्षमता भएको सौर्य विद्युत जडान गर्दा कुल लागतको ७५ प्रतिशत अनुदान वा अधिकतम रु २९४०० अनुदान दिने व्यवस्था छ । मन्त्रालयले यस वर्ष नवलपरासी पश्चिममा सूचीकृत विभिन्न तीन कम्पनीहरुसँग सम्झौता गरी सौर्य उर्जा जडान गर्दा रु.१४ लाख ४४ हजार भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु. २ लाख ४१ हजार असूल हुनुपर्दछ ।

त्यस्तै, मन्त्रालयले एक आपूर्तकबाट हार्ड टप फोरव्हील जीप खरीद कार्य गरी रु ७२ लाख ४२ हजार भुक्तानी गरेकोमा सम्मानित सार्वजानिक लेखा समितिबाट छानविन गरी रु ६८ लाख ५५ हजारमात्र भुक्तानी दिने वा भुक्तानी भैसकेको भए बाँकी रकम अशुलउपर गर्ने निर्देशन दिएकोमा विक्रेतालाई बढी भुक्तानी भएको रु ३ लाख ८७ हजार फिर्ता गरेको देखिएन । उक्त रकम असुल हुनुपर्दछ ।

८. **वोलपत्र सहभागिता -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ (२) च मा वोलपत्र दाताहरु विच खरिद सम्वन्धी काम वांडफांड गर्नु वा वोलपत्र प्रस्तावको मुल्याङ्कन कृत्रिम वा आपूर्ति प्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला वा स्वतन्त्र प्रतिस्पर्धाको माध्यमबाट वंञ्चित गर्ने उदेश्यले वोलपत्र वा प्रश्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नदिने उल्लेख छ । यसवर्ष मन्त्रालय अन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देही र दाङको ८८ र ११०, सडक पूर्वाधार कार्यालय दाङ र गुल्मीको ९७ र ५६, बाणगंगा सिंचाई प्रणाली कपिलवस्तुको ६ तथा शहरी विकास तथा भवन कार्यालय दाङको १० समेत ३६७ ठेक्काको कूल लागत अनुमान रु. २ अर्व १२ करोड ६ लाख ४१ हजार रहेकोमा रु. १ अर्व ६४ करोड ८५ लाख २४ हजारमा सम्झौता भएको छ । समग्रमा लागत अनुमानको तुलनामा कवोल अंक न्यून देखिए तापनि ठेक्कागत रुपमा विश्लेषण गर्दा शुन्य प्रतिशत न्यूनमा ठेक्का सम्झौता भएकोसमेत देखियो । न्यून प्रतिस्पर्धा भएकोमा कार्यालयले निर्माण व्यवसायीहरु बीच मिलेमतो भए नभएको विश्लेषणनै नगरी ठेक्का सम्झौता गरेको देखिएकोले नियममा भएको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक तवरले ठेक्का बन्दोवस्त गर्नुपर्दछ ।

९. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समितिबाट गराउने साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान खुलाई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालय अन्तर्गतका २ कार्यालयहरुले ३ उपभोक्ता समितिबाट गराएको नदी नियन्त्रण तथा मेन क्यानल रिसेपिङ कार्यमा रु. २ करोड ५४ लाख ५७ हजारको लागत अनुमान तयार गर्दा नियमावली बमोजिम इकाइगत रुपमा लागत अनुमानमा उपभोक्ता समितिको योगदान खुलाएको छैन । नियमले गरेको व्यवस्था बमोजिम प्रत्येक ईकाईमा उपभोक्ताको अंश खुल्ने गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु

१०. **योजना स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९, २० र २२ अनुसारको कार्यविधि अपनाई सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गराउनु पर्नेमा कार्यालयले कार्यक्रम र बजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन । मन्त्रालयबाट बजेट, अख्तियारी तथा कार्यक्रम प्राप्त भएपछि मात्र सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गरी खर्च गर्ने गरेको देखियो । यसबाट स्थानीय

क्षेत्रका जनताको माग र सम्भाव्यताको आधारमा योजना तयारी हुन सक्ने देखिदैन । नियमावलीको प्रक्रिया अनुसार योजना तयारी, लागत अनुमान, योजना स्वीकृती र कार्यान्वयन गर्नुपर्दछ ।

११. **पाइप तथा फिटिङ्स खरिद** - नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय अनुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाल्पाको गत वर्षको जिम्मेवारी रु २करोड ६५ लाख ४० हजार, रुपन्देहीको रु २ करोड ८५ लाख ६२ हजार, दाङको रु १२ करोड २५ लाख १५ हजार रहेकोमा यो वर्षको अन्त्यमा क्रमशः रु १ करोड ९९ लाख ७७ हजार, ६ करोड १७ लाख ३ हजार र रु ११ करोड ८ लाख ६५ हजार मूल्यका विभिन्न साइजका पाइप तथा फिटिङस् मौज्दातमा रहेको देखियो । त्यस्तै प्युठानको रु ८ करोड ३२ लाख ७८ हजार र गुल्मीको रु ४ करोड २७ लाख ४२ हजार मौज्दात रहेको देखियो । गत विगत वर्षको मौज्दात समेतलाई ख्याल गरी पाइप तथा फिटिङ्सहरु खरिद हुनुपर्दछ ।

१२. **पाँच वर्ष भन्दा पुराना आयोजना -** योजना सम्पन्न गर्ने लागत, श्रोत तथा अवधि सुनिश्चित गरी आयोजना सञ्चालन गर्नुपर्दछ । कार्यालयबाट सञ्चालित आयोजनाहरुको आयोजनाको लागत, काम सम्पन्न गर्ने अवधि र वार्षिक बजेट वीचमा सामान्जस्यता रहेको देखिएन । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयद्वारा सञ्चालित खानेपानी आयोजनाहरु मध्ये पाल्पाको लागत अनुमान रु २२ करोड ५७ लाख ४८ हजारका ७ योजनामा यो वर्षसम्म रु. ११ करोड ९ लाख १९ हजार, रुपन्देहीको लागत अनुमान रु ९२ लाख ९० हजारको १ योजनामा रु. ५५ लाख ७७ हजार र दाङको रु. १ अर्व १६ करोड ९७ लाख १ हजारका २३ योजनामा रु. ३३ करोड १२ लाख १ हजार खर्च भएकोले सन्चालित योजनाहरु लामो अवधिसम्म पनि पुरा हुन सकेको देखिएको छैन । तोकिएको समयमा सम्पन्न तथा सञ्चालन हुन नसक्दा आयोजना लागत बढ्न जाने तथा लक्षित उपलब्धी न्यून हुन जान्छ । तोकिएको समयमा आयोजना सम्पन्न गर्नका लागि पुराना आयोजना सम्पन्न नभएसम्म नयाँ आयोजना थप नगर्ने र आयोजनाका लागि सम्पन्न हुन सक्ने तवरले पर्याप्त बजेट विनियोजन गरी योजना सम्पन्न गराउनु पर्दछ ।

१३. **एक करोड माथिका आयोजना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) र १(क) अनुसार मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता अंश समेतको रकम समावेस भएको रु. १ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पाले रु १ करोड भन्दा बढी लागत अनुमान रु ८२ करोड ५९ लाख ६८ हजारका २५ खानेपानी आयोजनाहरुसमेत उपभोक्ता समितिबाट गराई गतवर्षसम्म रु १५ करोड ३९ लाख ७६ हजार खर्च भएकोमा यो वर्ष रु १० करोड ८१ लाख ४७ हजार खर्च भएको छ । निर्धारित सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउँदा प्राविधिक कठिनाइका साथै कामको गुणस्तरमासमेत असर पर्दछ । नियमावली विपरीत सम्झौता गरी कार्य गराउने पदाधिकारीलाई कारवाही गर्नुपर्दछ ।

सडक डिभिजन तथा पूर्वाधार विकास कार्यालय

१४. **कर विजक -** मूल्य अभिबृद्धि नियमावली, २०५३ को अनुसूची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहित प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय प्युठानले ३ ठेक्कामा रु २ करोड ३३ लाख ४६ हजार, कपिलवस्तुले १ ठेक्कामा रु १ करोड ३५ लाख ६१ हजार, पूर्वाधार विकास कार्यालय, प्युठानले १३ ठेक्कामा रु ४ करोड ३४ लाख ३८ हजार, बाँकेले २ ठेक्कामा ४२ लाख ८५ हजार भुक्तानी गर्दा विजक नं. नभएको, डबल राइटिङ गरेको, केरमेट भएको विजकबाट रु १ करोड १० लाख २ हजार मु.अ.कर भुक्तानी गरेकोले समायोजन प्रमाण पेश हुनुपर्दछ ।

१५. **अभिलेख खाता** - डिभिजन सडक कार्यालयहरुले आफ्नो क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिगवाल आदिको लगत अद्यावधिक गरी राख्नुपर्ने गरी सडक विभागले परिपत्र गरेको छ । कार्यालयले लगत नराखेकोले आगामी दिनमा स्ट्रक्चरको पुनः निर्माण तथा मर्मत सुधार सम्बन्धी योजना तयार गर्न कठिनाई पर्ने हुंदा विभागीय परिपत्र अनुसार लगत दुरुस्त अवस्थामा राख्नुपर्दछ ।

१६. **अधुरा आयोजना** - योजना सम्पन्न गर्ने लागत, श्रोत तथा अवधि सुनिश्चित गरि आयोजना सञ्चालन गर्नु पर्दछ । कार्यालयबाट सञ्चालित आयोजनाको लागत, काम सम्पन्न गर्ने अवधि र वार्षिक बजेट वीचमा सामान्जस्यता रहेको देखिएन । सडक डिभिजन कार्यालय, प्युठानद्धारा सञ्चालित लागत अनुमान रु २२ करोड

४६ लाख ३६ हजारका २७ योजनाहरुमा यो वर्षसम्म रु १४ करोड ४४ लाख ७८ हजार खर्च भएको देखियो । २०७५सम्ममा सम्पन्न गर्ने गरी २०७१ मा शुरु भएका उल्लेखित आयोजनाहरु लामो अवधिमा यो वर्षसम्म सम्पन्न तथा सञ्चालन हुन नसक्दा आयोजना लागत बढ्न जाने तथा लक्षित उपलब्धी न्यून हुन जान्छ । तोकिएको समयमा आयोजना सम्पन्न गर्नका लागि पुराना आयोजना सम्पन्न नभएसम्म नयाँ आयोजना थप नगर्ने र आयोजनाका लागि सम्पन्न हुन सक्ने तवरले पर्याप्त बजेट विनियोजन गरी योजना सम्पन्न गराउनु पर्दछ ।

१७. **लागत अनुमान तथा बोलपत्र स्वीकृत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ उपनियम १ को खण्ड (ख) अनुसार एक करोड रुपैयाँ देखि पाँच करोडसम्मको लागत अनुमान तथा नियम ६७ (१) अनुसार तीन करोड भन्दा बढी सात करोडसम्मको बोलपत्र राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । पूर्वाधार विकास कार्यालय, दाङले एक करोड रुपैयाँ भन्दा बढीको २५ योजनाको निर्माण कार्यको लागत अनुमान रु ४१ करोड २७ लाख ६७ हजार तथा रु २७ करोड ७१ लाख ६१ हजार बोलपत्र राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गरेकोले नियमसम्मत भएन । नियमावली अनुसार लागत अनुमान र बोलपत्र स्वकृति हुनुपर्दछ ।

१८. **भेरिएसन आदेश -** खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पस्ट कारण खुलाई पाँच प्रतिशत सम्मको भेरिएसन सम्वन्धि सार्बजनिक निकायको राजपत्राङ्कित द्वितिय श्रेणि वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, दाङले सम्झौता रु १ करोड ८१ लाख ३९ हजारका ६ ठेक्काहरुलाई रु १ करोड ४९ लाख ४ हजार भुक्तानी गर्ने गरी रु ४ लाख ५ हजारको भेरिएसन आदेश राजपत्राङ्कित तृतिय श्रेणीको कार्यालय प्रमुखले जारी गरेको देखियो । उक्त कार्य नियमसम्मत भएन ।

१९. **सडक सीमा -** नेपाल सडक मापदण्ड २०७० को दफा ३ मा जिल्ला सडक उल्लेख छ । यस प्रकारको सडकमा वजार र उत्पादनको क्षेत्रमा रहने एक अर्कामा जोडिने र मुख्य राजमार्ग जोडिने रहेको छ । गुल्मी जिल्लाले सडक सिमा सडकको वीच भागबाट १५/१५ मिटर समेत ३० मिटर कायम गरेको छ । यस जिल्लामा ४० वटा यस प्रकार सडकमा पर्दछ । ती सडकको लम्वाई ५६७.६७ किलो मीटर पर्दछ । यी सडकको सडक सिमा सम्बन्धमा अनुगमन गरी स्थिति प्रतिवेदन पेश भएको छैन । साथै सडक निर्माण गर्दा हाल ८ मिटर (५.५. मिटर सडक पीच १.५० मीटर थप र १ मिटर नाली) कायम गरी निर्माण गरिएको जानकारी प्राप्त भएपनि सो अनुसार समग्र सडकको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

२०. **मूल्य समायोजनः** निर्माण व्यवसायी संग गरेको सम्झौता बमोजिम निर्माण व्यवसायीलाई मूल्य समायोजन दिन सकिने व्यवस्था छ । साथै मूल्य समायोजन रकम भुक्तानी गर्दा प्रोभिजनल आइटम र मोविलाईजेशन पेश्की घटाई दिनु पर्दछ । कार्यालयको स्थानीय सडक पुल कार्यक्रमतर्फ दुमै खोला मोटरेवल पुल निर्माण कार्यमा कार्यरत एक निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौता बमोजिम चौथो विल सम्मको मूल्य समायोजन दिंदा प्रोभिजनल आइटम र जनरल आईटम रु १२ लाख ८३ हजार घटाएरमात्र मूल्य समायोजन दिनु पर्नेमा सो नघटाई दिएकोले मूल्य अभिवृद्धि करसमेत रु १ लाख ६८ हजार बढी भुक्तानी भएको देखियो । त्यस्तै राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमको सन्धीखर्क बल्कोट तम्घास सडक निर्माण कार्यमा कार्यरत अर्को निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौता बमोजिम मूल्य समायोजन दिंदा प्रोभिजनल आइटम र जनरल आईटम रु २८ लाख ७ हजार घटाएर दिनु पर्नेमा सो नघटाई दिएकोले रु ५ लाख ५९ हजार बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ ।

२१. **फलामे डण्डिको नर्म्स** - मन्त्रिपरिषद्द्वारा स्वीकृत निर्माण कार्यको दर विश्लेषणको नर्म्समा एक मेट्रिक टन फलामे छड काट्ने, मोड्ने तथा आवश्यक स्थानमा राख्ने कार्यको लागि १.०५ मेट्रिकटन फलामे छड लाग्ने उल्लेख रहेकोमा सडक पूर्वाधार कार्यालय रुपन्देहीले धमाहा पुल निर्माणको लागि लागत अनुमानको दर विश्लेषण गर्दा सडक विभागले तयार गरेको नर्म्सको आइटम नं. २०.०७(२) मा एक मेट्रिक टन फलामे छडको लागि काट्ने मोड्ने समेतको लागि १.१५ मेट्रिक टन लाग्ने उल्लेख भएको आधारमा कूल लागत अनुमान रु.७ करोड १५ लाख ३८ हजार स्वीकृत भएको छ । स्वीकृत लागत अनुमानको प्रति मे.टन दर रु.१ लाख १५ हजार भएको र नर्म्स १.०५ मेट्रिक लाग्ने हिसावले प्रति मेट्रिक टन रु.१ लाख ११ हजार लाग्ने हुँदा प्रति मेट्रिक टन रु.४१८६।- बढी लाग्ने गरी लागत अनुमान स्वीकृत गरेको देखियो । लागत अनुमानको परिमाण फाउण्डेसन र सुपर स्ट्रक्चर समेतमा १४८.१५ मेट्रिक टनमा बढी दर रु.४१८६।- ले हुने रु.६ लाख २० हजार बढी व्ययभार परेको छ । लागत अुनमान तयार गर्दा मन्त्रीपरिषद्वाट स्वीकृत भएको नर्म्सको प्रयोग गर्नुपर्दछ ।

२२. **ग्राभेलको नर्म्स** – सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद कार्य मितव्ययी हुनुपर्ने उल्लेख छ । स्थानीय स्तरका सडक निर्माण कार्य गर्दा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागले तयार गरेको नर्मस प्रयोग गर्नुपर्दछ । नर्म्समा एक घन मीटर ग्राभेलिङ्ग कार्य गर्न १.१० घन मीटर ग्राभेल लाग्ने उल्लेख छ । स्थानीय पूर्वाधार विकास कार्यालयले ४ ठेक्का व्यवस्थापन गर्दा लागत अनुमानमा १.२८ घ.मी. प्रयोग गरेको कारण १७,९०५ घनमिटरको रु. ४८ लाख ६० हजार बढी लागत अनुमान स्वीकृत भएको देखियो । बढी दरको नर्म्स प्रयोगमा ल्याउँदा सार्वजनिक निर्माणमा एकरुपता र मितव्ययिता नआउने देखिएकोले नर्म्समा एक रुपता ल्याउनुपर्दछ ।

२३. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन,२०५२ मा मूल्यअभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले सो कर उठाउन नहुने उल्लेख छ । पूर्वाधार विकास कार्यलय, रुपन्देहीले एक जेभीलाई रु.३४ लाख ३३ हजार भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रु.३ लाख ९८ हजारसमेत भुक्तानी गरेकोमा उक्त जे.भी. मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । मूल्य अभिवृद्धि करमा दर्ता नभएको निर्माण व्यवसायीलाई भुक्तानी दिएको मु अ कर रु. ३ लाख ९८ हजार असुल हुनुपर्दछ ।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय

२४. **सेवा शुल्क निर्धारण -** सिचाई नियमावली, २०५६ को नियम २६ अनुसार सरकारले विकास तथा संचालन एवं निर्माण गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरेका परियोजनाबाट उपभोक्ताले सेवा उपभोग गरेबापत बुझाउनुपर्ने सेवा शुल्कको दर निर्धारण गर्न प्रत्येक जिल्लामा सेवा शुल्क निर्धारण समितिको गठन हुने र नियम २८ अनुसार सिंचाई सेवा उपलब्ध भई बढन जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि समितिले न्यूनतम सेवा शुल्क निर्धारण गर्ने व्यवस्था छ । सेवा शुल्क निर्धारण समितिले सिंचाई सेवा उपलब्ध गराईएको उपभोक्ताहरुबाट सेवा उपभोग गरेको न्यूनतम सेवा शुल्कको दर निर्धारण गरेको देखिएन । नियमावलीको उल्लेखित व्यवस्था अनुसारको सेवा शुल्क निर्धारण समिति सक्रिय रहेकोसमेत देखिएन । समितिद्धारा न्यूनतम सेवा शुल्क निर्धारण नगरेकोले उपभोक्ताबाट उठाउनुपर्ने सेवा शुल्क असुल हुन सकेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार न्यूनतम सेवा शुल्कको दर निर्धारण गरी सिंचाई सेवा उपभोग गर्ने लाभग्राही वा जल उपभोक्ताहरुबाट सेवा शुल्क उठाउनु पर्दछ ।

२५. **टुक्रापारी सिलबन्दी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्नेमा जलश्रोत तथा सिंचाई विकास कार्यालय, नवलपरासी पश्चिमले तुरीया खोला सिंचाइ योजनाको लागत अनुमान तयार गर्दा फिजिकल कन्टिजेन्सी ,मुल्य समायोजन, कन्टिजेन्सी, मूल्य अभिवृद्धिकर कन्टिजेन्सीसमेत समावेश गरी रु १२ करोड ३७ लाख २ हजारको लागत अनुमान तयार गरेकोमा २३ वटा प्याकेजमा टुक्रा पारी सिलबन्दि दरभाउपत्रबाट निर्माण कार्य गराएकोले नियमसम्मत भएन ।

२६. **निर्माण व्यवसायीको विजक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संग्लग्न गराउन नहुने उल्लेख छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, अर्घाखाँचीले ५ उपभोक्ता समितिहरु मार्फत योजना कार्यान्वयन गराउने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले ३ निर्माण व्यवसायीबाट १० गेजका जी आई वायर खरिद गरी रु १६ लाख ८२ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिको काममा निर्माण व्यवसायी संलग्न गराई भुक्तानी दिएको नियमित भएन ।

२७. **जमानतको म्याद** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११०(४) मा निर्माण व्यवसायीले निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना वढी अवधिको म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रहेकोमा भूमीगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रुपन्देहीले विभिन्न १८ ठेक्कामा रु.२५ लाख ५ हजार वैंक जमानत लिएकोमा ५ महिनासम्मको घटि म्याद रहेको देखियो । घटी अवधिको वैंक जमानत लिंदा निर्माण कार्यमा जोखिम वढ्न सक्ने हुँदा तोकिएको अवधिसम्मको जमानत राख्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतका ४३ निकायको लेखापरीक्षणबाट रु. ४४ करोड ३६ लाख ४० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ४ लाख ९२ हजार फछ्यौंट गरेकोले रु.४४ करोड ३१ लाख ४८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.२१ करोड ९९ लाख २ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची- ९ मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलखूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र अन्तरर्गतका ३१ निकायहरुको विनियोजन रु. २ अर्व ६४ करोड ६२ लाख १० हजार, राजश्व रु. २९ लाख ३२ हजार, धरौटी रु. २ करोड ४८ लाख ७८ हजार र अन्य कारोवार रु. १ करोड ७५ लाख ७८ हजार तथा अन्य संस्था र समिति १४ को रु. १ अर्ब ४० करोड ५१ लाख ९० हजार समेत रु. ४ अर्ब ९ करोड ६७ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रतिवेदन -** मन्त्रालयको विनियोजनतर्फ कूल बजेट रु. ७६ करोड ३३ लाख ६८ हजार मध्ये कुल खर्च रु. ५२ करोड ३४ लाख ७२ हजार भई वित्तीय प्रगति ६८.५७ प्रतिशत रहेको छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम वित्तीय प्रतिवेदनहरु विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गरेको पाइएन । प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा २० बमोजिम वजेट तथा कार्यक्रमको अर्धवार्षिक, वार्षिक रुपमा समिक्षा तथा मुल्याङ्कन गर्नुपर्दछ ।

२. **दरवन्दी र पदपूर्ति -** मन्त्रालयले निजामती सेवा ऐन, २०४९ अनुसार मन्त्रालय र अन्तर्गत निकायहरुको कुल दरवन्दी र पदपूर्ति सम्बन्धी अभिलेख तयार गरेको छैन । मन्त्रालयको स्वीकृत दरवन्दी ५४ मध्ये ३३ पद पूर्ति भएको र विभिन्न दर्जाका २१ पद रिक्त रहेको देखियो । कार्यरत कर्मचारीको ऐनको दफा ५ (क) बमोजिम कार्य विवरण बनाएको छैन । रिक्त पदहरु निजामती सेवा ऐन, २०४९ अनुसार पदपूर्ति गरी कार्यविवरण अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

३. **खर्चको प्रमाण** - मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद बीच कार्यक्रम संचालन गर्न सम्झौता गरी परिषदलाई विल भरपाई वेगर रु. २७ करोड ५९ लाख ३५ हजार भुक्तानी गरेको छ । उक्त खर्चको प्रमाण पेश हुनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । ऐन प्रमाणीकरण भएको २ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार नभएकोले मन्त्रालयले अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

५. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ अनुसूची २ मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकिकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असूल गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकारवाट प्रदेश सरकार मातहत आएका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत बिवरण तयार गरेको पाईएन । कानूनले तोके अनुसार सम्पत्ति तथा सरकारी रकमको लगत अद्यावधिक गरी उचित संरक्षण गर्नुपर्दछ ।

६. **शैक्षिक मापदण्ड -** मन्त्रालयले शैक्षिक तथ्याङ्कन संकलन कार्य तथा शिक्षक व्यवस्थापन सम्बन्धि मापदण्ड तयार नगरेकोले प्रदेशको पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात ज्यादै न्यून भई विद्यालयहरु एक अर्कोमा गाभी संचालन गर्नुपर्ने र विद्यार्थीनै नभएको अवस्थामा समेत शिक्षकहरुलाई तलव भत्ता लगायत संचालन खर्चहरु निकासा दिनु परिरहेको छ । रुपन्देही लगायत तराईका जिल्लाहरुमा विद्यार्थी संख्याको उपस्थितिमा शिक्षक संख्या ज्यादै न्यून भई राहत, स्वयंसेवक तथा निजीश्रोतका शिक्षकहरुद्धारा अध्यापन गराउनु पर्ने अवस्था रहेको छ । शिक्षक व्यवस्थापन मापदण्ड तथा ऐन, नियम तयार पारी शिक्षक विद्यार्थी अनुपात विश्लेषण गरी शिक्षक दरबन्दी समायोजन गरी शैक्षिक गुणस्तर उच्च बनाउनुपर्दछ ।

७. **स्वास्थ्य मापदण्ड -** स्वास्थ्य सेवा सम्बन्धी संघ संस्थाको गुणस्तर, दर्ता, संचालन, अनुमति, नवीकरण, नियन्त्रण सम्बन्धी प्रादेशिक मापदण्ड तथा कार्यक्रम संचालन गरेको हुनु पर्दछ । मन्त्रालयले त्यस सम्बन्धी मापदण्ड, कानुन तयार गरेको देखिएन। त्यस सम्बन्धी कानुन मापदण्ड तयार गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनु

पर्दछ । त्यस्तै मन्त्रालयले औषधी बफर स्टक, स्वास्थ्य बीमा, औषधी निगरानी, सूर्ति, मदिरा, लागुपदार्थ तथा कुलतजन्य लागुपदार्थको प्रादेशिक मापदण्ड/नीति निर्माण सम्बन्धि कार्यहरु गरेको छैन । यस सम्बन्धि नीति तथा मापदण्ड निर्धारण गर्नुपर्दछ ।

राप्ती प्रादेशिक अस्पताल

८. **बैठक भत्ता –** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यीता सम्वन्धि निर्देशीका, २०७५ परिच्छेद २ मा एउटै निकाय र अन्तरगतका पदाधिकारी कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नपाईने, कानुन तथा कुनै आदेशबाट गठित समिति वा कार्यदलको वैठकका लागि मात्र भत्ता प्रदान गरिने, बैठकमा सहायक कर्मचारी र सहयोगी कर्मचारी एक एक जनाका साथै विशेषज्ञ सेवा आवश्यक परेमा वढिमा ३ जना आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न सकिने र मितव्ययी ढंगले न्युनतम संख्यामा वैठक वसी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ६ जना देखि १४ जनासम्मको एकै दिन ३ देखि ८ वटासम्म वैठक वसेको देखाई रु ५ लाख ८५ हजार बैठक भत्ता खर्च गरेको देखियो । बैठकका सहभागी सबै अस्पतालका कर्मचारीहरु मात्र रहेको, तोकिए भन्दा वढी संख्यामा सहभागी रहेको देखिएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

९. **नाफा रकम दाखिला -** अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ को दफा १६.२ अनुसार खुद नाफाको ९० प्रतिशत रकम र दफा १५.७ अनुसार औषधी विक्रिको कुल रकमवाट हरेक महिना कम्तिमा १० प्रतिशत रकम अस्पतालको मुल खातामा राख्नु पर्ने व्यवस्था छ ।

९.१. फार्मेसीले यो वर्षको विक्री रु १ करोड ६ लाखको १० प्रतिशत रु १० लाख ६० हजार मुल खातामा दाखिला गर्नुपर्नेमा रु ७ लाख २३ हजार मात्र दाखिला गरेकोले बाँकी रु ३ लाख ३७ हजार दाखिला हुनुपर्दछ ।

९.२. यो वर्ष फार्मेसीको खुद नाफा ७ लाख २३ हजार देखिएकोले सोको ९० प्रतिशत रु ६ लाख ५४ हजार अस्पतालको मुल खातामा दाखिला गरेको छैन । उक्त रकम निर्देशिका अनुसार मुल खातामा दाखिला हुनुपर्दछ ।

लुम्बिनी प्रादेशिक अस्पताल

१०. **भवन निर्माण -** कार्यालयको अपरेसन थियटर भवन बनाउने सम्बन्धमा तत्कालिन लुम्बिनी अस्पताल विकास समितिको २०७१ माघ ११ को निर्णय बमोजिम भवनको कुल लागत ८० प्रतिशत नेपाल सरकारको र बाँकी २० प्रतिशत अस्पताल विकास समितिको व्ययभार हुने भनी निर्णय गरेको देखिन्छ । तर भवन सम्पन्न भई सक्दा नेपाल सरकार र अस्पताल विकास समितिबाट भएको खर्चको अभिलेख राखेको देखिएन । साथै यस बर्षको कुल खर्च रु.२ करोड ९९ लाख ९० हजार मध्ये रु.४ लाख ३९ हजार मात्र समितिबाट भुक्तानी गरेको देखिन्छ । समितिबाट खर्च लेख्नुपर्ने रकम समेत संघीय अनुदानबाट खर्च लेखेकोले रु.५५ लाख ५८ हजार समितिको खाताबाट संघीय कोषमा दाखिला हुनुपर्दछ ।

११. **सम्झौता भन्दा बढी भुक्तानी -** कार्यालयले ओ.टी. भवन माथि तला थप्ने कार्यका लागि २०७२।१०।१३ मा एक जे.भि संग रु. ११ करोड २६ लाख ३२ हजारमा सम्झौता गरेकोमा २०७५।१०।१४ सम्म १४ औं विल सम्मको रु. ११ करोड ४६ लाख २६ हजार भुक्तानी गरेको देखिन्छ । साथै विभिन्न ४१ आइटमहरुमा स्वीकृत लागत अनुमान भन्दा बढी परिमाणमा काम गराइएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वयनका क्रममा सृजना भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम भेरिएसन आदेश जारी नगरी सम्झौता भन्दा रु. १९ लाख ९४ हजार बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१२. **मूल्य समायोजन -** खरिद सम्झौता अनुसार मोविलाइजेशन पेश्की घटाएर मात्र मूल्य समायोजन गर्नुपर्नेमा बाह्रौ विलसम्म गत बर्षको बाँकी पेश्की रु.५० लाख ४२ हजार मध्ये बाह्रौ विलमा रु.१५ लाख ५० हजार मात्र घटाई मूल्य समायोजन गराएको छ । बाँकी रु.३४ लाख ९२ हजार पेश्की मूल्य समायोजनमा घटाएको नदेखिएको हुदाँ उक्त मूल्य समायोजनमा घटाउन बाँकी पेश्की रकमको बाह्रौ विलमा मूल्य समायोजन फ्याक्टर १.१६७९ ले गुणान गर्दा रु.५ लाख ८६ हजार बढी मूल्य समायोजन भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१३. **लागत अनुमान स्वीकृति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(१) को खण्ड (घ) मा दश करोड रुपैया भन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखवाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेकोमा

अस्पतालले डाईग्नोष्टि भवन निर्माण र अपरेसन थिएटर भवनमा तला थप गर्ने दुई निर्माण कार्यको लागि तयार भएको रु. ३७ करोड ८ लाख ५८ हजारको. लागत अनुमान सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रिबाट स्वीकृत गरेको देखियो । नियमावलीले गरेको व्यवस्था वमोजिम निर्माण कार्यको लागत अनुमान विभागीय प्रमुखबाट स्वीकृत हुनुपर्दछ ।

१४. **बक्यौता भाडा -** अस्पतालले भाडामा लगाएका २२ सटरहरुको २०७६ असार मसान्तसम्म रु ७१ लाख ८९ हजार भाडा असुल हुन बाँकी रहेको देखियो । उक्त भाडा रकम असुल हुनु पर्दछ ।

१५. **सम्झौताको म्याद थप -** आर्थिक वर्ष २०७४।७५ मा नयाँ ठेक्का नभएसम्मको लागि औषधि तथा उपकरण खरिद गरिने व्यवस्था गरी सम्झौताको म्याद सकिएतापनि एक ट्रेडलिंकसंग विभिन्न मितिमा रु ४९ लाख २ हजारको औषधि तथा सर्जिकल सामान खरिद गरेको छ ।

१५.१. सामान खरिद गर्दा गत वर्षको संझौता समाप्त भएपछि म्याद थप नै नगरी पुरानो मूल्यलाई नयाँ आर्थिक वर्षमा समेत आर्थिक वर्ष २०७४।७५ को ठेक्का अनुसार तोकिएको सीमा भन्दा वढी औषधी खरिद गरी रु. २३ लाख ८४ हजार र उपकरण खरिदमा रु २५ लाख १८ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१५.२. सामान खरिद गर्दा गत वर्षको संझौता समाप्तपछि म्याद थप नभएको अवस्थामा अस्पतालमा पुरानो मूल्यलाई नयाँ आर्थिक वर्षमा समेत कायम भएको देखियो । चालु आर्थिक वर्षको लागि अस्पतालले दर विश्लेषण सहितको लागत अनुमान तयार नगरेको र साविक अनुसारको कृषि विकास वैंक लि.को रु १६ लाख २२ हजारको कार्य सम्पादन जमानतको म्याद थपसमेत भएको छैन ।

१५.३. निज आर्पूतकले मोन्टेक्स टेक्स, सिडि ८०, आई एस ई ३००, यूएसजी पेपर तथा विविध मेडिसिन उपलव्ध नगराएको आधारमा अस्पतालले सामान उपलव्ध गराउन पत्र लेखेको देखियो । संझौता अनुसार माग भएको सामान यूएसजी पेपर संझौतामा रु. ९० को दरभाउ उपलव्ध गराउने गरी संझौता भएकोमा एक ट्रेडलिंकसंग रु.१ हजार १२५ का दरले खरिद गरेको देखियो । संझौता वमोजिम सामान उपलव्ध नगराउने आर्पूतकसंग तोकिएको सीमा भन्दा वढी औषधी खरिद गरेको नियमसम्मत देखिएन ।

स्वास्थ्य कार्यालयहरु

१६. **एम्वुलेन्स खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२(क) अनुसार खरिद सम्झौता पश्चात आपूर्तिकर्ता वा सेवा प्रदायकवाट अग्रिम जमानत लिइ खरिद सम्झौता रकमको २० प्रतिशतमा नवढने गरी पेश्की दिन सकिने साथै त्यसरी पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधारमा नवढने गरी र वाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था रहेकोमा स्वास्थ्य कार्यालय रुपन्देहीले आधिकारिक विक्रेता बिच प्रतिस्पर्धा गराउने (क्याटलग) विधिका आधारमा एक व्यवसायीको रु १० लाख ९८ हजार कवोल अकं स्वीकृत गरी एम्वुलेन्स खरिदका लागि सम्झौता गरेको र सम्झौताको दफा ३ मा शतप्रतिशत रकम अग्रिम भुक्तानी दिने शर्त राखी सवै रकम भुक्तानी गरेको देखियो । खरिद ऐनको व्यवस्था अनुसार कवोल रकमको २० प्रतिशतसम्म पेश्की दिइ कार्य प्रगति तथा विल भरपाइ प्राप्त भए पश्चात भुक्तानी दिनु पर्नेमा शतप्रतिशत अग्रिम भुक्तानी दिएको नियमसम्मत देखिएन । नियमको पालना हुनुपर्दछ ।

१६.१. स्वास्थ्य कार्यालय, बर्दियाका जनस्वास्थ्य निरीक्षकलाई विभिन्न स्थानमा १८ सचेतना कार्यक्रम संचालन गरेको उल्लेख गरी रु १ लाख ८० हजार भुक्तानी दिएकोमा २०७५ चैत्र २२ देखि २०७६ बैशाख १ सम्म कार्यक्रम संचालन गरेको विल भर्पाई संलग्न गरेकामा निज सोही समयमा कार्यालयमा हाजिर रहेको र विभिन्न स्थानमा भ्रमणमा गएको समेत देखिएकोले यस सम्बन्धमा छानविन गरी कार्यालयमा हाजिर रही विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गरेको भनि विल भर्पाई तयार गरी भुक्तानी लिने दिने जिम्मेवार कर्मचारीलाई विभागीय कारवाही गरी उक्त रकम असूल गर्नुपर्दछ ।

१७. कपिलवस्तु अस्पतालले १२ सटर भाडामा लगाएकोमा गत विगत देखि २०७५।७६ सम्म रु.५ लाख २१ हजार बहाल उठाउन बाँकी रहेको देखियो । उक्त रकम असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ :

➢ यो वर्ष मन्त्रालय र मातहतका ३१ निकायको लेखापरीक्षणबाट रु.३३ करोड ८७ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १४ लाख १५ हजार फछ्यौंट गरेकोले रु. ३३ करोड ७३

लाख १६ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.४ करोड ५६ लाख ५० हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा छ ।

- अन्य संस्था र समितितर्फ १४ निकायमा रु.९ करोड ५० लाख ५४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. २५ लाख ८९ हजार फछ्र्यौट भएकोले रु.९ करोड २४ लाख ६५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. ३ करोड ८८ लाख ७९ हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची- १० मा छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील सवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु. १ करोड ५६ लाख ८८ हजार र राजश्व रु. ३ हजार समेत रु. १ करोड ५६ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कार्यालयको लेखापरीक्षण गर्दा बेरुजु देखिएको छैन ।

परिच्छेद -४
प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **फछ्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १३९ इकाईको लेखापरीक्षण हुदाँ १० इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ८ र लगती दफा ३१ बाट रु. ३६ लाख ३५ हजार फछ्यौंट भएको र बाँकी ११ इकाईको प्रतिक्रिया प्राप्त भए तापनि फछ्युौंट हुन नसकि शुरु बेरुजू नै कायम भएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १४ इकाईको लेखापरीक्षण हुंदा ३ इकाईको प्रमाण तथा प्रतिक्रिया प्राप्त भई लगति दफा ८ बाट रु. २५ लाख ८९ हजार बेरुजु फछ्यौंट भएको छ। कानून बमोजिम बेरुजू फछ्यौंट गर्ने तर्फ दक्षता अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

प्रदेश अन्तर्गतका निकायहरुको गतवर्षसम्म रु.५ लाख ८ हजार बेरुजु रहेकोमा आर्थिक वर्ष २०७५।७६ मा फछ्यौंट गरी सम्परीक्षणको लागि अनुरोध नभएकोले उक्त बेरुजु कायमै रहेको छ।

२. **बेरुजू न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरु स्थापनाको सुरुवातीको चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि ऐन, खरिद लगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी मार्फत शुरुदेखि नै बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद ५
सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिँदै आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्दछ ।

४. **राजस्व संङ्कलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शूल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी राजश्व संङ्कलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ । यसैगरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाइ सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाइ गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **विनियोजन दक्षता**- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा विनियोजन दक्षता सम्बन्धी व्यवस्था अनुसार बजेट प्रस्ताव गर्दा नयाँ आयोजनाको हकमा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनका हकमा खरीद योजना तथा सम्झौता अनुरुप आगामी बर्ष आवश्यक रकम मात्र प्रस्ताव गर्नुपर्दछ । प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएका बिषय बार्षिक कार्यक्रममा समावेश नहुने, बजेट बक्तव्यमा उल्लेख गरिएका विषयको लागि रकम विनियोजन नहुने, बार्षिक कार्यक्रममा समावेश भएका तथा विनियोजन भएका कार्यक्रमहरु सञ्चालन हुन नसकी बजेट समर्पण गर्ने, आषाढ महिनामा खर्च भार बढी पर्ने, बजेट अवण्डामा राखि खर्च गर्ने गरेको अवस्था देखिएकोले विनियोजन दक्षताले पूर्णता पाएको देखिएन । प्रदेश सरकरको विनियोजन दक्षता अभिबृद्धि हुनुपर्दछ ।

७. **अन्तरनिकाय समन्वय** - नेपालको संविधानले संघ र प्रदेश बीच सहकार्य र समन्वय हुनुपर्ने व्यवस्था गरेको छ । तीन तहका सरकार रहेको अवस्थामा प्रदेश सरकारले स्थानीय तह र संघीय सरकार विच पुलको रुपमा कार्य गर्न तथा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा अन्तर सरकार विच दोहोरो नपर्ने गरी योजना छनौट, बजेट विनियोजन तथा सञ्चालन हुनपर्नेमा सरकार विच समन्वयको अभावले एउटै योजनामा पनि तीनै तहका सरकारबाट योजना छनौट, बजेट विनियोजन तथा सञ्चालन भएको देखिएकोले तिनै तहका सरकार विच समन्वय स्थापित गर्नुपर्दछ ।

८. **कार्यविधिको पालना :-** प्रदेश नं. ५ भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पारित गरेको स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मातोकिएको सम्भाग तथा उपक्षेत्रहरु किटान गरी तोकिए बमोजिमको क्षेत्रमा तोकिएको प्रतिशतमा लगानी गर्नुपर्ने व्यवस्था छ । स्मार्ट कृषि गाउँ कार्यक्रमहरु संचालनको लागि जलवायु स्मार्टमा १० देखि २० प्रतिशत सम्म, सिँचाई स्मार्टमा २० देखि ४० प्रतिशत,

पोषकतत्व स्मार्टमा १० देखि २० प्रतिशत, प्रविधि स्मार्टमा २० देखि ४० प्रतिशत,बजार स्मार्टमा २० देखि ४० प्रतिशत सम्म कुल आयोजना लागतको सम्भागहरुमा खर्च गर्नुपर्नेमा कार्यविधि वमोजिम सम्भाग तथा उपक्षेत्रमा खर्च गरेको नदेखिएकोले कार्यविधिको पूर्णपालना र प्रक्रिया पुरा गरि अनुदान वितरण गर्नुपर्दछ ।

९. **संघीय कानून र प्रदेश कानूनः-** मन्त्रालयहरुले बनाउने ऐन, नियम र कार्यविधि तथा निर्देशिकाहरु संघीय कानुन तथा निर्देशिका, कायविधिहरुसंग बाझिने गरि बनाइन हुँदैन, तर संघीय आर्थिक कार्यविधि ऐन, २०५५ र ५ नं. प्रदेशले बनाएको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७५ को राजश्व आम्दानी दाखिला ढिला गरेमा गरिएको जरिवानाको व्यवस्था बाझिएको देखियो । त्यस्तै संघीय सरकारको अर्थ मन्त्रालयले बनाएको कार्यक्रम सञ्चालन निर्देशिका २०७३ र ५ नं. प्रदेशको सरकारले बनाएको खर्च मितव्ययिता कार्यविधि २०७५ को भत्ता सुविधा सम्बन्धि व्यवस्था समेत बाझिएको देखियो । यसबाट प्रदेशस्तरका कार्यालयहरु तथा स्थानीय तहमा उल्लिखित कानून कार्यान्वयनमा द्विविधा उत्पन्न हुन सक्ने भएकोले यसमा सुधार हुनुपर्दछ ।

१०. **कार्यालय व्यवस्थापनः** प्रदेश नं ५ को सरकारले स्थानीय तहका पदाधिकारीको भत्ता तथा सुविधा सम्बन्धि कानून तर्जुमा गरेको भएतापनि कार्यालय व्यवस्थापन र कर्मचारीको सेवा सुविधा तथा व्यवस्थापन व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण गरेको छैन । कर्मचारीहरुको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले सघीय कानून संग बाझिने गरी कर्मचारीहरुलाई १५ देखी १०० प्रतिशतसम्म प्रोत्सहान भत्ता, इन्धन भत्ता, संचार भत्ता, फिल्ड भत्ता, परिषद भत्ता, खाना भत्ता, अतिरिक्त समय भत्ता, खाजा भत्ता, यातायात भत्तासमेत विभिन्न किसिमका भत्ता दिने तथा पदाधिकारीहरु स्वयमंले निर्णय गरि पोशाक भत्ता, संचार भत्ता, इन्धन भत्ता आदि लिने गरेकोले स्थानीय तहको सेवा सुविधामा विविधता देखिएको छ । त्यस्तै स्थानीय तहको आन्तरिक राजश्व संकलन गरि आर्थिक कार्यविधी ऐनमा तोकिएको समय भित्र दाखिला नगर्ने प्रबृतिसमेत रहेको देखियो । अतः कार्यालयले गाउँपालिका तथा नगरपालिकाका कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धि कानून तर्जुमा गरि स्थानीय तहको कर्मचारी तथा कार्यालय व्यवस्थापन र आर्थिक प्रशासनलाई पारदर्शी, व्यवस्थित, पारदर्शी, मितव्यायी र विधिसम्मत बनाउनु पर्दछ ।

११. **सेवा प्रवाह -** सबै सार्वजनिक निकायले सेवाग्राहीका माग र उपलव्ध सार्वजनिक स्रोतको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न सेवा प्रवाहको मापदण्ड निर्धारण गर्नुपर्दछ । सेवाग्राहीको बढी चाप रहने मालपोत, नापी, वैदेशिक रोजगार, यातायात व्यवस्था लगायतका कार्यालयमा चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याई मध्यस्थ वा बिचौलीयाको भूमिका न्यून गर्ने, सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था गरिनुपर्दछ । स्वास्थ्य सेवामा सहज पहुँच र निःशुल्क पाठ्यपुस्तकको समयमै बितरण, नियमति बजार अनुगमन मार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै सेवाग्राही सन्तुष्टि, नागरिक वडापत्रको कार्यान्वयन अनुगमन गर्दै गुनासो एवं सार्वजनिक सुनुवाई प्रक्रियामा थप सुधार गर्नुपर्दछ ।

१२. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग -** सार्वजनिक एवं गुठी जग्गा र वनको जग्गामा रहेको अतिक्रमणको लगत अद्यावधिक गरी अतिक्रम हटाई संरक्षण गर्ने, सरकारी स्वामित्वमा रहेका घर, जग्गा, सवारीसाधन लगायतका सम्पत्तिको अभिलेख अद्यावधिक गरी सोको संरक्षण, उपयोग गर्नुपर्दछ । खानी उत्खनन, विद्युत उत्पादनको अनुमति, नबीकरण एवं उत्पादन अनुगमनको व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । भेटीघाटी व्यबस्थापन र सम्पदाको मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ ।

१३. **वित्तीय उत्तरदायित्व पालना -** संघ, प्रदेश र स्थानीय तहबाट सम्पादित कार्यको सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत हुने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन, निर्वाचित/मनोनित पदाधिकारीबाट भएको निर्णय प्रति उत्तरदायी बनाउने, सार्वजनिक संस्थान र निश्चित रकमभन्दा माथिका आयोजना सञ्चालनका सूचकहरु तयार गरी सोका आधारमा कार्यसम्पादन सम्झौता अनुसार संस्थान प्रमुख तथा आयोजना प्रमुखको नियुक्ती, निश्चित तह भन्दा माथी कार्यरत कर्मचारी तथा राजनैतिक पदाधिकारीको वित्तीय उत्तरदायित्व पालना स्थितिको मूल्याङ्कन गर्नुपर्दछ । लेखा विवरण पेश नगर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण नगराउने पदाधिकारीलाई विभागीय कारबाही हुने व्यबस्था एवं वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१४. **आन्तरिक लेखापरीक्षण -** प्रदेशले कार्य प्रकृतिअनुसार क्षेत्रगत आन्तरिक नियन्त्रण प्रणाली र आचारसंहिता निर्माण गरी कार्यान्वयन र सोको निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । आन्तरिक लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रता कायम हुनेगरी संगठनात्मक व्यवस्था, पेशागत सक्षमता, मार्गदर्शन, मानदण्ड, निर्देशिकाको कार्यान्वयन, क्षमता अभिवृद्धि तथा सुपरीवेक्षण मार्फत आन्तरिक लेखापरीक्षणको प्रभावकारिताको अभिवृद्धि गर्नुपर्दछ ।

१५. **लेखाङ्कन तथा प्रतिवेदन -** सार्वजनिकनिकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ ।

१६. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

१७. **वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूचीहरु

अनुसूची- १

(प्रतिवेदनको परिच्छेद १ संग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

२०७५।७६

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
	सरकारी कार्यालय तर्फ			
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	०	०
२.	भुमिव्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालय	२७	२१	१७३८४
३.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
४.	प्रदेश व्यवस्थापिका सचिवालय	१	०	५
५.	आर्थिक मामिला तथा योजना मन्त्रालय	२	०	०
६.	सामाजिक विकास मन्त्रालय	३१	२०	३३७३१६
७.	उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय	३२	२२	५०८७५
८.	भौतिक पुर्वाधार विकास मन्त्रालय	४३	३५	४४३१४८
९.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	५६४१
जम्मा		**१३९**	**९९**	**८५४३६९**

अनुसूची-१(क)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

२०७५।७६

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण	संख्या
१	**प्रदेश सभा सचिवालय**	**१**
१.१	प्रदेश सभा सचिवालय	१
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१**
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१
३	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**२**
३.१	मन्त्रालय	१
३.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
४.१	मन्त्रालय	
५	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**३२**
५.१	मन्त्रालय	१
५.२	प्रदेश वन निर्देशनालय	१
५.३	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१
५.४	उद्योग बाणिज्य तथा उपभोक्ता हित निर्देशनालय	१
५.५	घरेलु तथा साना उद्योग विकास समिति	१२
५.६	डिभिजन वन कार्यालय	१४
५.७	भु-तथा जलाधार व्यवस्थापन कार्यालय	२
६	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२७**
६.१	मन्त्रालय	१
६.२	पशुपंक्षी तथा मस्त्य विकास निर्देशनालय	१
६.३	कृषि विकास निदेशनालय, रुपन्दही	१
६.४	सहकारी प्रशिक्षालय, बाँके	१
६.५	राष्ट्रिय पशु प्रजनन् कार्यालय, बाँके	१
६.६	कृषि ज्ञान केन्द्र	८
६.७	विउ विजन प्रयोगशाला, रुपन्देही	२
६.८	भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र रुपन्देही	६
६.९	मत्स्य विकास केन्द्र, बाँके	१
६.१०	कुखुरा विकास फर्म, बाँके	१
६.११	कृषि व्यावसाय प्रवद्धन सहयोग तथा तालिम केन्द्र, बाँके	१
६.१२	माटो तथा मल परीक्षण प्रयोगशाला, बाँके	१
६.१३	पशु सेवा तालिम केन्द्र, बाँके	१
६.१४	बाली संरक्षण प्रयोगशाला, बाँके	१
७	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**४३**
७.१	मन्त्रालय	१
७.२	पूर्वाधार विकास कार्यालय	६
७.३	यातायात पूर्वाधार निर्देशनालय	१
७.४	प्रगन्ना सिँचाई व्यवस्थापन कार्यालय	१

७.५	शहरी विकास तथा भवन कार्यालय	४
७.६	जलश्रोत तथा सिचाई विकास डिभिजन	११
७.७	यातायात व्यवस्था कार्यालय सवारी	६
७.८	यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतीपत्र कार्यालय	१
७.९	भुमिगत जलश्रोत कार्यालय	३
७.१०	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	७
७.११	वाणगंगा सिचाई व्यवस्थापन कार्यालय	१
८	**सामाजिक विकास मन्त्रालय**	**४५**
८.१	मन्त्रालय	१
८.२	प्रदेश स्वास्थ्य निर्देशनालय	१
८.३	शिक्षा विकास निर्देशनालय	१
८.४	शिक्षा तालिम केन्द्र	१
८.५	स्वास्थ्य तालिम केन्द्र	१
८.६	प्रदेश स्वास्थ्य आपुर्ति केन्द	१
८.७	आयुर्वेद चिकित्सालय	२
८.८	आयुर्वेद स्वास्थ्य केन्द्र	८
८.९	स्वास्थ्य कार्यालय	१३
८.१०	वालकल्याण गृह	१
८.११	व्यवसायिक सीप विकास तथा तालिम केन्द्र	२
८.१२	अस्पताल	१३
९	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	
९.१	मुख्य न्यायाधिवक्ताको कार्यालय	१
कुल जम्मा		**१५३**

अनुसूची – २
(प्रतिवेदनको परिच्छेद १ को दफा १ संग सम्बन्धित)

प्रदेश सरकारी कार्यालयको लेखापरीक्षण रकम
२०७५।७६

(रु हजारमा)

क्र. सं.	मन्त्रालय / निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश व्यवस्थापिका सचिवालय	१	२५५६०५	१	२५५६०५	१	११४	१	११४	१	१३८१	१	१३८१	०	०	०	०	२५७१००
२	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	१	३१०८०६	१	३१०८०६	१	१९३	१	१९३	१	९००	१	९००	०	०	०	०	३११८९९
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	२	१९५३६८६	२	१९५३६८६	२	७३९७८१२	२	७३९७८१२	०	०	०	०	०	०	०	०	९३५१४९८
४	आन्तरीक मामिला तथा कानुन मन्त्रालय	१	२४९३४१	१	२४९३४१	१	२४६	१	२४६	१	१३५०	१	१३५०	१	०	१	०	२५०९३७
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	३२	१७२३५३६	३२	१७२३५३६	२९	४१२७०३	२९	४१२७०३	२८	३०४६९३	२८	३०४६९३	१५	२६४९४९	१५	२६४९४९	२७०५८८१
६	भुमिव्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालय	२७	२०३९९७२	२७	२०३९९७२	१५	११५९४	१५	११५९४	२०	१२४३३	२०	१२४३३	६	२३०	६	२३०	२०६४२२९
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	४३	७८३९२७९	४३	७८३९२७९	४२	२३६११९८	४२	२३६११९८	४०	१००६१८९	४०	१००६१८९	९	२३०६४	९	२३०६४	११२२९७३०
८	सामाजिक विकास मन्त्रालय	३१	२६४६२१०	३१	२६४६२१०	१९	२९३२	१९	२९३२	२९	२४८७८	२९	२४८७८	१३	१७५७८	१३	१७५७८	२६९१५९८
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१५६८८	१	१५६८८	१	३	१	३	१	०	१	०	१	०	१	०	१५६९१
जम्मा		**१३९**	१७०३४१२३	**१३९**	१७०३४१२३	**११०**	**१०१८६७९५**	**११०**	**१०१८६७९५**	**१२१**	**१३५१८२४**	**१२१**	**१३५१८२४**	**४५**	**३०५८२१**	**४५**	**३०५८२१**	**२८८७८५६३**

अनुसूची –३
(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण
२०७५/७६

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	वक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१.	अस्पताल विकास समितिहरु	१३	१३	१३	१३	१३७२९४५	-
२.	आयुर्वेद चिकित्सालय	१	१	१	१	३२२४५	-
	जम्मा	**१४**	**१४**	**१४**	**१४**	**१४०५१९०**	**-**

अनुसूची –४

(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था र समितिको लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

२०७५/७६

(रु. हजारमा)

क्र.सं.	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	बर्षान्तिको मौज्दात
						आय				व्यय						
					वर्षको शुरु मौज्दात	बिक्रीरसेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१.	अर्घाखाँची अस्पताल,	२०७६/७७	२६५१०	०	४३४४	१२६४६	८५९१	९२८	२६५०९	५७४५	२८५२	०	११६८२	२०२७९	६२३०	१०५७४
२.	पृथ्वीचन्द्र अस्पताल, नवलपरासी	२०७६/७७	६५०८०	३४०४	५०९४	२४५६९	२८१७१	७२४५	६५०७९	१५५७९	८९७४	३६१८	३३४५८	६१६२९	३४५०	८५४४
३.	लुम्बिनी प्रादेशिक अस्पताल	२०७६/७७	७४४७०७	७१२८८	१०५२१७	२८२८३६	३५१७७४	१४००८७	८७९९१४	१२४०७७	१५३७८७	७२६९४	२७९४५५	६३००१३	२४९९०१	३५५११८
४.	चिसापानी अस्पताल, बर्दघाट	२०७६/७७	३७३७१	११	२८४०	१६३२०	२५००	१५७१०	३७३७०	१९२७३	३५११	१०७६४	३०६२	३६६१०	७६०	३६००
५.	भिम अस्पताल, रुपन्देही	२०७६/७७	९००४०	८४८	७५५६	५६५५१	२२५४५	३३८७	९००३९	१५८१९	३०८३	३६४३	५२९४७	७५४९२	१४५४७	२२१०३
६.	गुल्मी अस्पताल, गुल्मी	२०७६/७७	४१४४३	२३४	३४४९	२२१४३	१५४८२	३६८	४१४४२	२६३१	१००४९	२८०१	२२०२९	३७५१०	३९३२	७३८१
७.	कपिलवस्तु अस्पताल	२०७६/७७	३६६१६	५२१	११९८	२२०५६	०	१८	२३२७२	०	१६५४५	२९७९	०	१९५२४	३७४८	४९४६
८.	प्युठान जिल्ला अस्पताल	२०७६/७७	३६६८२	११२०३	४६४३	२५८५१	०	५६	३०५५०	०	२२२९६	७३४४	०	२९६४०	९१०	५५५३
९.	राप्ती प्रादेशिक अस्पताल, दाङ	२०७६/७७	१६३३९७	४७२०	६२६०	०	०	४१९७४	४८२३४	०	०	०	४०९९१	४०९९१	७२४३	१३५०३
१०.	पाल्पा अस्पताल, पाल्पा	२०७६/७७	१६२९२	०	५२१०	०	०	७१२१	१२३३१	०	०	०	४८२०	४८२०	७५११	१२७२१
११.	रामपुर अस्पताल, पाल्पा	२०७६/७७	२८५८७	०	१८७५	०	०	१८९७४	२०८४९	०	०	०	१५३५७	१५३५७	५४९२	७३६७
१२.	प्रादेशिक आयुर्वेद चिकित्सालय दाङ	२०७६/७७	३२२४५	१	३८६	०	०	२५५५	२९४१	०	०	०	२९१९	२९१९	२२	४०८
१३.	बर्दिया अस्पताल, गुलरिया	२०७६/७७	५४०१९	११७	१०५८	०	०	३३८६१	३४९१९	०	०	०	३०५५८	३०५५८	४३६१	५४१९
१४.	रोल्पा अस्पताल, रोल्पा	२०७६/७७	३२२०१	११८	४०९७	०	०	१०६७१	१४७६८	०	०	०	७८४७	७८४७	६९२१	११०१८
	जम्मा		**१४०५१९०**	**९२४६५**	**१५३२२७**	**४६२९७२**	**४२९०६३**	**२८२९५५**	**१३२८२१७**	**१८३१२४**	**२२१०९७**	**१०३८४३**	**५०५१२५**	**१०१३१८९**	**३१५०२८**	**४६८२५५**

अनुसूची –५

(प्रतिवेदनको परिच्छेद २ दफा २.५ सँग सम्बन्धित)

पेश्की बाँकीको विवरण
२०७५/७६

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की						जम्मा
		गत वर्ष सम्म	यो वर्ष	गत वर्ष सम्म			यो वर्ष			
				मोविलाईजेशन	प्रतितपत्र	अन्य	मोविलाईजेशन	प्रतितपत्र	अन्य	
१.	**सरकारी कार्यालय तर्फ**	**०**	**१८७४**	**०**	**०**	**४५२**	**२८१५९९**	**०**	**०**	**२८३९२५**
१.१	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	०	०	०	०	०	१७९२१	०	०	१७९२१
१.२	भौतिक पूर्वाधार विकास मन्त्रालय	०	१८७४	०	०	०	२१८०२८	०	०	२१९९०२
१.३	सामाजिक विकास मन्त्रालय	०	०	०	०	०	४५६५०	०	०	४५६५०
२.	**समिति तथा अन्य संस्था तर्फ**	०	१०४५	०	०	०	३७८३४	०	०	३८८७९
	कुल जम्मा	**०**	**२९१९**	**०**	**०**	**४५२**	**३१९४३३**	**०**	**०**	**६०६२७७**

अनुसूचि-६
(प्रतिवेदनको परिच्छेद २ दफा २.६ सँग सम्बन्धित)

कूल असुली विवरण
२०७५।७६

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा		प्रारम्भिक प्तिवेदन पठाएपछि		सम्परिक्षणको क्रममा		कूल जम्मा
		कार्यालय संख्या	असुली रकम	कार्यालय संख्या	असुली रकम	कार्यालय संख्या	असुली रकम	
१.	**सरकारी कार्यालय तर्फ**	**१०**	**१०१२**	**३**	**२०६**	**०**	**०**	**१२१८**
१.१	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	६	१२२	२	१०१	०	०	२२३
१.२	भौतिक पूर्वाधार विकास मन्त्रालय	२	५२५	०	०	०	०	५२५
१.३	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२	३६५	१	१०५	०	०	४७०
२.	**समिति तथा अन्य संस्था तर्फ**	**३**	**१८८**	**१**	**३६**	**०**	**०**	**२२४**
२.१	राप्ती प्रादेशिक अस्पताल, दाङ	१	११	०	०	०	०	११
२.२	रोल्पा अस्पताल, रोल्पा	१	५०	०	०	०	०	५०
२.३	लुम्बीनी प्रादेशिक अस्पताल	१	१२७	०	०	०	०	१२७
२.४	जिल्ला अस्पताल कपिलवस्तु	०	०	१	३६	०	०	३६
कुल जम्मा		**१३**	**१२००**	**४**	**२४२**	**०**	**०**	**१४४२**

अनुसूचि- ७
(प्रतिवेदनको परिच्छेद २ दफा २.७सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति
२०७५।७६

(रु. हजारमा)

सि.नं.	मन्त्रालय/निकाय	असुल गर्नुपर्ने		असुल भएको		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१.	सरकारी कार्यालय तर्फ	**६**	**१२०**	**०**	**०**	**१२०**
१.१	सामाजिक विकास मन्त्रालय	१	१२	०	०	१२
१.२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२	३२	०	०	३२
१.३	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१	१४	०	०	१४
१.४	भौतिक पुर्वाधार विकास मन्त्रालय	२	६२	०	०	६२
१.५	समिति तर्फ	०	०	०	०	०
जम्मा		६	१२०	०	०	१२०

अनुसूचि-८
(प्रतिवेदनको परिच्छेद १ दफा ६.२ सँग सम्बन्धित)

राजश्वको शिषर्कगत आम्दानी विवरण
२०७५।७६

(रु. हजारमा)

राजश्व संकेत	राजश्व शिर्षक	रकम
११४११	बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	५४१७२५३
११४२१	बाँडफाँडबाट प्राप्त हुने अन्त शुल्क कर	१६०१२६३
११४५१	सवारी साधन कर	९९८१३३
११४७२	विज्ञापन कर	६२
११६१३	व्यवसाय, रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर	१४००३८
११६२१	चालक अनुमति पत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर	५१८६१६
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त हुने आय	१५९६
१४१७७	घरजग्गा रजिष्ट्रेशन दस्तुर	८१६५८२
१४१७९	अन्य बाडँफाँडबाट प्राप्त हुने राजश्व (ढुंगा, गिटी बालुवा)	१६५८३५
१४२११	कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम	११७३३
१४२१२	सरकारी समपत्तीको विक्रिबाट प्राप्त रकम	७९८
१४२१३	अन्य विक्रिबाट प्राप्त रकम	२५४
१४२१७	नहर तथा कुलो उपयोग बापतको शुल्क	१२२
१४२१९	अन्यसेवा शुल्क तथा विक्रि	१०५६७
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	११८
१४२२४	परीक्षा शुल्क	२४८४
१४२२५	यातायात क्षेत्रको आम्दानी	१३८३६४
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४५७०४
१४२४९	अन्य दस्तुर	१५८
१४३१२	प्रशासनिक दण्ड, जरीवाना र जफत	१४१६४
१४५२९	अन्य राजश्व	९४
१४१७१	वन रोयल्टी	६५६२९
१४१७२	खानी तथा खनिज रोयल्टी	८९९९१
१४१७३	जलविद्युत रोयल्टी	९५३६३
१५१११	बेरुजु	५१८७४
	जम्मा	१०१८६७९५

अनुसूची-९
(प्रतिवेदनको परिच्छेद २ को दफा २ संग सम्बन्धित)

सरकारी कार्यालयहरुको बेरुजू बर्गिकरण
२०७५।७६

(रु. हजारमा)

क्र. सं.	मन्त्रालयर निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू							
		दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की	
		सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की
१	प्रदेश व्यवस्थापिका संसद सचिवालय	९	१	५	०	०	०	९	१	५	५	०	०	०	०	०	०	०
३	मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, रुपन्देही	२०	०	०	०	०	०	२०	०	०	०	०	०	०	०	०	०	०
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	२८	०	०	०	०	०	२८	०	०	०	०	०	०	०	०	०	०
५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३१	७	५६४१	०	०	०	३१	७	५६४१	४३६	२०६९	३१३६	०	०	५२०५	०	०
६	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	३५५	१२०	५१०५१	०	९	१७६	३५५	१११	५०८७५	५६३२	१११३५	१६१८७	०	०	२७३२२	०	१७९२१
७	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	१०९	२४	१८९३६	०	१४	१५५२	१०९	१०	१७३८४	१९५५	८३१८	७१११	०	०	१५४२९	०	०
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	५२०	१५८	४४३६४०	२	३	४९२	५१८	१५५	४४३९४८	१६६२५	४५३५५	१६१२६६	०	०	२०६६२९	१८७४	२१८०२८
९	सामाजिक विकास मन्त्रालय	१५७	६६	३३८७३१	६	५	१४१५	१५१	६१	३३७३१६	१८३१	१६१२	२८८२२३	०	०	२८९८३५	०	४५६५०
	जम्मा	**१२२९**	**३७६**	**८५८००४**	**८**	**३१**	**३६३५**	**१२२१**	**३४५**	**८५४३६९**	**२६४८४**	**६८४८९**	**४७५९२३**	**०**	**०**	**५४४४१२**	**१८७४**	**२८१५९९**

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ दफा २ सँग सम्बन्धित)

आय-ब्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजू बर्गिकरण

२०७५।७६

(रु.हजारमा)

क्र.सं.	मन्त्रालयर निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्न	नियमित गनुंपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कँचारी पेश्की	अन्य पेश्की	जम्मा पेश्की
१.	अर्घाखाँची अस्पताल,	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
२.	पृथ्वीचन्द्र अस्पताल, नवलपरासी	१२	१३	३४०४	०	०	०	१२	१३	३४०४	२९५	३०११	९८	०	०	३१०९	०	०	०
३.	लुम्बिनी प्रादेशिक अस्पताल	२६	२७	७१२८८	०	०	०	२६	२७	७१२८८	८१२९	२१८४६	२४३४	०	०	२४२८०	१०४५	३७८३४	३८८७९
४.	चिसापानी अस्पताल, वर्दघाट	०	१	११	०	०	०	०	१	११	०	०	११	०	०	११	०	०	०
५.	भिम अस्पताल, रुपन्देही	६	७	८४८	०	०	०	६	७	८४८	१९४	६१४	४०	०	०	६५४	०	०	०
६.	गुल्मी अस्पताल, गुल्मी	३	१	२३४	०	०	०	३	१	२३४	०	०	२३४	०	०	२३४	०	०	०
७.	कपिलवस्तु अस्पताल	२	२	५५७	०	१	३६	२	१	५२१	५२१	०	०	०	०	०	०	०	०
८.	प्युठान जिल्ला अस्पताल	४	६	१३६५६	०	३	२४५३	४	३	११२०३	०	७७४९	३४५४	०	०	११२०३	०	०	०
९.	राप्ती प्रादेशिक अस्पताल, दाङ	२४	९	४७२०	०	०	०	२४	९	४७२०	४२३	३२१३	१०८४	०	०	४२९७	०	०	०
१०.	पाल्पा अस्पताल, पाल्पा	१२	०	०	०	०	०	१२	०	०	०	०	०	०	०	०	०	०	०
११.	रामपुर अस्पताल, पाल्पा	१४	०	०	०	०	०	१४	०	०	०	०	०	०	०	०	०	०	०
१२.	प्रादेशिक आयुर्वेद चिकित्सालय दाङ	७	१	१	०	०	०	७	१	१	१	०	०	०	०	०	०	०	०
१३.	वर्दिया अस्पताल, गुलरिया	१५	७	२१७	०	४	१००	१५	३	११७	१६	१०१	०	०	०	१०१	०	०	०
१४.	रोल्पा अस्पताल, रोल्पा	६	४	११८	०	०	०	६	४	११८	१५	०	१०३	०	०	१०३	०	०	०
	जम्मा	**१३१**	**७८**	**९५०५४**	**०**	**८**	**२५८९**	**१३१**	**७०**	**९२४६५**	**९५९४**	**३६५३४**	**७४५८**	**०**	**०**	**४३९९२**	**१०४५**	**३७८३४**	**३८८७९**

अनुसूचि-११
(प्रतिवेदनको परिच्छेद २ दफा २.९ सँग सम्बन्धित)

सरकारी कार्यालय तर्फ (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण २०७५।७६

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण भएको	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू	दोस्रो प्रतिवेदन सम्मको बाँकी बेरुजू मध्ये पेश्की
१	सरकारी कार्यालय तर्फ	५०८	०	०	८५४३६९	८५४८७७	२८३९२५
२	समिति तथा अन्य संस्था तर्फ	०	०	०	९२४६५	९२४६५	३८८७९
	जम्मा	**५०८**	**०**	**०**	**९४६८३४**	**९४७३४२**	**३२२८०४**

अनुसुची-१२
(प्रतिवेदनको परिच्छेद २ को दफा २.१ संग सम्वन्धित)

लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजु स्थिती

(रु. हजारमा)

क्र.स	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामावली	अवधि	आ.व. २०७५।७६ को कुल बेरुजु	लेखापरीक्षण अंकको तुलनामा बेरुजु प्रतिशत
१.	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	बसन्त अधिकारी	२०७५/४/१-२०७६/३/३१	०	०
२.	भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	श्री यामनारायण देवकोटा श्री वैकुण्ठ अधिकारी	२०७५/४/१-२०७६/१/१६ २०७६/१/१७-२०७६/३/३१	१७३८४	१.८४
३.	मुख्य न्यायाधिवक्ताको कार्यालय	श्री भिम प्रसाद भुर्तेल श्री ऋषिकेशव वस्याल	२०७५/४/१-२०७५/११/७ २०७५/११/८-२०७६/३/३१	०	०
४.	प्रदेश व्यवस्थापिका सचिवालय	श्री दुर्लभ कुमार पुन मगर	२०७५/४/१-२०७६/३/३१	५	०
५.	आर्थिक मामिला तथा योजना मन्त्रालय	श्री थानेश्वर गौतम श्री किशोर जोशी	२०७५/४/१-२०७५/१२/५ २०७५/१२/१८-२०७६/३/३१	०	०
६.	सामाजिक विकास मन्त्रालय	पुष्कर्राज पन्त कृष्ण प्रसाद ज्ञवाली	२०७५/४/१- २०७५/७/१४ २०७५/७/१९- २०७६/३/३१	४२९७८१	४५.३९
७.	उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय	श्री धनञ्जय पौडेल	२०७५/४/१-२०७६/३/३१	५०८७५	५.३७
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	पुष्कर्राज पन्त कृष्ण प्रसाद ज्ञवाली	२०७५/४/१- २०७५/७/१४ २०७५/७/१९- २०७६/३/३१	४४३१४८	४६.८०
९.	आन्तरीक मामिला तथा कानुन मन्त्रालय	श्री डा.मान वहादुर वीके श्री केशव राज आचार्य	२०७५/४/१-२०७५/७/१३ २०७५/८/१-२०७६/३/३१	५६४१	०.६०
जम्मा:				**९४६८३४**	**१००**

अनुसूची-१२

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०७५/७६

प्राप्ति तर्फः

क्र.सं.	विवरण			टिप्पणी नं.	रकम रु.		जम्मा रकम रु.
१	राजस्व तथा अनुदानः						२७,४३९,९१५,४८७.७०
	१.१	राजस्व				१०,१८६,७१५,४८७.७०	
		१.१.१	कर		८,६७५,३६४,८८१.६६		
		१.१.२	अन्य राजस्व		१,४५९,५५६,९८७.६५		
		१.१.३	बेरुजु		५१८७३६१८.३९		
	१.२	अनुदान				१७,२५३,२००,०००.००	
		१.२.१	समानीकरण अनुदान		६,८६९,७००,०००.००		
		१.२.२	शर्सत अनुदान		१,६९३,५००,०००.००		
		१.२.३	सम्पुरक अनुदान		६९०,०००,०००.००		
२	वित्तीय व्यवस्था						-
	२.१	ऋण लगानी फिर्ता					
		२.१.१	आन्तरिक ऋण लगानी फिर्ता				
		२.१.२	बैदेशिक ऋण लगानी फिर्ता				
	२.२	शेयर बिक्री				-	
		२.२.१	आन्तरिक शेयर बिक्री		-		
		२.२.२	बैदेशिक शेयर बिक्री		-		
	२.३	बैदेशिक ऋण प्राप्ति					
		२.३.१	नगद ऋण				
		२.३.२	सोधभर्ना हुने ऋण				
			(अ) चालु आ.ब.को				
			(आ) गत विगत आ.ब.को				
		२.३.३	सोझै भुक्तानी ऋण				
	२.४	आन्तरिक ऋण					
		यस वर्षको जम्मा प्राप्ती					२७,४३९,९१५,४८७.७०

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं.५ बुटवल

प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०७५/७६

भुक्तानी तर्फ:

क्र.सं.	विवरण			टिप्पणी नं.	रकम रु.			
क	खर्च प्रकृतिका आधारमा							१७,०३४,१२५,४७३.२२
१	१.१ सञ्चित कोष माथि व्यवभार हुने खर्च						३,५११,२३७.००	
	१.१.१ चालु खर्च					३,५११,२३७.००		
		१.१.१.१	पारिश्रमिक सुविधा		३,५११,२३७.००			
	१.१.२ पुँजीगत खर्च							
	१.२ विनियोजन ऐनद्वारा भएको खर्च						१७,०३०,६१४,३३६.२२	
	१.२.१ चालु खर्च					६,८५७,७८५,७८३.८३		
		२१०००	पारिश्रमिक सुविधा		१२९,३२८,२९६.८३			
		२२०००	मालसामान तथा सेवाको उपयोग		२६३,८८४,९९९.००			
		२५०००	सहायता (Subsidy)		३१६,४८४,७०.००			
		२६०००	स्थानीय तह अनुदान		१,८७९,३३७,१८०.३४			
		२६०००	अन्य अनुदान_		४७८,१६१,७३.६६			
		२७०००	समाजिक सुरक्षा		२३३,७७४,९९.००			
		२८०००	अन्य		१८,१७४,४३.००			
	१.२.२ पुँजीगत खर्च					१०,१७२,८२८,४४२.३१		
ख	प्राप्ति भुक्तानी विधिका आधारमा						१७,०३४,१२५,४७३.२२	
	१.१ प्रदेश सरकार आन्तरीक स्रोत					४४७,९३२,०६,३४		
	१.२ नेपाल सरकार अनुदान स्रोत					११,४४७,१९२,९६६.८८		
		१.२.१	समानीकरण		४,७९२,१७०,३६१.२९			
		१.२.२	शर्सर्त		६६१,३२४,६६०,४९९			
		१.२.३	समपुरक		५१७,६०००।००			
३	प्रदेश लेखा इकाइ कार्यालयबाट खर्च जनाइएको तर बैंकबाट भुक्तानी नभएका चेकहरु							७४३४५८२.२५
४	यस वर्षको जम्मा भुक्तानी							१७०२६६९०९९०.९७
५	संघीय सरकारबाट प्राप्त अनुदान मध्ये खर्च नभइ फिर्ता गर्नुपर्ने रकम रु.							३७१८४७७३९४.४१
	क शर्सर्त अनुदान					३०८०२४३३९४.४१		
	ख समपुरक अनुदान					६३८२३४०००.		
६	चालु आर्थिक वर्षको बचत							६६९४८२७७०२.३२
	आर्थिक वर्षको शुरुको मौज्दात							८२९,८४९,७३८.२३
	आर्थिक वर्षको अन्त्यको मौज्दात (गत आ.व.को मौज्दात समेत जोड गरी)							७५२४६६८४०.५५

लेखा नियन्त्रक

प्रदेश लेखा नियन्त्रक

आर्थिक विवरण तयारीका टिप्पणी तथा मान्यताहरु

क. खर्च तर्फ:-

१ खर्च रकमहरु प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २१(१) बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली का सिद्धान्त अनुरुप तयार गरिएका छन् ।

२ खर्चका रकमहरु वजेट शीर्षकको क्रम अनुसार तयार गरिएका छन् ।

३ खर्चका रकमहरुमा पेश्की गएको रकम पनि समावेश छ ।

४ खर्चका रकममा आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ४०(८) र (९) बमोजिम गत बर्षमा दायित्व सृजना भई चालु आर्थिक बर्षमा भुक्तानी भएका रकम पनि समावेश छन् ।

५ आय व्ययको विवरणमा देखाइएको रकम बैंकबाट प्राप्त सरकारी कारोवार फाराम(बैंक स्टेटमेन्ट)सँग भिडान गरीएको रकम हो।

६ स्थानीय तह तथा अन्य सरकारी एवं गैर सरकारी निकायहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरिएको छ ।

७ खर्चका रकमहरु प्रदेश लेखा इकाइ कार्यालयहरुबाट प्राप्त प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खाता (P-TSA) बाट प्राप्त तथ्याकंका आधारमा तयार गरीएको छ । यो प्रतिवेदन तयार गर्ने अवधि सम्म सम्बन्धित मन्त्रालयबाट पेश भए सम्मका केन्द्रिय आर्थिक विवरणहरु सँग निकासा तथा खर्चको रकम भिडान गरीएको छ ।

८ सरकारी कारोबार गर्ने बैंकका जिल्ला स्थित शाखाबाट सकंलन गरी प्रदेश लेखा इकाइ कार्यालयहरुले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको बैंक विवरण सँग भुक्तानी भएको रकम भिडान गरीएको छ ।

९ संघीय सञ्चित कोष बाट खर्च हुने गरी प्रदेश सरकार अन्तर्गतका कार्यालयबाट भएको खर्च यस आर्थिक विवरणमा समावेश गरीएको छैन ।

ख. आय तर्फ

१. प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २१(१) बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार प्रदेश एकल कोष खाता प्रणाली, राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS), प्रदेश लेखा इकाइ कार्यालयले पेश गरेको विवरण, नेपाल राष्ट्र बैंक र सरकारी कारोबार गर्ने बैंकबाट प्राप्त तथ्यांकको आधारमा आयको विवरण तयार गरिएको छ ।

२. आन्तरीक राजस्व तर्फ लेखांकन गर्दा RMIS मा जम्मा देखिएको रकमलाई आधार मानी सञ्चितकोषमा आम्दानी जनाइएको छ ।राजस्व शिर्षक ३३१५८ सवारी साधन कर मा संकलन भएको राजस्व मध्ये केही रकम आर्थिक वर्ष ०७६/७७ सुरु भएपछी मात्र बाँडफाँड स्वीकृत गरी प्रदेश सञ्चित कोषमा ट्रान्सफर गरीएको भएता पनि RMIS मा देखिएको सबै रकमको ६० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा आम्दानी देखाइएको छ । साथै आर्थिक वर्ष ०७५/७६ मा संकलन भएको वन रोयल्टी, खानी तथा खनिज रोयल्टी, जलविद्युत रोयल्टी को रकम महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष ०७६/७७ मा बाँडफाँड गरी पठाएको भएता पनि आर्थिक वर्ष ०७५/७६ को सञ्चित कोषमानै आम्दानी देखाइएको छ ।त्यस्तै आर्थिक वर्ष ०७५/७६ को संकलन भएको मु.अ.कर र अन्तशुल्क को रकम मध्ये केहि रकम आर्थिक वर्ष ०७६/७७ मा बाँडफाँड गरी पठाएको भएता पनि आर्थिक वर्ष ०७५/७६ को सञ्चित कोषमानै आम्दानी देखाइएको छ । उक्त रकम आर्थिक वर्ष ०७५/७६ को RMIS मा जम्मा देखिएको छैन । सिधै प्रदेश सञ्चित कोषमा रकम जम्मा भएको छ ।

३. कर राजस्व तर्फ एकीकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजस्व व्यवस्थापन सुचना प्रणालीमा ११००० शिर्षक अन्तर्गतका उपशिर्षकमा जम्मा देखिएको रकमलाइ एकिकृत गरि तयार गरिएको छ ।

४. गैर कर राजस्व तर्फ एकीकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजस्व व्यवस्थापन सुचना प्रणालीमा १४००० शिर्षक अन्तर्गतका उपशिर्षकमा जम्मा देखिएको रकमलाइ एकिकृत गरी तयार गरिएको छ ।

५. अनुदानमा नेपाल सरकारले कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देही मार्फत प्रदेश सञ्चित कोषमा वित्त हस्तान्तरण गरेको समानीकरण, समपुरक र ससर्त अनुदानलाइ आम्दानी देखाइएको छ ।

६. स्थानीय तहबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकमको हकमा आर्थिक वर्ष ०७५/७६ को असार मसान्त सम्म RMIS मा आम्दानी देखिएको रकम लाइ नै सञ्चित कोषमा आम्दानि देखाइएको छ ।

७. स्थानिय तहमा वित्त हस्तान्तरण गरीएको रकम खर्च नभइ आर्थिक वर्ष ०७५/७६ मानै फिर्ता भएको हकमा खर्चमा घटाइएको छ भने आर्थिक वर्ष ०७६/७७ मा फिर्ता भएको रकम खर्चमा घटाइएको छैन । यो प्रतिवेदन तयार गर्ने अवधि सम्म पनि यस्तो रकम आउने क्रम जारी नै रहेकोले यसरी फिर्ता भएको रकम आर्थिक वर्ष ०७६/७७ को सञ्चित कोषमा आम्दानी देखाइने छ ।

८. यस कार्यालयबाट प्रारम्भिक आर्थिक विवरण तयार गरिसकेपछी महालेखा नियन्त्रक कार्यालयबाट रोयल्टी, केही मु.अ.कर तथा अन्तशुल्कको रकम प्रदेश सञ्चित कोषमा प्राप्त भएकोले प्रारम्भिक प्रतिवेदनमा देखाइएको आम्दानी तथा आर्थिक वर्षको अन्त्यको मौज्दात रकम परिवर्तन भएको छ ।

४

ग. विभाज्य कोष तर्फ

१. एकीकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजस्व व्यवस्थापन सुचना प्रणालीमा ३३१५८ सवारी साधन कर शिर्षकमा रु.१६६३५५४६५०.२५ जम्मा देखिएको छ । यस शिर्षकमा असुल भएको रकम मध्ये रु. १५०३९८४४४७.२५ को ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश नं. ५ का १०९ स्थानीय तहमा आर्थिक वर्ष ०७५/७६ मानै बाँडफाँड गरी पठाइएको छ ।बाँकी रकम रु. १५९५७०२०३.०० आर्थिक वर्ष ०७६/७७ मा बाँडफाँड स्वीकृत गरी ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा ट्रान्सफर गरिएको छ । आर्थिक वर्ष ०७६/७७ मा सञ्चित कोषमा ट्रान्सफर गरेको भएता पनि उक्त रकमलाइ समेत आर्थिक वर्ष ०७५/७६ को प्रदेश सञ्चित कोषको आर्थिक विवरणमा आम्दानी देखाइएको छ ।

४. प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुले संघीय विभाज्य कोष र संघीय सञ्चित कोषमा जम्मा हुने गरी असुल गरेको राजस्व यस आर्थिक विवरणमा समावेश गरीएको छैन ।



प्रदेश नं ५ का माननीय मुख्यमन्त्री श्री शंकर पोखेल र माननीय महालेखापरीक्षकज्यू।



प्रदेश नं ५ का माननीय सभामुख श्री पूर्णबहादुर घर्ती र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू।



प्रदेश नं ५ को बुटवलमा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम।